

कात्तिक २०८२

# गोरक्ष निखिल वाणी

आध्यात्मिक शक्ति अनुसन्धानमूलक मासिक



परमहंस स्वामी
श्री निखिलेश्वरानन्द महाराज



श्री श्री महायोगी
गुरु गोरखनाथ





www.gnv.org.np
Mobile App and Facebook page :
siddhashram shakti kendra



॥ ॐ नमो गुरु मछिन्द्र शब्द साँचा पिण्ड काचा मेरा भक्ति गुरुका शक्ति नवनाथै जगाऊँ चौरासीनाथै जगाऊँ फुरो मंत्र ईश्वरो गुरु गोरख वाचा ॥



शुभकामना आदान प्रदान कार्यक्रम (बसुन्धरा आश्रम), पूजनीय गुरुमाताको महाप्रयाण दिवसलगायतका तस्विरहरू



दिव्य गुरु महोत्सवका तस्विरहरू (बसुन्धरा आश्रम)




॥ॐ ह्रीं क्र्यां क्षं गुरु गोरखनाथाय नमः॥

॥ॐ परम तत्वाय निखिलेश्वराय गुरुभ्यो नमः॥

# गोरक्ष निखिल वाणी

आध्यात्मिक शक्ति अनुसन्धानमूलक मासिक

वर्ष २६ अङ्क ३, कात्तिक २०८२, पूर्णाङ्क ३१०



## यसभित्र


| | |
|---|---|
| आफ्नै कुरा | २ |
| देउसी-भैलो हुँदै भाइटिकासम्मको यात्रा | ४ |
| सत्य असत्य बोधको प्रतीक दीपावली | १० |
| लक्ष्मी पूजन | १४ |
| लक्ष्मी आरती | १५ |
| कात्तिकका चाडपर्वहरु | १६ |
| आदि शक्ति महालक्ष्मी | १७ |
| माता लक्ष्मीका नौ कलाहरू | १९ |
| श्रीसूक्त | २० |
| दीपावली : आत्म दीपकको प्रतीक | २२ |
| दुर्लभ महालक्ष्मी स्तोत्र | २६ |
| श्री लक्ष्मी अष्टोत्तर शत नाम स्तोत्र | २७ |
| धार्मिम विविधतामा दीपावलीको... | २८ |
| सुत्ने बिछ्यौनाको उचित व्यवस्थाले.. | ३४ |
| राशिफल | ३६ |
| गोरखवाणी | ३९ |
| श्री सावर संरचना शक्ति केन्द्रबाट... | ४० |
| छठ पूजा : आस्थाको सूर्य आराधना | ४१ |
| सिद्धाश्रम शक्ति केन्द्रका गतिविधि | ४४ |
| शुभकार्यको शुभारम्भ शुभमुहूर्तमा | ४५ |
| सिद्धाश्रम शक्ति केन्द्रका गतिविधि | ४७ |
| श्री लक्ष्मी स्तोत्रम् | २५ |


## जानकारी

*सिद्धाश्रम शक्ति केन्द्र नेपालको प्रचलित कानुनअनुसार विधिवत्‌रूपमा दर्ता भएको एक अनुसन्धानमूलक आध्यात्मिक संस्था हो र यसको केन्द्रीय कार्यालय हाल बसुन्धरा, काठमाडौँमा रहेको छ । परमपूज्य सद्‌गुरुदेवद्वय नेपालीहरूका गर्वका प्रतिमूर्ति महायोगी श्री शिव गोरक्ष एवं परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराजको अनुकम्पा, कृपा एवं आशीर्वादको फलस्वरूप यस केन्द्रको जन्म भएको हो । आफ्नो छुट्टै पहिचान, स्वतन्त्र अस्तित्व एवं आफ्नै किसिमको स्वाभिमान बोकेको यो संस्था देश विदेशमा रहेका अन्य कुनै संघ, संस्था वा आश्रमको शाखा, उपशाखा वा सम्पर्क कार्यालय नभएको व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गराइएको छ । यो केन्द्र महान् गुरुहरूको स्पष्ट सूक्ष्म मार्गनिर्देशनमा आध्यात्मिक युग पुनर्निर्माणको लक्ष्यमा गतिशील छ । यहाँ संचालन भइरहेका सम्पूर्ण कार्यक्रम तथा गतिविधिहरू यसै केन्द्रमार्फत् सोझै निर्देशित छन् । यहाँबाट उपलब्ध हुने सम्पूर्ण सामग्रीहरूको प्राणप्रतिष्ठा विशेषरूपमा यही आश्रमबाट गरिएको हुन्छ । त्यसैले एक स्वतन्त्र र आफैमा सक्षम यस संस्थालाई अन्य कुनै संघ, संस्था वा आश्रमसँग तुलना गर्न खोज्नु, त्यस्तै प्रकारका कुराहरू यहाँबाट लागू गराउन, प्राप्त गर्न खोज्नु यस संस्थाको अवहेलना गरे सरह हुनेछ, जे जति कार्यक्रमहरू यहाँ संचालन भइरहेका छन् र आगामी दिनहरूमा पनि संचालन हुँदै जानेछन्, ती सबै परमपूज्य सद्‌गुरुदेवहरूकै इच्छा एवं निर्देशनअनुसार सम्पन्न हुनेछन् । त्यसैले अनावश्यक तर्क-वितर्क, शङ्का-उपशङ्का गरी, भ्रम फैलाउँदै यस संस्थाको छविमाथि अनावश्यक टीका-टिप्पणी गर्नु सत्यता र वास्तविकतामाथि नै प्रश्नचिह्न लगाउनु हो । प्रत्येक व्यक्तिका लागि आवश्यक पर्ने सम्पूर्ण प्रकारका मार्गनिर्देशन प्रदान गरी भौतिक समस्याहरूको समाधान गर्दै आध्यात्मिक उच्चता प्रदान गर्न, पूर्णतामा लैजान यो केन्द्र सक्षम छ । विश्वास अविश्वासभन्दा माथि, साधारण व्यक्तिको सीमित सोचाइ, विचार र कल्पनाभन्दा परको यस अद्वितीय आश्रममा आबद्ध भई आफ्नो जीवनलाई उत्कर्षमा पुऱ्याउन सक्नु नै हाम्रो अहोभाग्य हुनेछ । यस्ता प्रकारका अनावश्यक भ्रमबाट सतर्क हुँदै पूर्णरूपमा स्पष्ट भएर मात्र अघि बढ्न हुन सम्पूर्ण महानुभावहरूमा सिद्धाश्रम शक्ति केन्द्र हार्दिक अनुरोध गर्दछ । साथै केन्द्रको आफ्नै प्रकारको नीति, नियम र अनुशासन भएकोले यसलाई पालना गर्न नसक्ने व्यक्तिहरूका लागि यस केन्द्रमा कुनै स्थान रहने छैन र यससम्बन्धी कुनै किसिमको सुनुवाइ पनि नहुने व्यहोरा अवगत गराइएको छ ।*

*सिद्धाश्रम शक्ति केन्द्रबाट प्रकाशित 'गोरक्ष निखिल वाणी' नेपालकै पहिलो आध्यात्मिक शक्ति अनुसन्धानमूलक मासिक पत्रिका हो । सद्‌गुरुदेवहरूको आशीर्वादस्वरूप यस पत्रिका २०५६ साल भाद्र महिनादेखि अनवरत रूपमा प्रकाशित भइरहेको छ । काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको यस पत्रिकाको दर्ता नं. ७०/०५६ हो । यो पत्रिका धर्मको नाममा हुने गरेको शोषण, आडम्बर एवं पाखण्डविरुद्ध आवाज उठाउँदै वास्तविक तथ्यलाई जनसमक्ष उजागर गरी आध्यात्मिक जागरणको वातावरण बनाउने कार्यमा सरिक हुँदै आएको छ । प्रकाशनको शुभारम्भदेखि नै अलग्गै पहिचान एवं अस्तित्व बनाउन सफल यस पत्रिकाले मंत्र, तंत्र, योग, आयुर्वेद, सम्मोहन, ध्यान, वेद, पुराण, उपनिषद् आदिजस्ता ऋषिमुनिहरूद्वारा प्रतिपादित तथ्यहरूको व्यवहारिक एवं वैज्ञानिक पक्षहरूलाई प्रस्तुत गर्दै आइरहेको छ । पत्रिका स्वदेश एवं विदेशमा समेत आफ्ना लाखौं पाठक एवं प्रशंसकहरू माझ लोकप्रिय हुँदै गइरहेको छ । मोबाइल एपको माध्यमबाट पढ्न पाइने व्यवस्थाले विश्वभर छरिएका लाखौं नेपालीहरूमाझ पनि प्रिय छ ।*

*पत्रिकामा प्रकाशित लेख, रचना, विज्ञापन, चित्रादिमा सम्पादक वा प्रकाशकको सहमति हुनु आवश्यक नरहेको पनि जानकारी गराइन्छ ।*


**पत्रिका व्यवस्थापन समितिद्वारा सम्पादित एवं**
***सिद्धाश्रम शक्ति केन्द्रद्वारा प्रकाशित***

मूल्य रु. ४०/- वार्षिक रु. ४००/-

**पत्रिकाको कार्यालय**

**बसुन्धरा, काठमाडौं, फोनः ०१-४९८९१५४,**

Web: ssknepal.org.np

Email: siddashramshaktikendra@gmail.com

Facebook Page, Youtube Channel, and Tiktok : Siddhashram Shakti Kendra

**प्रकाशकको ठेगाना**

सिद्धाश्रम शक्ति केन्द्र

बसुन्धरा, काठमाडौं

फोन: ०१-४९८९१५४

www.gnv.org.np

**मुद्रण**

किशोर अफसेट प्रेस

गल्कोपाखा, काठमाडौं

# आफ्नै कुरा

हालै नेपालीहरूले धेरै दुःख पीडा सहेर पनि विजया दशमीको पर्व मनाएका छन् । देशमा नसोचेको रूपबाट धेरै व्यक्तिहरूले ज्यान गुमाउनु पऱ्यो । देशका बहुमूल्य भवनहरू, सामग्रीहरू जलेको सारा नेपालीहरूले हेर्नुपऱ्यो । देश एउटा विडम्बना र दुःखको स्थितिबाट गुज्रिरहेको परिप्रेक्ष्यमा पनि सबै नेपालीहरूले विजया दशमीलाई विदा गरेका छन् ।

समयको बदलावसँगै नेपालीहरूको दोस्रो महान् पर्व दीपावलीको पावन अवसरमा सिद्धाश्रम शक्ति केन्द्र यहाँहरू सम्पूर्णमा परमपूज्य सद्गुरुदेवहरू, माता महालक्ष्मीको कृपा, आशीर्वाद प्राप्त गरेर सम्पूर्ण रूपमा उन्नति प्रगति हुँदै आध्यात्मिक भावभूमि तयार होस्, देश पनि शान्तिको दिशातर्फ उन्मुख हुन सक्ने, समृद्धिको दिशातर्फ उन्मुख हुन सक्ने वातावरणको निर्माण होस् भनेर हार्दिक प्रार्थना गर्दै यहाँहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं ।

विभिन्न परिस्थितिहरू हामीले चाहेर नचाहेर सिर्जना भइरहेका हुन्छन् र त्यही सिर्जनाभित्रबाट फेरि हामीले नसोचेका घटना परिघटनाहरू भइरहेका हुन्छन् । नेपाल पनि त्यस्तै भूमरीबाट गुज्रनु पऱ्यो । सोच्दै नसोचेका कलिला बालबालिकाहरूले ज्यान गुमाउनु पऱ्यो । देशले ठूलो क्षति व्यहोर्नु पऱ्यो । देशमा अस्थिरता चाहनेहरू देशको राष्ट्रियतालाई कमजोर बनाउने तत्त्वहरूले फेरि यही बेलामा देशका संरचनाहरू संवेनशील ठाउँहरूमा आक्रमण गरेर देशलाई नै कमजोर बनाउने खेल भयो ।

नेपाल जहिले पनि गुरु गोरखनाथ, गोरखकाली माताको कृपाले स्वाभिमानी देशको रूपमा रहँदै आएको छ । त्यसैले पनि आउँदा दिनहरूमा पनि प्रार्थना गरौं कि उहाँको कृपाले नेपालको स्वाभिमानको रक्षा होस्, विदेशीहरूको कुदृष्टि नेपालमा कहिल्यै पनि नपरोस् । नेपाल र नेपालीहरू विश्वमा गर्वका साथ गोरक्ष निखिल शक्तिले सम्पूर्णलाई सिंचित गर्दै अगाडि बढ्न सकून्, नेपालको नाम इतिहासमा राख्न सकियोस् । यही प्रार्थना तपाईं हामी सबैले गर्ने बेला आएको छ । दीपावली पर्व हाम्रो सामु खुसी र उमङ्गका अवसरहरू लिएर आए पनि देश, काल, परिस्थितिले गर्दा एउटा अन्यौलमा गुज्रिरहेको हालको परिस्थितिमा दीपावली पर्वलाई पनि हामीले त्यति उल्लासमय भएर मनाउनलाई गाह्रो अप्ठ्यारो स्थिति पनि सिर्जना भइरहेको पाउँदछौं । हुन तः नेपालका चाडपर्वहरूले हाम्रा कला, संस्कृति र मनुष्य मात्र होइन पशुपंछी, जनावरदेखि सबैको पूजा, सबैप्रतिको आत्मीयता, माया, प्रेम झल्काएको एउटा प्रत्यक्ष उदाहरणको रूपमा हामीले दीपावली पर्वलाई लिँदै आएका छौं । यस पर्वमा पंछीमा कागदेखि, जनावरमा कुकुर, गाईहरू, गोरुदेखि लिएर सबैको पूजा हामीले गर्दै आइरहेका छौं । यसैले पनि हामीले यसपालिको पत्रिकालाई *'दीपावली विशेष'*का रूपमा यहाँहरू समक्ष ल्याएका छौं । यसबाट अवश्य फाइदा लिनुहुन्छ भन्ने हामीले आशा विश्वास पनि लिएका छौं ।

अन्तमा, यस अंक प्रकाशन गर्ने क्रममा भए गरेका समस्त गल्ती, कमी-कमजोरीका लागि परमपूज्य सद्गुरुदेवहरू, महालक्ष्मी मातासँग र यहाँहरूसँग पनि क्षमा माग्दै आवश्यक सल्लाह, सुझावको अपेक्षा राख्दछौं । अस्तु ।





परमपूज्य सद्गुरुदेव परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराज | परमपूज्य सद्गुरुदेव श्री श्री महायोगी गुरु गोरखनाथ

मानवजीवनमा गुरुको सर्वथा उच्च स्थान मानिन्छ । गुरु प्राप्तिबिना मानवजीवन व्यर्थ छ । सम्पूर्ण शास्त्रको सम्यक् ज्ञान भए पनि, धन सम्पत्ति र रूप लावण्यले भरिपूर्ण भए पनि, समस्त प्रकारका सिद्धि, शक्ति र ऐश्वर्यले भरिपूर्ण भए पनि यदि गुरु प्राप्त भएको छैन भने मानिस अपूर्ण नै हुन्छ किनकि गुरुले नै संसार सागरबाट तारेर हामीलाई मोक्षको भागीदार बनाउनुहुन्छ, हामीलाई असीम आनन्दबाट तृप्त गरेर पूर्ण गरिदिनुहुन्छ । यसप्रकार पूर्णता, मुक्ति अनि अनगिन्ती सिद्धि र शक्ति प्रदान गर्नुहुने सद्गुरुदेवद्वयलाई सिद्धाश्रम शक्ति केन्द्रले धारण गरिरहेको छ । गुरुहरूको महिमा, गरिमा र परिचय कसले पो दिन सक्छ र ? तैपनि सामान्य जानकारीसम्मका लागि महान् गुरुहरूको संक्षिप्त परिचय प्रस्तुत छ–

*वन्दे नारायणं देवं सद्गुरुं निखिलेश्वरं ।*
*ज्ञानामृतरसेनैव पूतं येनाखिलं जगत् ॥*

यस विश्व ब्रह्माण्डलाई भौतिक एवं आध्यात्मिक रूपले सन्तुलित राख्न प्रकृतिद्वारा निर्मित अद्वितीय तपस्थली नै सिद्धाश्रम हो । मानवजीवनको अन्तिम ध्येय यस सिद्धाश्रमका प्राणाधार परमपूज्य सद्गुरुदेव परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराज हुनुहुन्छ । आफ्ना गुरु दादा गुरुदेव स्वामी सच्चिदानन्दज्यूको आदेश शिरोपर गरी 'धर्मसंस्थापनार्थाय...' को शंखघोष गर्दै उहाँ सन् १९३५ अप्रिल २१ तारिख भारतस्थित राजस्थान प्रान्तको जोधपुरमा अवतरित हुनुभयो । वेदाध्ययनबाट शिक्षा शुरु गर्नुभएका उहाँको विवाह बाह्र वर्षको उमेरमा भगवती देवीसँग भयो । आफ्नो जीवन परिवारको लागि मात्र नभएर सम्पूर्ण समाजको लागि हो भन्दै विवाहपश्चात् उहाँले थुप्रै वर्ष हिमालयका गुफा, विकट कन्दरा र जंगलहरूमा संन्यासजीवन बिताउनुभयो । त्यसबेला उहाँले विभिन्न स्वामी, संन्यासी, योगी, तान्त्रिक, मान्त्रिक, आयुर्वेदाचार्यहरूसँग भेटेर विभिन्न विधामा आफूलाई निष्णात् बनाउनुभएको थियो । संन्यासजीवनपश्चात् पुनः गृहस्थमा फर्केर आफूले प्राप्त गरेको आध्यात्मिक ज्ञानलाई समाजमा फैलाउने कार्य उहाँले गर्नुभयो । यसको लागि सयौँ पुस्तकहरूको रचना गर्दै असङ्ख्य शिविर सञ्चालन गरी साधना, प्रवचन र दीक्षाको माध्यमबाट शिष्य निर्माण प्रक्रियालाई जोड दिनुभयो । यसरी ज्योतिष, सामुद्रिक शास्त्रका सुविज्ञ ज्ञाता, तन्त्र-मन्त्रका अन्तिम नाम, आधुनिक धन्वन्तरि, सम्मोहन विज्ञानका मसीहा, कुण्डलिनी शक्तिका सहज व्याख्याकार, सूर्य विज्ञानका अपूर्व ज्ञानी, धुरन्धर रत्न चिकित्सक आदिका रूपमा उहाँ डा. नारायण दत्त श्रीमालीको नामबाट विश्वमा विख्यात् हुँदै महामहोपाध्याय, मन्त्र शिरोमणि, समाज शिरोमणि, जगद्गुरु आदिको संज्ञाले विभूषित हुनुभयो । गोरक्ष निखिल युग निर्माणको महायोजना आफ्ना शिष्यहरूको काँधमा सुम्पेर सन् १९९८ जुलाई ३ मा महाप्रयाण लिई उहाँ आफ्नो मूल स्थान सिद्धाश्रम फर्कनुभयो । हाल सद्गुरुदेवकै सूक्ष्म आदेश निर्देशनबमोजिम सिद्धाश्रम शक्ति केन्द्र यस महान् योजनामा कटिबद्ध छ ।

*अनन्त कोटि ब्रह्माण्ड गोरक्ष स चराचरम् ।*
*दर्शनम् मुक्ति लाभं च तस्मै श्री गोरक्ष नमः ॥*

श्री श्री महायोगी गुरु गोरखनाथ सम्पूर्ण गुरुहरूमा महागुरु, सम्पूर्ण योगीहरूमा महायोगी, सम्पूर्ण नाथहरूमा महानाथ हुनुहुन्छ । महायोगी श्री श्री गुरु गोरखनाथ भगवान् शिवका सबैभन्दा महत्त्वपूर्ण र प्रमुख अवतारको रूपमा पूजित हुनुहुन्छ । योगमार्गको प्रचारको लागि भगवान् शिवले नै गोरक्ष रूप धारण गर्नुभएको हो । यसैले उहाँलाई श्री शिव गोरक्षको रूपमा आदर-सम्मान गर्ने गरिन्छ । गो शब्दको अर्थभित्र समाहित गाई, पृथ्वी, इन्द्रिय आदि सम्पूर्णको रक्षा गर्ने गोरक्ष नै हुनुहुन्छ । श्रीमद्भागवत, नारदपुराण, स्कन्दपुराण, ब्रह्माण्डपुराण, शिवपुराण, शाक्तप्रमोद, गोरक्षगीता आदिमा उहाँको बारेमा उल्लेख भएको छ । विश्वको इतिहासलाई हेर्दा उहाँको प्राकट्य सयौं हजारौं वर्षको अन्तरालमा विभिन्न स्थानमा भएको पाइन्छ । यसबारे विद्वान्हरूले थुप्रै अनुसन्धान गरेका छन् । आमाको कोखबाट नभई आवश्यकतानुसार आफै प्रकट हुनुहुने महायोगी अजर-अमर कायायुक्त हुनुभएको स्पष्ट हुन्छ ।

नेपालको सन्दर्भमा हेर्दा गोरखा राज्यको नामाकरण उहाँको नामबाट भएको पाइन्छ भने उहाँकै आशीर्वादबाट यो राष्ट्र कहिल्यै पराधीन बन्न नपरेको गौरवशाली इतिहास रहेको छ । उहाँको ऋण चुकाउन पनि हामीले उहाँको भक्ति गर्नै पर्दछ । नाथ पंथका अग्रज महानाथ गुरु गोरखनाथ नेपालका राष्ट्रगुरु हुनुहुन्छ । नेपालका विभिन्न ठाउँमा उहाँका मठ-मन्दिरहरू छन् जस्तै गोरखाको गोरख गुफा, पशुपतिको मृगस्थली पीठ, हनुमानढोकाको काष्ठमण्डप आदि । सिद्धाश्रम शक्ति केन्द्रको अनुसन्धानअनुसार गुरु गोरखनाथ सर्वप्रथम यस धरतीमा वैशाखी शुक्ल पूर्णिमाको दिन गोरखाको गोरख गुफामा प्रकट हुनुभएको थियो । नेपालमा मात्र नभएर विश्वभरि उहाँका सम्प्रदाय, मन्दिर एवं मठहरू स्थापित छन् । आगामी गोरक्ष निखिल युग निर्माणको लागि गोरक्ष शक्ति जगाउँदै नाथ परम्परालाई समाजमा स्थापित गर्न सिद्धाश्रम शक्ति केन्द्र गतिशील छ ।

# देउसी भैलो हुँदै भाइटिकासम्मको यात्रा

**प्रस्तावना**

दीपावली (तिहार) हिन्दु धर्मावलम्बीहरूको प्रमुख चाडमध्ये एक हो । यसलाई प्रकाशको पर्व, अँध्यारोमा प्रकाश ल्याउने प्रतीक, दुष्टमाथि धर्मको विजय, समृद्धि र एकताको पर्व मानिन्छ । यस पर्वले मानिसहरूलाई आत्म-निरीक्षण, समाजिक सद्भाव र धार्मिक भक्तितर्फ उन्मुख गराउँछ ।

नेपालमा यसलाई तिहार भनेर बढी जनचासोका साथ मनाइन्छ, जसलाई 'यमपञ्चक' पनि भनिन्छ- पाँच दिनसम्म मनाइने पञ्चपर्व ।

यस लेखमा, म तिहार/दीपावलीको ऐतिहासिक पृष्ठभूमि, मिथक एवं मान्यताहरू, मनाउने विधि र पर्वले नेपाली समाजमा पुऱ्याउने सामाजिक र आध्यात्मिक महत्त्वको चर्चा गर्नेछु ।

## ऐतिहासिक पृष्ठभूमि र मिथक

**ऐतिहासिक पृष्ठभूमि**

दीपावलीको आरम्भ कहिले भयो भन्ने स्पष्ट छैन, तर यस पर्वलाई वैदिक-पौराणिक



कथाहरू, हिन्दु धर्मशास्त्र र स्थानीय प्रवृत्तिको मिश्रण मानिन्छ । भारत एवं नेपालमा यस पर्वलाई विभिन्न क्षेत्रीय कथाहरूले जोडेको पाइन्छ ।

नेपालमा तिहार विशेष रूपमा यमसँग जोडिएको छ– यम अथवा मृत्युसत्ताको देवता । नेपाली परम्परामा, बहिनीहरूले आफ्नो दाजुभाइको दीर्घायुका लागि यम देवता



र यमुना नदीको पूजा गर्ने चलन रहेछ । त्यसैले यस पर्वमा 'भाइ टिका'को महत्त्वपूर्ण भूमिका हुन्छ ।

कुनै-कुनै कथाहरूमा, दीपावलीलाई भगवान् रामले रावणलाई जित्नु भएको दिन, श्रीकृष्णले नरकासुरलाई पराजित गरेको दिन वा लक्ष्मी देवीको प्रकट हुने दिन भनेर समेत मानिन्छ । यी कथाहरू क्षेत्रीय भिन्नताअनुसार फरक फरक हुन्छन् ।

## पमुख मिथक/मान्यता

**यम-यमुनासम्बन्धी कथा** : बहिनीहरूले यम देवता र यमुना नदीलाई पूजा गरी भाइको दीर्घायु सुनिश्चित गर्न चाहन्छन् भन्ने मान्यता छ ।

**लक्ष्मीपूजा** : यस दिन देवी लक्ष्मी (समृद्धिकी देवी) को विशेष रूपमा पूजा गरिन्छ, ताकि हाम्रो घरमा धन-सम्पत्ति र खुशहाली स्थिर रहोस् ।

**जनावरहरुप्रति मान्यता** : तिहारका दिन काग, कुकुर,



गाई, गोरु आदि जनावरहरूको पूजा गरिन्छ– हरेकलाई महत्त्व दिने धार्मिक दृष्टिकोण झल्काउँछ ।

यी मिथक तथा मान्यताहरूले तिहार पर्वलाई मात्र धार्मिक-संस्कृति सीमामा सीमित नराखेर, जीवन र प्रकृतिसँग अन्तर्सम्बद्धताको एउटा अध्याय बनाउँछन् ।

## पांच दिवसीय तिहार कार्यक्रम र विधि

तिहारलाई पाँच दिनसम्म मनाइएको हुन्छ, प्रत्येक दिन फरक विषय र सम्बोधनका साथ ।

**पहिलो दिन काग तिहार–** बिहान कागलाई खुवाउने, घरका वरिपरि विधिपूर्वक अन्न, चामल अर्पण गरिन्छ । कागलाई समाचारवाहक मानिन्छ– कागले शुभ/अशुभ समाचार ल्याउने मान्यता रहेको पाइन्छ ।

**दोस्रो दिन कुकुर तिहार** : यस दिन कुकुरलाई माला लाइदिने, भोजन अर्पण गर्ने गरिन्छ । कुकुरलाई यमराजका दूत मानिने– निष्ठा र रक्षा भावनालाई सम्मान दिने प्रतीकको रूपमा लिइन्छ ।

**तेस्रो दिन गाई तिहार, लक्ष्मी पूजा–** बिहान गाईलाई



पूजा, बेलुकीमा लक्ष्मी पूजा, घर प्रकाश र रंगोलीबाट सजाइन्छ समृद्धि र कृषि-सम्बन्धित जीवनसँग सम्बन्धित छ यो दिन ।

**चौथो दिन गोवर्धन पूजा/गोरु पूजा–** यस दिनलाई नयाँ वर्ष (नेपालसंवत्)/म्ह पूजा (नेवारहरूको) को रूपमा लिइन्छ यस दिनलाई । गोरुलाई पूजा गर्ने, गोबरको ढाँचा बनाउने, विशेष पूजा विधि, कृषिको महत्त्व, पशु-मानव सम्बन्धलाई सम्मान गर्ने दिन हो यो दिन ।

**पाँचौ दिन भाइ टीका–** यस दिन बहिनीले रङ, दही, सातै रङको टीका लगाउने, फूल माला र मिठाई दिने, भाइले उपहार दिने गरिन्छ । भाइ-बहिनीको सम्बन्ध बलियो बनाउने, दीर्घायु र समृद्धिको आशा बोकेको दिन हो यो ।

यी विधिहरू स्थानीय समुदाय र परम्पराले फरक-फरक गर्न सक्छन् । रातभरि घर-आँगनमा दीयो, दीप, बिजुली बल्ब, रंगोलीले सजाइन्छ, जसले अँध्यारोलाई पराजित गर्ने प्रतीकका रूपमा काम गर्छ । साथै, यमपञ्चकमा देउसी-भैलो खेल्ने चलन छ– पञ्च गीत र नृत्यका माध्यमबाट समुदाय एक आपसमा मेलमिलाप बढाउँछन् ।

## तिहारको सांस्कृतिक र सामाजिक प्रभाव

**सामाजिक सद्भाव र एकता**

तिहारले परिवार र समाजलाई नजिक ल्याउने काम गर्छ । यस बेला दाजुभाइ, छोराछोरी, दाजुभाइ-बहिनी सबैले मेलमिलाप, सरसफाई, भेटघाट र उपहार आदान-प्रदान गर्ने चलन छ ।

सामुदायिक कार्यक्रम र देउसी-भैलोमा सबै उमेरका मानिसहरू सहभागी हुन्छन् जसले समाजमा मेलमिलाप र सम्बन्धको सुदृढीकरण गर्छ ।

**आर्थिक पक्ष**

दीप-दीयो, रंगोली सामग्री, फूल, मिठाई,











सिद्धाश्रम शक्ति केन्द्रद्वारा सम्पन्न गोरक्ष प्रकट तिथि कार्यक्रमलगायतका तस्विरहरू



# प्रकृति, पर्यावरण र तिहार

तिहारका बेलामा हामीले कुकुर, काग, गाई, गोरु आदिको पूजा गर्दछौं । यसको अर्थ 'यी प्राणीहरू कुनै न कुनै रूपले हाम्रा लागि सहयोगी छन् । त्यसैले, यी घृणित होइनन्, पूजनीय छन् ।' भन्ने हो ।

कुकुर, काग, गाईजस्ता पशु मनुष्यका लागि मात्र होइन, समग्र प्रकृतिकै अविभाज्य अङ्ग हुन् । पूर्ण प्राकृतिक सन्तुलन कायम गर्नका लागि पनि हामीले हाम्रा वरपर रहेका कीटपतङ्ग, बोटवनस्पति र पशुप्राणीको रक्षा गर्नुपर्दछ भन्नु तिहारमा यिनको पूजा गर्नुको अर्थ हो ।

किन यिनलाई भगवानको समकक्षमा राखेर पूजा गर्ने गरियो भन्ने प्रश्न पनि गम्भीर छ । हाम्रो मान्यता के छ भने ईश्वर सर्वत्र छन् । संसारमा यस्तो कुनै वस्तु, व्यक्ति र विषय छैन, जहाँ परमेश्वरको उपस्थिति नभएको होस् । ईश्वर यदि सर्वत्र छन् भने माटो र ढुङ्गोमा पनि छन् । यदि ईश्वर सर्वत्र छन् भने कुकुर र कागमा पनि छन् । यदि ईश्वर सर्वत्र छन् भने तुलसी र वरपीपलमा पनि छन् । यो पनि हामीले तिहारमा पशुपक्षी र जीवजनावरको पूजा गर्नुको अर्थ हो ।

हामी कति व्यापक रहेछौं र हाम्रो संस्कार कति संवेदनशील एवं करुणाप्रधान रहेछ भन्ने कुराको प्रमाण हामीले यतिखेर मनाउँदै गरेको तिहार हो ।

तिहारका बेलामा घरभित्र, बाहिर र वरपर गरिने दीपावली हाम्रो अर्को महत्त्वपूर्ण उत्सव हो । हामीसँग यदि ज्ञानको धिपधिपे छ भने आँसीको जस्तो दुःख, पीडा र अज्ञानको जतिसुकै सघन अँध्यारो भए पनि त्यो सजिलै हराएर जान्छ । त्यसैले, उज्यालो बालेर भित्र र बाहिरको अँध्यारो हटाउने प्रयास गरौं भन्नु दीपावलीको विशेष अर्थ हो ।

तिहार हाम्रा पूर्वजले हामीलाई सिकाएर गएका यस्ता अनेकौं संस्कारमध्ये एक हो । तिहार धेरै अर्थ र महत्त्व बोकेको पर्व हो । पर्यावरणप्रतिको संवेदशीलता व्यक्त गर्ने पर्वका रूपमा पनि यस पर्वलाई लिइन्छ । हाम्रा पूर्वजहरू यति संवेदनशील थिए कि उनीहरूले ढुङ्गोजस्तो अति कठोर जडवस्तुभित्र पनि अर्थ देखे र भगवान् माने ।

हामी मनुष्य हौं । हामी सृष्टिका सर्वश्रेष्ठ  प्राणी । आफूसँगै प्रकृतिका प्रत्येक सिर्जनालाई श्रद्धा गर्नु हाम्रो धर्म हो । हाम्रा पूर्वजहरूभित्र प्रकृतिप्रतिको सम्मान र निष्ठा उच्च थियो । त्यसैले, उनीहरूले ढुङ्गा, माटो, बोट वनस्पति र जीव जनावर सबैलाई सम्मान गर्नुपर्छ भन्ने संस्कार हामीलाई सिकाएर गएका छन् ।

तिहार हाम्रा पूर्वजले हामीलाई सिकाएर गएका यस्ता अनेकौं संस्कारमध्ये एक हो । तिहार धेरै अर्थ र महत्त्व बोकेको पर्व हो । पर्यावरणप्रतिको संवेदशीलता व्यक्त गर्ने पर्वका रूपमा पनि यस पर्वलाई लिइन्छ । हाम्रा पूर्वजहरू यति संवेदनशील थिए कि उनीहरूले ढुङ्गोजस्तो अति कठोर जडवस्तुभित्र पनि अर्थ देखे र भगवान् माने ।

हाम्रा पूर्वजले ढुङ्गाको पनि अर्थ देखे । कीरा फट्यांग्राले पनि हामीलाई कुनै न कुनै रूपले सहयोग पुऱ्याइरहेका हुनाले तिनको रक्षा गर्नुपर्छ भन्ने चेतना उनीहरूसँग थियो । तुलसी र वरपीपलजस्ता बोटबिरुवालाई पूजा गर्न शुरु गरेपछि बोटबिरुवालाई जथाभावी विनाश गर्ने प्रवृत्ति निरुत्साहित हुन सक्छ भन्ने उनीहरूले बुझेका थिए ।

नयाँ लुगा आदि सामग्रीको मागले साना व्यवसाय र स्थानीय उत्पादनहरूलाई उत्थान मिल्छ । पर्वकालीन बजारले व्यापार, कुटीर उद्योग र विक्रेताहरूलाई सहज अवसर दिन्छ ।

**वातावरणीय चुनौती**

धेरै ठाउँमा पेट्रोकिमिकल दीयो, पटाका र रसायनिक रंगोली प्रयोगले हानी हुनसक्छ– यसले हावा, ध्वनि, धुलोकण प्रदूषण बढाउँछ ।

**भविष्यमा पर्यावरणमैत्री विकल्प**

जैव-दीप, कम ध्वनि पटाका, प्राकृतिक रंगोली आदि प्रयोग गर्ने सोच आवश्यक छ ।

## आध्यात्मिक एवं मनोवैज्ञानिक पक्ष

प्रकाशले अँध्यारोलाई पराजित गर्नु– अज्ञान र अँध्यारोमाथि ज्ञान र प्रकाशप्रति प्रतीकात्मक संकेत मानिन्छ । पूजा, ध्यान, भक्ति र सङ्गीतले मानव मनलाई शान्ति र आत्मीयतामा लैजान्छ । पर्वले हामीमा कृतज्ञताको भाव जगाउँछ – यो आफूलाई प्राप्त आशीर्वाद, परिवार, प्रकृति र जीवनलाई धन्यवाद दिने अवसर हो ।

## चुनौतिहरु र सुझावहरु

**चुनौतिहरू**

प्रदूषण– पटाका, रसायनिक रंगोली, धूलो, ध्वनि प्रदूषण ।

**अति खर्च**– उपहार, सजावट, भोजनका कारण आर्थिक तनाव ।

**परिष्कृत आधुनिकता**– परम्परागत चलन हराउँदै, बाह्य संस्कार र व्यवसायिकतामा बढी प्रवेश ।

**समयाभाव**– व्यस्त जीवनशैलीले सम्पूर्ण पाँच दिन मनाउन समय नपाउनु ।

**सुझावहरु**

पर्यावरणमैत्री दीप, कम ध्वनि पटाका, जैव-रंगोली प्रयोग गर्ने ।

सीमित बजेटमै मनाउने– आवश्यकताभन्दा बढी खर्च नगर्ने ।

पुरातन परम्परालाई आधुनिक जीवनसँग संयोजन गर्ने– डिजिटल देउसी-भैलो, अनलाइन टीका आदान-प्रदान ।

सामाजिक उत्तरदायित्व– गरिब, असहायलाई सहयोग, अनाथालय वा वृद्धाश्रममा मिठाइ वितरण गर्न सकिन्छ ।

सांस्कृतिक शिक्षा– बालबालिकालाई पर्वका कथाहरू, विधि र अर्थ सिकाउने प्रयास ।

**निष्कर्ष :**

दीपावली तिहार केवल एउटा धार्मिक चाड होइन– यो प्रकाश, सम्बन्ध, कृतज्ञता र जीवनप्रति सम्मानको पर्व हो । यसले हामीलाई सम्झाउँछ कि अँध्यारो तब मात्र अन्त्य हुन्छ जब हामी आफैमा प्रकाश ल्याउँछौँ– आफ्ना विचार, भावना, कर्ममा ।

**इतिहास र पौराणिक कथा**

दीपावली तिहारको इतिहास वास्तवमा प्राचीन हिन्दुधर्म, लोक-विश्वास र प्राकृतिक अनुभवहरूको मिश्रण हो । धेरै पुरातात्विक तथा धरोहर स्थलगत प्रमाणले देखाउँछन् कि मानिसहरूले अँध्यारोबाट उज्यालोलाई महत्त्व दिन थालेकोदेखि नै दीपको प्रयोग भएको थियो । उदाहरणका लागि, ढुंगे युगका मानिसहरूले गुफाहरूको भित्तामा चित्र बनाउँदा त्यसका लागि प्रकाश आवश्यक थियो– त्यस प्रकाशले नै अन्ततः पूजा र उत्सवको रूप लियो । यसरी, दीप प्रज्ज्वलन खुशियालीको प्रतीकका रूपमा धार्मिक तथा सामाजिक चाडहरूमा समाहित भएको अनुमान गर्न सकिन्छ । (नेपालमा तिहारको प्राचीनता र यसको विकासको कुरा 'राम राज्यको प्रतीक तिहार' शीर्षकले चर्चित छ)

धार्मिक ग्रन्थहरूमा दीपावलीसँग मिल्ने अनेक कथा पाइन्छन् । एउटा प्रसिद्ध कथा हो– रामायणअनुसार, भगवान् रामचन्द्रले चतुर्दश वर्ष वनवास पूरा गरी अयोध्यामा फर्किनु भएको दिन जनताले दिव्य दीयो जलाएर स्वागत गरे, त्यस दिनलाई दीपोत्सवको रूपमा मनाइयो भन्ने विश्वास गरिन्छ । यसैले दीपावलीलाई 'राम-त्योहारी' पनि भनिन्छ ।

त्यस्तै, यम-यमुनासम्बन्धी कथाअनुसार मृत्युका देवता यम र उनकी बहिनी यमुनाबीचको सम्बन्धमा आधारित विविध कथा तिहारका पौराणिक आधार बनेका छन् । यम र यमुनाबीचको सम्बन्धले भाइटीकाको रीति-रिवाजमा विशेष स्थान दिएको छ ।

नेपालमा, तिहार पर्वलाई 'यमपञ्चक' पनि भनिन्छ (पाँच दिनसम्म मनाइने यमसम्बन्धी पर्व) । विशेष गरी नेपाली परम्परामा, काग तिहार, कुकुर तिहार र अन्य दिनहरूलाई यमराज र उनका दूत-सन्देशवाहकसँग जोडेर व्याख्या गर्ने चलन छ । उदाहरणका रूपमा, कागलाई यमराजको दूत मानिने विश्वास छ– यदि कागले 'क्' आवाज गर्दैन भने त्यो शुभ मानिन्छ भन्ने धारणादेखि लिएर, कागलाई आहार दिने, चानाकुना राख्ने आदि परम्पराहरू रहेका पाइन्छन् ।

यसैले तिहारको प्रत्येक दिन पशु-सभ्यतासँग सम्बन्धित पूजा तथा रीति-रिवाजहरूले धार्मिक-सांस्कृतिक दृष्टिकोणमा समृद्धि ल्याउँदै आएका छन् ।

नेपालको भौगोलिक, जातीय र सांस्कृतिक विविधताले तिहार पर्वलाई स्थानीय रङ दिएको छ । हरेक क्षेत्र र जातिको आफ्नै रीति-रिवाज छन्– उदाहरणका लागि, नेवार समुदायले 'म्ह पूजा' गर्ने चलन छ, जसमा आत्मा, शरीर र सार्वभौमिक शक्ति (आध्यात्मिक शक्ति) को पूजा गरिन्छ । यसरी तिहार नेपाली परम्परामा अद्वितीय र स्थानीय रूपमा अनुकूलित पर्व बनेको छ ।

**आधुनिक स्वरूप र चुनौतिहरू (विस्तारित खण्ड)**

समयसँगै तिहार पर्वले नयाँ रूप लिएर अघि बढिरहेको छ । सहरहरूको विस्तार, जनसंख्या वृद्धिसँगै परम्परागत विधिहरूबाट केही स्थानमा असरमा परिरहेका छन् । पहिले जहाँ माटोका दीयो, घ्यु-तेल र प्राकृतिक फूलमाला प्रयोग हुन्थ्यो, अहिले त्यो विद्युतीय बत्ती, इलेक्ट्रिक स्प्रिंग लाइट, प्लास्टिक डिजाइनका बत्तीले ओगटिरहेका छन् । यसले सुविधा र सौन्दर्यता त ल्यायो, तर परम्परागत प्राकृतिक सामग्रीको उपयोग कम भइरहेको छ ।

प्रौद्योगिकी र सञ्चारको विकासले तिहारलाई नयाँ स्वरूप दिएको छ । सामाजिक सञ्जालमा तिहारका तस्बिर, भिडियो, 'रंगोली डिजाइन प्रतियोगिता' सञ्चालन हुने गरेका छन् । 'लाइभ पूजा' कार्यक्रम, अनलाइन उपहार खरिद, डिजिटल भुक्तानी माध्यम प्रयोग गर्ने चलन बढेको छ । यसले पारस्परिक सम्बन्ध र सांस्कृतिक आदान-प्रदानमा केही दूरी ल्याएको अनुभूति पनि गराइरहेको छ ।

पर्यावरणीय चुनौतीहरू पनि ठूलो समस्या हुन् । पटाका (विस्फोट गर्ने सामग्री) प्रयोग गर्दा वायु प्रदूषण, ध्वनि प्रदूषण र स्वास्थ्य समस्या उत्पन्न हुन्छ । त्यस्तै, अत्यधिक प्रकाश प्रयोग, प्लास्टिकको उपयोग, फोहोर व्यवस्थापन नहुँदा समस्या थपिन्छ । केही वर्षयता सरकारले पटाका निषेध गरिसकेको छ वा सीमित प्रयोग गर्ने नीति ल्याएको छ ।




त्यस्तै, सांस्कृतिक रूपमा, देउसी-भैलो, लोकगीत, नृत्य र स्थानीय गीत-नाटकहरूलाई आधुनिक जीवनशैलीले कम स्थान दिइरहेको छ । युवा पुस्तामा मनोरञ्जन, इन्टरनेट र प्रवृत्तिहरूले पुरानो सांस्कृतिक पक्षलाई बिर्सन प्रेरित गरिरहेका छन् । यसले सांस्कृतिक विविधता खुम्चिन सक्ने सम्भावना बोकेको छ ।

आर्थिक दवाब र भौतिकीकरण पनि एउटा समस्या हो । तिहारका बेला बजारमा उपहार, सजावट सामग्री, मिठाई उद्योगलाई प्रोत्साहन मिलिरहेका हुन्छन् । मानिसहरूमा महंगो सामग्री किन्ने, भव्य कार्यक्रम गर्ने र खर्च बढ्ने प्रवृत्ति देखा परेको छ । यसले तिहारलाई 'उत्सवलाई उद्योग' बनाइरहेको आलोचना पनि उठिरहेको छ ।

शहर-ग्रामीण भिन्नता पनि ठूलो समस्या हो । शहरी क्षेत्रमा व्यस्त जीवनशैली, समय अभाव र अपार्टमेन्ट जीवनले परम्परागत प्लानिङ र सजावटमा सीमितता ल्याएको छ । गाउँ-तहका विद्युतीय सुविधाको अभावले चिम लाइट प्रयोग गर्न नसक्ने अवस्था हुन सक्छ । त्यसैले तिहारको स्वरूप क्षेत्रमा फरक देखिन्छ ।

यसका लागि चुनौतीहरूको सामना गर्न ठोस नीति, सामाजिक चेतना र सामुदायिक सहभागिताको आवश्यकता छ ।

## सत्य असत्य बोधको प्रतीक

# दीपावली

### श्री लक्ष्मी स्तोत्रम्

नमस्तेऽस्तु महामाये श्रीपीठे सुरपूजिते।
शङ्चक्रगदाहस्ते महालक्ष्मि नमोऽस्तु ते ॥
नमस्ते गरुडारूढे कोलासुरभयंकरि ।
सर्वपापहरे देवि महालक्ष्मि नमोऽस्तु ते ॥
सर्वज्ञे सर्ववरदे सर्वदुष्टभयंकरि।
सर्वदु:खहरे देवि महालक्ष्मि नमोऽस्तु ते ॥
सिद्धिबुद्धिप्रदे देवि भुक्तिमुक्तिप्रदायिनि।
मन्त्र-मूर्ते सदा देवि महालक्ष्मि नमोऽस्तु ते ॥
आद्यन्तरहिते देवि आद्यशक्तिमहेश्वरि ।
योगजे योगसम्भूते महालक्ष्मि नमोऽस्तु ते ॥
स्थूलसूक्ष्ममहारौद्रे महाशक्तिमहोदरे ।
महापापहरे देवि महालक्ष्मि नमोऽस्तु ते ॥
पद्मासनस्थिते देवि परब्रह्मस्वरूपिणि ।
परमेशि जगन्मातर्महालक्ष्मि नमोऽस्तु ते ॥
श्वेताम्बरधरे देवि नानालङ्कारभूषिते ।
जगत्स्थिते जगन्मातर्महालक्ष्मि नमोऽस्तु ते॥

यो स्तोत्र नियमित रूपमा श्रद्धा र भक्तिसहित पाठ गर्दा धन, ऐश्वर्य, सुख र समृद्धिको प्राप्ति हुने विश्वास गरिन्छ ।



गङ्गा नदीको किनारमा एकजना सन्त आश्रम बनाएर बसेका थिए। आदर्श आध्यात्मिक जीवनको नेतृत्व गर्नुबाहेक उनले आफ्ना अनुयायीहरूलाई योग, ध्यान र ज्ञानको शिक्षा पनि दिने गर्दथे ।

एक दिन औँसीको दिन थियो । वर पर चौपट्ट अँध्यारो थियो। सन्तले आफ्ना शिष्यमध्ये एक जनालाई बोलाएर आफ्नो हातमा रहेको किताब दिँदै भने- 'बाबु, यो किताब भित्र कोठामा लगेर टेबुलमाथि राख ।' शिष्य गुरुले दिनुभएको पुस्तक लिएर भित्र कोठामा गयो र आत्तिँदै फर्किएर आयो । ऊ डरले असिनपसिन देखिन्थ्यो। डराउँदै उसले भन्यो- 'गुरुदेव, भित्र टेबुलनजिकै त अजङ्गको सर्प छ ।'

सन्तले 'त्यसरी आत्तिन पर्दैन बाबु' भनेर भने । उनले पुन: निर्देशन दिँदै भने- 'जाऊ, सर्प भए पनि आत्तिनु पर्दैन । 'ॐ नम: शिवाय' भन्ने यो मन्त्र जप्दै जाऊ, तिमी नपुग्दै त्यो सर्प भागिसकेको हुनेछ। चिन्ता नगर, जाऊ ।'

शिष्य 'ॐ नम: शिवाय' मन्त्र उच्चारण गर्दै दोस्रो पटक कोठाभित्र छिऱ्यो । तर, आश्चर्य सर्प त्यहीं थियो । मन्त्रले कुनै काम गरेको उसले अनुभव गरेन । भयभीत हुँदै, हस्याङ्फस्याङ गर्दै ऊ फेरि गुरुनजिक आयो र भन्यो- 'गुरुदेव, खै सर्प त गएकै छैन। जस्ताको तस्तै एकै ठाउँमा

### देवकृत लक्ष्मी स्तोत्रम्

क्षमस्व भगवत्यंब क्षमाशीले परात्परे ।
शुद्धसत्वस्वरूपे च कोपादिपविर्जिते ॥
उपमे सर्वसाध्वीनां देवीनां देवपूजिते ।
त्वया विना जगत्सर्वं मृततुल्यं च निष्फलम् ॥
सर्वसंपत्स्वरूपा त्वं सर्वेषां सर्वरूपिणी ।
रासेश्वर्यधि देवी त्वं त्वत्कला: सर्वयोषिता: ॥
कैलासे पार्वती त्वं क्षीरोदे सिन्धुकन्यका ।
स्वर्गे च स्वर्गलक्ष्मीस्त्वं मर्त्यलक्ष्मीश्च भूतले ॥
वैकुंठे च महालक्ष्मीर्देवदेवी सरस्वती ।
गंगा च तुलसी त्वं च सावित्री ब्रह्मलोकत: ॥
कृष्णप्राणाधिदेवी त्वं गोलोके राधिका स्वयम् ।
रासे रासेश्वरी त्वं च वृंदा त्वं वने-वने ॥
कृष्ण प्रिया त्वं भांडीरे चंद्रा चंदनकानने ।
विरजा चंपकवने शतशृंगे च सुंदरी ॥
पद्मावती प'वने मालती मालतीवने ।
कुंददंती कुंदवने सुशीलाा केतकीवने ॥
कदंबमाला त्वं देवी कदंबकाननऽपि च ।
राजलक्ष्मी राजगृहे गृहलक्ष्मीगृहे गृहे ॥
इत्युक्ता देवता: सर्वा मुनयो मनवस्तथा ।
रुरुदुर्नम्रवदना: शुष्ककंठोष्ठ तालुका: ॥
इति लक्ष्मीस्तवं पुण्यं सर्वदेवै: कृतं शुभम् ।
य: पठेत्प्रातरुत्थाय स वै सर्वं लभेद् भ्रुवम् ॥
आभार्यो लभते भार्यां विनीतां सुसुतां सतीम् ।
सुशीलां सुंदरीं रम्यामतिसुप्रियवादिनीम् ॥
पुत्रपौत्रवतीं शुद्धां कुलजां कोमलां वराम् ।
अपुत्रो लभते पुत्रं वैष्णवं चिरजीविनम् ॥
परमैश्वर्यबशबशं च विद्यावंतं यशस्विनम् ।
भ्रष्टराज्यो लभेदाज्यं भ्रष्टश्रीर्लभते श्रियम् ॥
हतबंधुर्लभेद्बधं धनभ्रष्टो धनं लभेत् ।
कीर्तिहीनो लभेत्कीर्तिं प्रतिष्ठां च लभेद् ध्रुवम् ॥
सर्वमंगलदं स्तोत्रं शोकसंतापनाशनम् ।
हर्षानंदकरं शाश्वद्धर्म मोक्षसुहृत्प्रदम् ॥
॥इति श्रीदेवकृत लक्ष्मीस्तोत्रं संमूर्णम् ॥

बसिराखेको छ ।'

'ठीक छ, यस पटक तिमी हातमा बत्ती लिएर जाऊ । बत्तीको उज्यालो हेर्न नसकी आत्तिएर सर्प आफैँ भागेर टाढा जानेछ ।' -गुरुले सम्झाउनुभयो । चेलो हातमा बलिरहेको बत्ती लिएर तेस्रो पटक कोठाभित्र छिऱ्यो । जसै उसले बत्ती लिएर सर्प भएको ठाउँमा गयो, त्यहाँ त उसले सर्पका ठाउँमा एउटा डोरी देख्यो। सर्पको आकारमा बटारिएर बसेको डोरीलाई पो उसले अहिलेसम्म सर्प मानिरहेको रहेछ । भ्रमवश, उसले डोरीलाई सर्प मानिरहेको रहेछ ।

ऊ फर्कियो र गुरुलाई सर्पका ठाउँमा डोरी रहेको कुरा बतायो । आफ्ना चेलाको कुराप्रति प्रतिक्रिया जनाउँदै गुरुले गम्भीरताका साथ सम्झाउनुभयो- 'बाबु, यो समग्र संसार नै यस्तै भ्रमहरूको सञ्जाल हो। सत्य र बोधको उज्यालोमा बाहेक हामी अरू कुनै पनि तरिकाले भ्रमको सञ्जालबाट उम्कन सक्दैनौँ । ज्ञानको दीपक बालेर मात्र हामी सत्य र असत्यको निरूपण गर्न सक्दछौँ । त्यसैले, सधैँ ज्ञानको उज्यालो लिएर अज्ञानको भ्रमबाट मुक्त हुने प्रयास गर्नू ।'

शिष्यले भ्रमबाट बोधको यात्रा गर्नका लागि ज्ञानको दीपक अनिवार्य हुँदोरहेछ भन्ने सत्यवोध गरी तदनुसार जीवन रूपान्तरणको प्रयत्न गर्ने सङ्कल्प गऱ्यो ।

हामी थुप्रैथुप्रै भ्रमहरूका बीचमा बाँचिरहेका छौँ । ज्ञानको अभावमा हाम्रा अगाडि सर्प डोरी र डोरी सर्प भएर देखा पर्ने गर्दछन् । जसै, ज्ञानका बत्तीहरू बल्न थाल्छन्, हामीले सर्प देखेका डोरीहरूको भयबाट पनि हामी क्रमश: मुक्त हुँदै जान्छौँ । हाम्रो बन्धन र मुक्ति हामीभित्रको ज्ञानको प्रकाशमा निर्धारित हुनेगर्दछ ।

अज्ञान नै सम्पूर्ण दु:ख र तनावको एक मात्र कारण हो । यही अज्ञानमा नै हामीले गर्न

जोभित्र विवेकको दीपक प्रज्वलित हुन्छ, उसको जीवन पनि सुन्दर, सभ्य र भव्य हुन्छ । विवेकको उज्यालोमा जब व्यक्तिले ठीक र बेठीकको पहिचान गर्न सक्छ, त्यसपछि उसले ठीकलाई अपनाउन थाल्दछ र बल्ल जीवन समुन्नत हुन्छ । हामीले थुप्रै खान नहुने कुरा खाइरहेका छौँ, बोल्न नहुने शब्द बोलिरहेका छौँ, गर्न नहुने काम गरिहेका छौँ ।

नहुने थुप्रै कुराहरू गरिरहेका हुन्छौँ, गर्नुपर्ने थुप्रै कुराहरू छुटाइरहेका हुन्छौँ । हामीलाई अप्रिय पनि प्रिय लाग्दछन्, प्रिय पनि अप्रिय लाग्दछन्, कुरूप विरूप देखिन्छन्, विरूप कुरूप देखिन्छन् । निर्णय क्षमता कमजोर भएर जान्छ । सत्य र असत्यको भेद गर्न नसक्दा क्यौँ अपराधका भागीदार बनिरहेका पनि हुन्छौँ ।

अँध्यारोको यात्रा कहिल्यै सुरक्षित र सन्देहमुक्त हुँदैन । गन्तव्य कहाँ हो थाहा हुँदैन । हिँड्नु पर्ने बाटो नहिँडेर अन्तै अन्तै हिँडिरहने सम्भावना अधिक हुन्छ । अगाडि खाडल हुनसक्छ, भीर र पहराहरू हुन सक्छन् । अजङ्गका जीव जनावरका शिकार हुन पनि सकिन्छ । म ठीक बाटोमा छु कि बेठीक बाटोमा भन्ने सन्देहले कहिल्यै छोड्दैन ।

अँध्यारोले सबै गतिहरूलाई अवरुद्ध गरिदिन्छ । दिनभर जताततै दौडधुप गरिरहेका मानिसहरू पनि रात परेपछि विश्राम गर्दछन्, निदाउँछन् । बाहिर बाटोभरि हिँडिरहेका सबै भित्र पस्दछन् किनकि रातमा गरिएको यात्रा जोखिमपूर्ण हुन्छ । यदि रातमा कुनै काम गरि नै हालियो भने पनि बत्ती नबालीकन सम्भव छैन, उज्यालो नबनाइकन सम्भव छैन ।

जब सूर्योदय हुन्छ, सुतेका मानिस, पशुप्राणी सबै जाग्दछन् र आ-आफ्ना गन्तव्यतिर लाग्दछन् । उज्यालो भएपछि नै हामी घरबाट बाहिर निस्कन्छौँ र कर्तव्यको यात्रा आरम्भ गर्दछौँ । उज्यालोमा नै हामीले हरेकलाई चिन्न, बुझ्न, र जान्न सक्दछौँ । उज्यालोमा नै निर्णय गर्न सकिन्छ, कुनै पनि विषयको यकिन गर्न सकिन्छ, निश्चित गर्न सकिन्छ ।

अँध्यारोमा हामीले केवल अनुमान गर्न सक्दछौँ । हामीले अँध्यारोमा गरेको अनुमान मिल्न पनि सक्छ, नमिल्न पनि सक्छ । कतै मिलिहाल्यो भने पनि त्यो केवल संयोग मात्र भइदिन्छ । अँध्यारो त्यसैले अनिर्णय, अनिश्चय, अनुमान र अकर्मण्यताको समय हो ।

हामी बाहिरको अँध्यारो त बत्ती बालेपछि हराइहाल्छ, तर भित्रको अँध्यारो कसरी हटाउने होला ? यो अहं प्रश्न हो । रोग, भोग, शोक, अभाव, चिन्ता, भय र अहङ्कारजस्ता दुर्गुणहरू छन् । प्रेम, करुणा, दया, शान्ति, अहिंसाजस्ता सद्गुणहरू पनि हामीभित्र खचाखच भरिएर रहेका छन् । तर, विवेकको दियालो नबालीकन हामी दुर्गुण र सद्गुणमा फरक छुट्याउन सक्दैनौँ । यसरी फरक छुट्याउन नसक्दा नै हाम्रा लागि सद्गुणहरू दुर्गुण भइरहेका छन् र दुर्गुणहरू सद्गुण भइरहेका छन् ।

दीपावली त्यसैले, ज्ञानको पर्व हो । अँध्यारोले डम्म औँसीजस्ता रातहरू पनि बत्ती बालेपछि दिनमा बदलिन्छन् । सबैतिर बत्ती बल्दा लाग्दछ, उज्यालोका लागि दिनको प्रतीक्षा गर्नुपर्दैन

जोभित्र विवेकको दीपक प्रज्वलित हुन्छ, उसको जीवन पनि सुन्दर, सभ्य र भव्य हुन्छ । विवेकको उज्यालोमा जब व्यक्तिले ठीक र बेठीकको पहिचान गर्न सक्छ, त्यसपछि उसले ठीकलाई अपनाउन थाल्दछ र बल्ल जीवन समुन्नत हुन्छ । हामीले थुप्रै खान नहुने कुरा खाइरहेका छौँ, बोल्न नहुने शब्द बोलिरहेका छौँ, गर्न नहुने काम गरिहेका छौँ ।

हामीले यसो गर्नुका पछाडि हामीभित्र ज्ञानको अभाव हुनु हो, विवेकको दीयालो नहुनु हो । ज्ञानको उज्यालोबिना अज्ञानको अँध्यारो कहिल्यै हट्न सक्दैन ।

दीपावली त्यसैले, ज्ञानको पर्व हो । अँध्यारोले डम्म औँसीजस्ता रातहरू पनि बत्ती बालेपछि दिनमा बदलिन्छन् । सबैतिर बत्ती बल्दा लाग्दछ, उज्यालोका लागि दिनको प्रतीक्षा गर्नुपर्दैन । दीपावलीका समयमा बालिएका बत्तीहरूका कारण मानिस दिन र रातमा फरक छुट्याउन सक्दैन । उसलाई रात नै दिनजस्तो लाग्दछ र दिन नै रातजस्तो लाग्दछ । जब ज्ञानका अनेक दीपहरूले मन उज्यालिन्छ, त्यसपछि हामीलाई दिन र रात उस्तै लाग्न थाल्दछन् । दिन र रातको विभेद पनि मेटिएर जान्छ । हरेक रातहरू दिनमा बदलिन्छन् । व्यक्ति सदा प्रसन्न रहन्छ ।

तिहारका समयमा जताततै बत्ती बालेर हामीले घर, आँगन र गल्लीहरूसँगै मनलाई पनि उज्यालो बनाइरहेका हुन्छौँ । हामीभित्र अज्ञानको घना अँध्यारो छ, औँसीजस्तो रात छ । त्यसलाई ज्ञानका अनेक दीप प्रज्वलित गरी लखेट्नुछ, टाढा भगाउनुछ ।

बाहिर बलेका बत्तीहरूको उज्यालोले हामीभित्रको अँध्यारो हटाउन सक्दैनन् । ती त हाम्रा उत्प्रेरक मात्र हुन्, समाधान होइनन् । बाहिर बलेका दीपकहरूबाट प्रेरित भई भित्र पनि दीपावली गर्न सक्नुपर्दछ भन्नु दीपावलीको विज्ञान हो ।

दीपावलीमा बाहिर बालिएका बत्तीहरू आन्तरिक उज्यालोका विम्बहरू हुन्, अन्तस्करणको आनन्दका प्रतीकहरू हुन् । बाहिर बलेका बत्तीहरूले बाहिरका अप्ठ्याराहरू समाप्त पारेजस्तै हामीले पनि भित्र ज्ञानको ज्योति बालेर दुःख, दारिदय, अभाव र अप्ठ्याराहरूलाई समाप्त पार्नुछ । जुन दिन हामी अन्तस्करणमा ज्ञानका अनेक दीपकहरू बाल्ने छौँ, त्यसदिन भित्र र बाहिर सबैतिर एक साथ उज्यालो हुनेछ । बाहिर बलेका दीपकहरू त निभ्न सक्छन्, तर हामीले स्वयम्भित्र बालेका ज्ञानका असंख्य दीप कहिल्यै निभ्नेवाला छैनन् । ती त अखण्ड बलिरहने छन्, र हामीबाट कल्यै नर्फकने गरी अँध्यारोलाई बिदाइ गर्नेछन् ।

ज्ञानी र जागृत मान्छेलाई कुनै पनि दुःख, पीडा र अप्ठ्याराहरूले त्यसैले छुन नसक्ने हुन् । त्यसैले दीपावलीमा बालेका हाम्रा बत्तीहरूको ध्यान गर्दागर्दै हामीभित्र पनि ज्ञानको उज्यालो बल्न थाल्दछ । जब अन्तस्करणमा दीपावली हुन्छ, सबै दुःखहरू सुखमा बदलिन्छन्, अशान्तिहरू शान्तिमा बदलिन्छन् र घृणाहरूले पनि प्रेमको उचाई प्राप्त गर्दछन् ।

दीपावली हामीभित्र प्रवेश गरेर आफूलाई हेर्ने पर्व पनि हो । बाहिर बत्ति बालेपछि जेजे छन्, ती विषयवस्तु देखिएजस्तै भित्रको बत्ती बालेपछि पनि हामीभित्रका अनेक राम्रा नराम्रा विषयहरू देखिन्छन् । त्यसपछि हामी नराम्रालाई छोडेर राम्राका पछि लाग्छौँ । त्यसैले, दीपावली स्वयम् दर्शनको पर्व पनि हो । हामी दिन र रातलाई अलग अलग गरेर विश्लेषण गर्न सिपालु छौँ ।

हामीले दिन र रातलाई जहिलेसम्म अलग बनाइरहने छौँ, तबसम्म हामीभित्र ज्ञानको आलोक पैदा भएको छैन भन्ने कुरा स्पष्ट हुन्छ । अन्तस्करणभित्र ज्ञानको दीपक बलेकाहरूका लागि दिन र रात एउटै लाग्दछन् । हामीले दीपावली गर्नुको अर्थ दुःख र सुखको विभेद मेट्नु हो ।

ज्ञानको उच्चतम अवस्थामा पुगेका मनीषिका लागि दुःख र सुख, प्राप्ति र अप्राप्ति, भाव र अभाव अनि दिन र रात उस्तै लाग्दछन्, फरक होइन । त्यसैले, दीपावली दिन र रातलाई टुक्र्याउने पर्व होइन, जोड्ने पर्व हो, दिन र रातलाई ज्ञानको उज्यालोभित्र एकैसाथ समेट्ने पर्व हो ।

त्यसैले, आउनुस्, गरौँ धुमधामका साथ दीपावली । मनभित्र र बाहिर चारैतिर प्रशस्त बत्ती बालेर उज्यालो बनाई भित्र पनि त्यसरी नै उज्यालिने प्रयास गरौँ । भित्र अँध्यारो लिएर बाहिर उज्यालिनुको कुनै अर्थ छैन ।

तपाईँसँग दुःखहरू छन् भने र छन् भने अगणित गुनासाहरू, तपाईँलाई दिन पनि रातजस्तो लाग्न थाल्छ । बाहिरको झलमलमा पनि तपाईँ अलमलमा पर्नुहुन्छ । आज यही त भएको छ । बाहिर अनेक बत्तीहरू बलिरहेर पनि मानिसभित्र अज्ञानको अँध्यारो डम्म छ । यसपटक भने साँच्चै बाहिरजस्तै भित्र पनि उज्यालिने प्रयत्न गरौँ । दीपावलीको विज्ञानलाई आत्मसात गर्ने प्रयत्न गरौँ ।

**–आचार्य लक्ष्मण भण्डारी**





पूजा कर्म

# लक्ष्मी पूजन

समयको दुष्प्रभाव भनौं वा हाम्रो दुर्भाग्य, अन्य पर्वहरूजस्तै गरी दीपावली पर्वलाई पनि हामीले आमोद-प्रमोदमा नै सीमित राखी मनाइरहेका हुन्छौं । माता महालक्ष्मीसँग सम्बन्धित आध्यात्मिक गतिविधिका साथ मनाई माता महालक्ष्मीलाई आफ्नो घरमा भित्र्याएर वर्षभरि नै आर्थिक, सामाजिक र आध्यात्मिक अभाव हुन नदिन र घरघरमा सुख, शान्ति, ऐश्वर्य प्राप्त होस् भनी हाम्रा प्राचीन ऋषिमुनिहरूले यस परम्पराको थालनी गरिदिनुभएको हो । तर हाम्रो समाज दीपावलीमा केवल राम्रो लगाउने, मिठो खाने, रमाइलो गर्नेमा मात्रै सीमित हुन पुगेको छ । यस्तो सीमितताबाट माथि उठ्दै यसपटकको दीपावली पर्वलाई हामीले पूर्ण सदुपयोग गरौं । त्यसैले जुवातासमा नअल्मलिई माता महालक्ष्मीको कृपा, आशीर्वाद प्राप्त गरी आध्यात्मिक एवं भौतिक उन्नति प्रगतिको मार्ग खोलौं । यसैको लागि माता महालक्ष्मीसँग सम्बन्धित दीपावली पूजन यहाँ प्रस्तुत गरेका छौं र यसबाट पाठकवर्गले भरपूर लाभ उठाउनुहुनेछ भन्ने आशा राख्दछौं ।

**पूजनको लागि आवश्यक सामग्रीहरू**

कुंकुम, रातो कपडा, पान, सुपारी, ल्वाङ, अलैंची, धूप, दीप, फलफूल, गंगाजल, नैवेद्य, वस्त्र, आभूषण, अबीर, सिन्दूर, बेसार, काँचो नरिवल (पानी भएको), फूल, माला, यज्ञोपवीत, पंचामृत, प्राण-प्रतिष्ठित महालक्ष्मी चित्र, महालक्ष्मी यंत्र, कमलगट्टा माला ।

**विधि**

सबैभन्दा पहिले शुद्ध पवित्र भई माथि उल्लिखित सामग्रीहरू जम्मा गर्नुहोस् । त्यसपछि सायंकालमा पूर्व वा उत्तरतर्फ फर्की पहेंलो आसनमा बस्नुहोस् । सम्भव भएसम्म परिवारका अन्य सदस्यहरूलाई पनि साथमा राख्नुहोस् । आफ्नो अगाडि पूजास्थल बनाई त्यसमा पहेंलो आसन ओछ्याएर एउटा थालीमा कुंकुमले स्वस्तिक चिह्न वा श्री बीज लेख्नुहोस् । त्यसमाथि महालक्ष्मी यन्त्र स्थापित गर्नुहोस् र माता महालक्ष्मीको तस्विरलाई पनि अगाडि स्थापना गर्नुहोस् । सबैभन्दा पहिला गुरु पूजन र गणपति पूजन सम्पन्न गर्नुहोस् । त्यसपछि दाहिने हातमा जल लिएर संकल्प गर्नुहोस् । संकल्पमा मास (महिना), पक्ष, तिथि, आफ्नो नाम तथा गोत्र उच्चारण गरी म अखण्ड लक्ष्मी प्राप्तिहेतु महालक्ष्मी पूजन गर्दैछु भनी जल भूमिमा छोडिदिनुहोस् ।

**कलश स्थापना**

अब आफ्नो दाहिनेतर्फ अक्षताले अष्टदल वा स्वस्तिक चिह्न बनाएर जल भरिएको कलश स्थापित गर्नुहोस् । कलशमा सुपारी, अक्षता, दुबो, दक्षिणा, चन्दन र पुष्प चढाउनुहोस् । कलशलाई सवा मिटर रातो वस्त्रले बेरेर त्यसमाथि नरिवल राखिदिनुहोस् । त्यसपछि धूप, दीप, नैवेद्य आदि चढाएर वरुण देवताको साधारण पूजन गर्नुहोस् । यसपछि माता महालक्ष्मीको मुख्य पूजन आरम्भ गर्नुहोस् ।

**ध्यानम्–**

कमलको फूलमा आसीन माता महालक्ष्मीको ध्यान गर्नुहोस् ।

**पद्मासनां पद्मकरां पद्ममाला विभूषिताम्**
**क्षीर सागर संभूतां हेमवर्ण समप्रभाम् ।**
**क्षीर वर्ण श्वेत वस्त्रं दधानां हरिवल्लभाम्**
**भावयें भक्तियोगेन भार्गवीं कमलां शुभाम् ।**
**ॐ श्री महालक्ष्म्यै नमः ध्यानं समर्पयामि ।**

**आवाहनम्–**

माता महालक्ष्मीको आवाहन गर्नुहोस् ।

**सर्वमंगल मांगल्ये विष्णुवक्षः स्थलालये**
**आवाहयामि देवि ! त्वां क्षीर सागर सम्भवे**
**ॐ श्री महालक्ष्म्यै नमः आवाहनम् समर्पयामि ।**

**आसनम्–**

आसनको लागि पुष्प चढाउनुहोस् ।

**सदा पद्मांक संस्थाने सर्वाधारे महेश्वरि**
**सर्वतत्त्वमयं दिव्यं आसनं प्रतिगृह्यताम्**
**ॐ श्री महालक्ष्म्यै नमः पादयोः पाद्यम् समर्पयामि ।**

**अर्घ्यम्–**

माता महालक्ष्मीलाई अर्घ्य अर्पण गर्नुहोस् ।

**अघहीनं गृहाणेदम् अर्घ्यम् अष्टांग संयुतम्**
**अम्बाखिलानां जगतामम्बुजासन वन्दिते ।**
**ॐ श्री महालक्ष्म्यै नमः हस्तयोरर्घ्यं समर्पयामि ।**

**आचमनम्–**

आचमनको लागि जल अर्पण गर्नुहोस् ।

**सर्वतीर्थ समानीतं सुगन्धिं निर्मलं जलम् ।**
**आचम्यताम् मया दत्तं गृहीत्वा परमेश्वरि ॥**
**ॐ श्री महालक्ष्म्यै नमः आचमनीयम् समर्पयामि ।**

**स्नानम्–**

माता महालक्ष्मीलाई गंगाजलले स्नान गराउनुहोस् ।

**गंगासरस्वती रेवा पयोष्णि नर्मदाजलैः ।**
**स्नापितासि मया देवि ! तथा शान्तिं कुरुष्व मे ॥**
**ॐ श्री महालक्ष्म्यै नमः स्नानं समर्पयामि ।**

**पंचामृत स्नानम्–**

माता महालक्ष्मीलाई पञ्चामृत (दूध, दही, घ्यू, मह, चिनी) ले स्नान गराउनुहोस् ।

**मध्वाज्यशर्करायुक्त दधिक्षीर समन्वितम्**
**पंचामृतं गृहाणेदं सर्वशक्तिसमन्विते ॥**
**ॐ श्री महालक्ष्म्यै नमः शुद्ध जल स्नानं समर्पयामि ।**

पुनः शुद्ध जलले स्नान गराउनुहोस् ।

**वस्त्रम्–**

मातालाई वस्त्र अर्पण गर्नुहोस् ।

**सर्वभूषादिके सौम्ये लोकलज्जा निवारणे ।**
**मयोपपादिते तुभ्यम् गृह्यताम् जगदम्बिके ॥**
**ॐ श्री महालक्ष्म्यै नमः वस्त्रोपवस्त्रं समर्पयामि ।**

**यज्ञोपवीतम्–**

अब जनै अर्पण गर्नुहोस् ।

**उपवीतं गृहाणेदं उपमाशून्य वैभवे ।**
**उमाहेमवति प्रीत्या हेमसूत्र समन्वितम् ॥**
**ॐ श्री महालक्ष्म्यै नमः यज्ञोपवीतं समर्पयामि ।**

**आभूषणम्–**

मातालाई आभूषण अर्पण गर्नुहोस् ।

**मांगल्यमणिसंयुक्तं मुक्ताफल समन्वितम् ।**
**दत्तं मंगल सूत्रं ते गृहाणाम्ब ! शुभं कुरु ॥**
**ॐ श्री महालक्ष्म्यै नमः आभूषणं समर्पयामि ।**

**चन्दनम्–**

यसपश्चात् चन्दन अर्पण गर्नुहोस् ।

**श्री खण्डचन्दनं दिव्यं गन्धाढ्यं सुमनोहरम् ।**
**विलेपनं सुरश्रेष्ठि चन्दनं प्रतिगृह्यताम् ॥**
**ॐ श्री महालक्ष्म्यै नमः चन्दनं समर्पयामि ।**

**अक्षत्–**

अब अक्षता अर्पण गर्नुहोस् ।

**अक्षतान् धवलान् देवि ! शालीयांस्तण्डुलान् शुभान् ।**
**हरिद्राकुंकुमोपेतान् गृहाणाम्ब ! कृपानिधे ॥**
**ॐ श्री महालक्ष्म्यै नमः अक्षतान् समर्पयामि ।**

**पुष्प–**

यसपछि फूल अर्पण गर्नुहोस् ।

**माल्यादीनि सुगन्धीनि मालत्यादीनि वै विभे ।**
**मयोपनीतानि पुष्पाणि गृहाण जगदम्बिके ॥**
**ॐ श्री महालक्ष्म्यै नमः पुष्पाणि समर्पयामि ।**

**सौभाग्य द्रव्य–**

अब सौभाग्य अर्पण गर्नुहोस् ।

**कज्जलं चैव सिन्दूरं हरिद्राकुंकुमानि च ।**
**भक्त्याऽर्पितानि श्री मातः ! सौभाग्यानि च स्वीकुरु ॥**

**धूपम्–**

यसपश्चात् धूप बालेर अर्पण गर्नुहोस् ।

**वनस्पति रसोद्भूतः गन्धाढ्यः सुमनोहरः ।**
**आघ्रेयः सर्वदेवानां धूपोऽयं प्रतिगृह्यताम् ॥**
**ॐ श्री महालक्ष्म्यै नमः धूपम् आघ्रापयामि ।**

**दीपम्–**

अब दीयो बाल्नुहोस् र माताको चरणमा देखाउनुहोस् ।

**साज्यं च वर्तिसंयुक्तम् वह्निना योजितम् मया**
**दीपं गृहाण देवेशि ! सर्वत्र तिमिरापहा ॥**
**ॐ श्री महालक्ष्म्यै नमः दीपं दर्शयामि समर्पयामि ।**

**नैवेद्यम्–**

मातालाई नैवेद्य एवं फलफूल अर्पण गर्नुहोस् ।

**ॐ महालक्ष्म्यै च विद्महे सर्वशक्त्यै च धीमहि तन्नो लक्ष्मीः प्रचोदयात्**
**शर्कराघृत संयुक्तं मधुरं स्वादुचोत्तमम् ।**
**उपहार समायुक्तं नैवेद्यम् प्रतिगृह्यताम् ॥**
**ॐ श्री महालक्ष्म्यै नमः नैवेद्यं निवेदयामि,**
**नाना ऋतुफलानि च समर्पयामि ।**

**आचमनम्–**

आचमनको लागि पाँचपटक जल अर्पण गर्नुहोस् ।

## लक्ष्मी आरती

ॐ जय लक्ष्मी माता मैया जय लक्ष्मी माता ।
तुमको निशिदिन सेवत हर विष्णु विधाता ।
ॐ जय लक्ष्मी...
उमा, रमा, ब्रह्माणी, तुमही जग माता ।
सूर्य चन्द्रमा ध्यावत नारद ऋद्धि-सिद्धि धन पाता ।
ॐ जय लक्ष्मी...
तुम पाताल निवासिन, तुमही सुख दाता ।
कर्म-प्रभाव प्रकासिनि, भवनिधि की त्राता ।
ॐ जय लक्ष्मी...
जिस घर तुम रहती, तहँ सब सद्गुण आता ।
सब सम्भव हो जाता मन नहिं घबडाता ।
ॐ जय लक्ष्मी...
तुम बिन यज्ञ न होवे वस्त्र नहीं पाता ।
खान पान का वैभव सब तुमसे आता ।
ॐ जय लक्ष्मी...
शुभ गुण-मन्दिर सुन्दर क्षीरदधि-जाता ।
रतन चतुरदश तुम बिन कोई नहिं पाता ।
ॐ जय लक्ष्मी...
महालक्ष्मीजी की आरती जो कोई गाता ।
उर आनन्द समाता, पाप उतर जाता ।
ॐ जय लक्ष्मी...

ॐ प्राणाय स्वाहा, ॐ अपानाय स्वाहा, ॐ व्यानाय स्वाहा, ॐ उदानाय स्वाहा, ॐ समानाय स्वाहा । ॐ श्री महालक्ष्म्यै नमः आचमनीयम् समर्पयामि ॥

**ताम्बूल–**

**पूंगीफलं महद्दिव्यं नागवल्ली दलैर्युतम्**
**एलाचुर्णादि संयुक्तं ताम्बूलं प्रतिगृह्यताम् ।**
**ॐ श्री महालक्ष्म्यै नमः ताम्बूलं समर्पयामि ॥**

**नीराजन–**

यसपश्चात् नीराजन गर्नुहोस् ।

**न तत्र सूर्यो भाति न चन्द्र तारकं नैता विद्युतो कुतो यमग्निः ।**
**समेन भान्तम् अनुभाति सर्व तस्य भासा सर्वमिदं विभाति ॥**
**ॐ श्री महालक्ष्म्यै नमः नीराजनं समर्पयामि ।**

**जल आरती–**

जलले आरती गर्नुहोस् ।

**ॐ द्यौः शान्तिरन्तरिक्ष (गूं) शान्तिः पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिर्वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिः ब्रह्म शान्तिः सर्व (गूं) शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ।**

**प्रदक्षिणा–**

निम्न मन्त्रका साथ माताको प्रदक्षिणा गर्नुहोस् ।

**सर्वमंगललाभाय सर्वपापनिवृत्तये**
**प्रदक्षिणां करोम्यम्ब ! प्रसीद परमेश्वरि ॥**
**ॐ श्री महालक्ष्म्यै नमः प्रदक्षिणां समर्पयामि ।**

**पुष्पांजलि–**

निम्न मन्त्र उच्चारण गर्दै पुष्पाञ्जली अर्पण गर्नुहोस् ।

**पुष्पांजलिं गृहाणेमां परब्रह्मस्वरूपिणी ।**
**भक्त्या समर्पितं देवि ! प्रसन्ना भव सर्वदा ॥**
**ॐ श्री महालक्ष्म्यै नमः पुष्पांजलिं समर्पयामि ।**

**क्षमा प्रार्थना–**

अब हात जोडेर क्षमा प्रार्थना गर्नुहोस् ।

**आवाहनं न जानामि न जानामि विसर्जनम् ।**
**पूजां चैव न जानामि क्षमस्व परमेश्वरि ॥**
**मंत्र हीनं क्रिया हीनं भक्ति हीनं न सुरेश्वरि**
**यत्पूजितं मया देवि परिपूर्णं तदस्तु मे ॥**
**ॐ तत् सद् ब्रह्मार्पणमस्तु । अनेन कृतेन पूजाराधन कर्मणा श्री महालक्ष्मी प्रीयताम् !**

दाहिने हातमा जल लिएर छोडिदिनुहोस् । यसपछि सबै परिवार मिलेर भगवती लक्ष्मीलाई प्रणाम अर्पण गर्नुहोस् र प्रसाद ग्रहण गर्नुहोस् ।



## कात्तिकका चाडपर्वहरू

| | |
|---|---|
| **कात्तिक १ गते** | **तां. बाघ भैरव हवन**<br>स्थान : बाघभैरव मन्दिर, कीर्तिपुर |
| **कात्तिक २ गते** | काग तिहार, धन्वन्तरि जयन्ती |
| **कात्तिक ३ गते** | **श्री शिव गोरक्ष हवन**<br>स्थान : पशुपति मृगस्थली गोरक्षपीठ<br>कुकुर तिहार, लक्ष्मी पूजा (दीपावलि) |
| **कात्तिक ४ गते** | **दिव्य गुरु महोत्सव**<br>स्थान : बसुन्धरा आश्रम, विद्याश्रमलगायत<br>**तां. बटुक भैरव हवन**<br>स्थान: बटुक भैरव मन्दिर, लगनखेल<br>**तां. गणपति हवन**<br>स्थान : सूर्यविनायक मन्दिर, भ.पु. |
| **कात्तिक ५ गते** | **तां. महालक्ष्मी हवन**<br>स्थान : महालक्ष्मी मन्दिर, ल.पु.<br>**तां. विन्ध्यवासिनी हवन**<br>स्थान: विन्ध्यवासिनी मन्दिर, पोखरा<br>म्ह पूजा, बलि पूजा, गोरु तिहार<br>न्हूदँ ११४६ शुभारम्भ |
| **कात्तिक ६ गते** | **तां. बगलामुखी हवन**<br>स्थान: बगलामुखी मन्दिर, ल.पु.पाटन<br>**तां. वेदव्यास हवन**<br>व्यास गुफा प्रांगण दमौली, तनहूँ<br>भाइटिका (किजा पूजा) |
| **कात्तिक १० गते** | छठ पूजा (डाला पूजा) |
| **कात्तिक १२ गते** | **तां. सिद्धिकाली हवन**<br>स्थान : ठिमी, सिद्धिकाली मन्दिर<br>गोरखकाली पूजा, महारुद्र कोटिहोम मेला |
| **कात्तिक १५ गते** | हरिबोधिनी एकादशी, तुलसी विवाह |
| **कात्तिक १६ गते** | ऋषिकेश रथयात्रा,<br>चाँगुनारायण अखण्डदीप दर्शन |
| **कात्तिक १९ गते** | **गोरक्ष प्रकट तिथि**<br>स्थान : बसुन्धरा आश्रमलगायत<br>अन्य सम्पर्क कार्यालयहरूमा<br>गुरु नानक जयन्ती |
| **कात्तिक २४ गते** | **तां. भगवान् शिव हवन**<br>स्थान : कोलमतेश्वर मन्दिर, थली |
| **कात्तिक २५ गते** | फाल्गुनन्द जयन्ती |
| **कात्तिक २६ गते** | गोरखकाली पूजा |
| **कात्तिक २९ गते** | **तां. विष्णुदेवी हवन**<br>स्थान : विष्णुदेवी मन्दिर, तीनथाना<br>उत्पत्तिका एकादशी |

**प्रत्येक वृहस्पतिबार बिहान १० बजे- गुरु पूजन,**
**प्रत्येक दिन साँझ ५ बजे- आरती**



# आदिशक्ति महालक्ष्मी



यो 'आदिशक्ति' शब्द व्याकरणको नियमअनुसार कर्मधारय समास भएर बनेको हो । यसको विग्रहवाक्य यस्तो हुन्छ– आद्या शक्तिः = आदिशक्तिः । नेपालीमा त्यसको विसर्ग काटेर 'आदिशक्ति' शब्द प्रयोग गरिएको हो । यसको अर्थ हुन्छ 'पहिलो शक्ति' । अब यहाँ प्रश्न उठ्छ– कोभन्दा पहिलो वा केभन्दा पहिलो ? ब्रह्मा, विष्णु, महादेवभन्दा पहिलो कि ब्रह्माण्डभन्दा पहिलो ? अथवा यी सबै कुराभन्दा पहिलो ? यस विषयमा हाम्रा शास्त्रहरूमा अनेक मत-मतान्तरहरू छन् । यी मतहरूका पनि दुई पक्ष छन्– दार्शनिक पक्ष र पौराणिक पक्ष । दार्शनिक पक्षभित्र पनि अनेक मत-मतान्तरहरू पाइन्छन् । एकथरी मतमा– अनादि पुरुष एक थियो, पहिले शक्तिको स्फुरण त्यसमा भयो र पछि त्यसैबाट सबै कुरो निस्कियो– 'पुरुष एवेद (गूं) सर्वं षद् भूतं षच्च भाव्यम् (पुरुषसूक्त) ।' अर्कोथरी मतमा– त्यस अनादि पुरुषमा शक्ति स्फुरण हुनुभन्दा पहिले त्यस अनादि पुरुषको अवस्था कस्तो थियो ? आफ्नो अस्तित्व प्रकट गर्न र त्यो अस्तित्व राख्नका लागि पनि शक्तिकै आवश्यकता पर्छ भने– कि त शक्ति स्फुरण हुनुभन्दा पहिले उसको अस्तित्व स्वीकार्न मिलेन र यस परिस्थितिमा ऊ अनादि हुन सकेन कि त शक्तिलाई पनि अनादि स्वीकार्नुपर्‍यो । त्यस्तो परिस्थितिमा 'आदिशक्ति ' भन्न मिलेन ।

'सा नित्यापि पुनः पुनः' र 'नित्यापि सा जगन्मूर्तिः'– आदि उक्तिहरूले शक्तिलाई नित्यवस्तुका रूपमा स्वीकारेका छन् । यस्तो परिस्थितिमा शक्तिको वास्तविकता के हो त भन्ने प्रश्न स्वाभाविक रूपले उठ्ने गर्दछ । मार्कण्डेयपुराणमा शक्तिसम्बन्धी अनेक प्रसङ्गहरू छन् । 'सप्तशती चण्डी' वा 'दुर्गा सप्तशती' त्यसै पुराणको प्रसङ्ग हो । त्यसमा अर्को एउटा रहस्यमय प्रसङ्ग छ । राजा सुरथ ऋषि सुमेधासित सोध्दछन्–

"भगवन्नवतारा मे चण्डिकायास्त्वयोदिताः ।
एतेषां प्रकृतिं ब्रह्मन् प्रधानं वक्तुमर्हसि ॥
आराध्यं यन्मया देव्याः स्वरूपं येन च द्विज ।
विधिना ब्रूहि सकलं यथावत् प्रणतस्य मे ॥"

अर्थात्– हे भगवान् ! हे ब्रह्मन् ! हे द्विजश्रेष्ठ ! तपाईंले चण्डिकाका अवतारहरूको कथा मलाई बताउनुभयो (सप्तशतीमा) । अब मलाई यी अवतारहरूको प्रधान प्रकृतिका विषयमा पनि शिक्षा दिनुहोस् । म तपाईंका पाउमा परेको छु । मैले देवीका जुन रूपको, जुन विधिले आराधना गर्नुपर्छ, त्यो सबै यथार्थरूपले बताइदिनुहोस् ।

राजाको यो प्रश्न सुनेर सुमेधा ऋषिले भने– "हे राजा सुरथ ! कति कुरा सोध्ने मानिसलाई सजिलै बताउन मिल्ने हुन्छन् तर कति कुराचाहिँ गोप्य र रहस्य हुन्छन् । ती गोप्य र रहस्य मन्त्र र चरित्रहरू अति नै शक्तिशाली हुन्छन् । त्यस्ता गोप्य र रहस्य मन्त्र र चरित्रहरू उदाङ्ग पारेर सबैलाई सुनाउँदा तिनको शक्ति क्षय हुनुपर्ने परिस्थिति आउँछ । किनभने मानिसहरू सबै परोपकारी, सहनशील, उदात्तचरित्रका र विशाल हृदयका हुँदैनन् । त्यस्ता शक्तिशाली, गोप्य र रहस्य मन्त्र र चरित्र कुनै नीच प्रकृतिको व्यक्तिले जान्यो भने उसले त्यसको दुरुपयोग गर्न थाल्दछ । त्यसबाट परपीडा सम्पन्न हुन्छ । त्यसले गर्दा त्यो कल्याणकारी मन्त्र वा चरित्र धातक बन्न पुग्दछ ।

उदाहरणका लागि देवीकै एउटा रूप वेदमाता गायत्रीलाई लिन सकिन्छ । गायत्रीलाई ऋषि-मुनिहरूले 'कामधेनु' पनि भनेका छन् । गोप्य राखेर विधिपूर्वक यसको अनुष्ठान गर्दा

यसबाट प्राप्त नहुने कुनै कुरो छैन । त्यसैले यसलाई कल्याणकारी र शक्तिशाली राख्न यसका ग्राहकले पालना गर्नुपर्ने केही नियमहरू छन् । कुनै नैष्टिक र वैदिक ब्राह्मणबाट, ज्योतिषीले जुराएको शुभमुहूर्तमा गायत्रीका ग्राहकले एकान्तमा यो मन्त्र सुन्नुपर्दछ । त्यो सुन्ने मानिसले कति दिन अघिदेखि व्रत लिएर त्यसका बन्धनमा बाँधिएर रहनुपर्दछ, जुन क्रियालाई 'व्रतबन्ध ' भन्दछन् । त्यसरी व्रतमा बाँधिएर रहन गृहस्थ जीवनमा प्राय: असम्भव हुने हुनाले त्यस गायत्री दिइने वटुलाई 'उपनयन' गरिन्थ्यो । उपनयन गर्नु भनेको कुनै आश्रमवासी वैदिक ब्राह्मणका छेउमा वटुकलाई लैजानु हो । त्यहाँ लगेपछि ती वैदिक गुरुले उसलाई शौचाचारको शिक्षा दिन थाल्दथे । मनुस्मृतिमा भनिएको छ–

"उपनीय गुरु: शिष्यं शिक्षयेच्छौचमादित: ।"

अर्थात् गुरुले शिष्यलाई आफ्ना आश्रममा ल्याएपछि शौचाचारका विषयमा आरम्भदेखिकै शिक्षा दिनू ।

यसरी शिक्षा पाउन थालेपछि ऊ व्रतमा बाधिँदै जान्छ अर्थात् उसको व्रतबन्ध हुँदै जान्छ । अब शिष्य संस्कारयुक्त बन्यो भन्ने विश्वास गुरुलाई भएपछि शुभ मुहूर्तमा, अग्निकुण्डका समीपमा, अरूले नसुन्ने गरी गायत्री मन्त्र सुनाउँथे, शिष्यले पनि विधिपूर्वक अनुष्ठानका साथ गायत्रीको उपासना गर्दथ्यो र यसबाट धर्म, अर्थ, काम मोक्ष– यी चारै वर्ग उपलब्ध हुन्थे ।

आज तिमीले मसँग गरेको प्रश्न पनि यस्तै गोप्य र रहस्य छ । तर तिमी उदात्त चरित्र र सफा चित्रका मेरा भक्त भएकाले तिमीलाई यो गोप्य कुरा बताउँदा फरक पर्दैन, त्यसकारण ध्यान दिएर सुन ।

त्रिगुणमयी परमेश्वरी महालक्ष्मी नै सबको आदि कारण हुनुहुन्छ । उहाँ नै दृश्य र अदृश्य रूपले सम्पूर्ण विश्वलाई ढाकेर रहनुभएको छ । अर्थात्–

सर्वस्याद्या महालक्ष्मीस्त्रि गुणा परमेश्वरी ।
लक्ष्यालक्ष्यस्वरूपा सा व्याप्य कृत्स्नं व्यवस्थिता ॥

तताएको सुनको जस्तो उहाँको कान्ति छ । शुद्ध सुनका गहना उहाँले पहिरनुभएको छ । उहाँले आफ्ना तेजले यस शून्य जगत्लाई परिपूर्ण गर्नुभएको छ । त्यस्ती परमेश्वरी महालक्ष्मीले यस सम्पूर्ण जगत्लाई शून्य देखेर केवल तमोगुण उपाधिद्वारा एक अन्य उत्कृष्ट रूप धारण गर्नुभयो । त्यो रूप एक नारीका रूपमा प्रकट भयो, जसको शरीरको कान्ति शुद्ध गाजलको जस्तो कालो रङ्गको थियो । त्यसरी प्रकट भएकी तामसी देवीले महालक्ष्मीलाई भन्नुभयो– "माताजी ! तपाइँलाई नमस्कार छ, मलाई मेरा नाम र कर्म बताउनुहोस् ।"१

तब महालक्ष्मीले स्त्रीहरूमा श्रेष्ठ ती तामसी देवीलाई भन्नुभयो– "हे देवी ! कर्मअनुसार तिम्रा यी नामहरू हुनेछन्– महामाया, महाकाली, महामारी, क्षुधा, तृषा, निद्रा, तृष्णा, एकवीरा, कालरात्रि र दुरत्यया ।"

हे राजा ! महाकालीसँग यसो भनेर महालक्ष्मीले अत्यन्त शुद्ध सत्त्वगुणद्वारा अर्को रूप धारण गर्नुभयो, जो चन्द्रमासमान गौरवर्ण थियो । महालक्ष्मीले तिनका नाम निम्नलिखित राख्नुभयो– महाविद्या, महावाणी, भारती, वाक्, सरस्वती, आर्या, ब्राह्मी, कामधेनु, वेदगर्भा र धीश्वरी (बुद्धिकी देवी) । त्यसपछि महालक्ष्मीले महाकाली र महासरस्वतीलाई भन्नुभयो– "हे देवीहरू ! तिमी दुई आ-आफ्ना गुणहरूका योग्य स्त्रीपुरुषका जोडा उत्पन्न गराओ ।" ती दुईलाई यति भनेपछि महालक्ष्मीले पहिले आफैले स्त्रीपुरुषको एक जोडा उत्पन्न गर्नुभयो । ती दुवै हिरण्यगर्भ सुन्दर तथा कमलासनमा विराजमान थिए । तीमध्ये एउटी स्त्री थिइन् र अर्का पुरुष थिए । त्यसपछि माता महालक्ष्मीले ती पुरुषलाई ब्रह्मन् विधे विरिञ्च, धात: भनेर सम्बोधन गर्नुभयो र स्त्री चाहिँलाई श्री, पद्मा, कमला, लक्ष्मी, इत्यादि नामले पुकार्नुभयो ।२

त्यसपछि महाकाली र महासरस्वतीले पनि एक-एक जोडा उत्पन्न गरे । महाकालीले कण्ठमा नीलो चिह्नले युक्त, लालभुजा, श्वेत शरीर मस्तकमा चन्द्रमुकुट धारण गर्ने पुरुषलाई र गोरो रङ्गकी स्त्रीलाई जन्म दिइन् । ती पुरुष- रुद्र, शङ्कर, स्थाणु, कपर्दी र त्रिलोचन नामले प्रसिद्ध भए तथा स्त्रीका- त्रयी, विद्या, कामधेनु, भाषा, अक्षरा र श्वरा- यी नाम भए ।३

हे राजा सुरथ ! महासरस्वतीले पनि गोरो रङ्गकी स्त्री र श्याम रङ्गका पुरुषलाई प्रकट गरिन् । ती दुईमध्ये पुरुषका नाम-विष्णु, कृष्ण, हृषीकेश, वासुदेव र जनार्दन भए तथा स्त्रीका नाम- उमा, गौरी, सती, चण्डी, सुन्दरी, सुभगा र शिवा भए ।४

हे राजा सुरथ ! महालक्ष्मीले त्रयी विद्यारूप सरस्वतीलाई ब्रह्माका लागि पत्नीका रूपमा प्रदान गर्नुभयो । रुद्रलाई वरदायिनी गौरी तथा वासुदेवलाई लक्ष्मी प्रदान गर्नुभयो । सरस्वतीका साथ संयुक्त भएर ब्रह्माले ब्रह्माण्ड उत्पन्न गराए र रुद्रले गौरीका सहायताले त्यस ब्रह्माण्डको भेदन गरे । त्यस ब्रह्माण्डमा महत्तत्त्व आदि कार्य समूह- पञ्चमहाभूतात्मक समस्त स्थावर-जङ्गमरूप जगत्को उत्पति भयो । लक्ष्मीका साथ रहेर विष्णुले त्यस जगत्को पालन-पोषण गरे । प्रलयकालमा गौरीको साथ रहेर महेश्वरले सम्पूर्ण जगत्को संहार गरे ।५

त्यसकारण हे राजा ! महालक्ष्मी नै सर्वसत्त्वमयी तथा सबै तत्त्वहरूकी अधीश्वरी हुनुहुन्छ । उहाँ नै निराकार तथा साकाररूपमा रहेर नाना प्रकारका नाम धारण गर्नुहुन्छ । सगुणवाचक- सत्य, ज्ञान, चित्, महामाया आदि नामान्तरहरूद्वारा महालक्ष्मीको निरूपण गर्नुपर्दछ । केवल एक नाम (महालक्ष्मी) मात्रले अथवा अन्य प्रत्यक्ष आदि प्रमाणले उहाँको वर्णन हुन सक्तैन ।६

यसरी महालक्ष्मी आद्या शक्ति महामाया ब्रह्मा, विष्णु र रुद्रकी पनि जननी हुन् र सम्पूर्ण विश्व उनैबाट उत्पन्न भएको छ र आदि वा मूल प्रकृति पनि उनै हुन् । श्री यन्त्रमा पूजिने श्री महाविद्या पनि उनै हुन् र यो रहस्य बुझेर गोप्यतापूर्वक महालक्ष्मीको अनुष्ठान गर्नाले चतुर्वर्ग नै प्राप्त हुने कुरामा कुनै सन्देह छैन ।

सन्दर्भ–


१. हेर्नुहोस् प्राधानिक रहस्य ६-१० श्लोक
२. ,, ,, ,, श्लोक ११-१९
३. ,, ,, ,, ,, २०-२२
४. ,, ,, ,, ,, २३-२४
५. ,, ,, ,, ,, २६-२९
६. ,, ,, ,, ,, ३०-३१


# माता लक्ष्मीका नौ कलाहरू

जुन व्यक्तिमा लक्ष्मीका यी नौ कलाहरूको विकास हुन्छ, लक्ष्मी त्यहीँ चिरकालसम्मका लागि विराजमान रहनुहुन्छ ।

१. विभूति– सांसारिक कर्तव्य पूरा गर्दै दानरूपी कर्तव्य जहाँ विद्यमान हुन्छ अर्थात् शिक्षा, दान, रोगी सेवा, जलदान, इत्यादि कर्तव्य लक्ष्मीको 'विभूति'नामक पीठिका हो, जुन लक्ष्मीको पहिलो शक्ति हो ।

२. नम्रता– दोस्रो शक्ति नम्रता हो । व्यक्ति जति नम्र हुन्छ, लक्ष्मीले उसलाई उति नै माथि उठाउनुहुन्छ ।

३. कान्ति– जब विभूति र नम्रता दुवै कला आउँदछन्, तब व्यक्ति तेस्रो कला 'कान्ति'को पात्र बन्दछ । उसको अनुहारमा एक प्रकारको तेज व्याप्त हुन्छ ।

४. तुष्टि– माथिका तीनै कलाहरूको प्राप्तिपछि 'तुष्टि'नामक चतुर्थ कलाको आगमन हुन्छ । वाणी सिद्धि, व्यवहार, गति, नयाँ-नयाँ कार्य, पुत्र प्राप्ति, दिव्यता- सबै उसमा एकरस हुन पुग्दछ ।

५. कीर्ति– यो लक्ष्मीको पाँचौं कला हो र यसको उपासना गरेपछि साधक आफ्नो जीवनमा धन्य हुन्छ र संसारको आधारको अधिकारी हुन्छ ।

६. सन्नति– कीर्ति साधनाबाट लक्ष्मीको छैटौं कला 'सन्नति' मुग्ध भई विराजमान हुन्छिन् ।

७. पुष्टि– यस कलाद्वारा साधकले आफ्नो जीवनमा सन्तुष्टि अनुभव गर्दछ र उसले आफ्नो जीवनको सार बुझ्दछ ।

८. उत्कृष्टि– यस कलाबाट जीवनको क्षय दोष समाप्त भई केवल वृद्धि नै वृद्धि हुन्छ ।

९. ऋद्धि– सबैभन्दा महत्त्वपूर्ण एवं सर्वोत्तम कला ऋद्धिलाई पीठाधिष्ठात्री भनिएको छ । माथिका आठ कलाहरू प्राप्त गरेपश्चात् यो कला स्वत: समाविष्ट हुनजान्छ ।

# श्रीसूक्त

लक्ष्मीको प्रचुरता कर्ममा आधारित छैन। कर्म लक्ष्मीका अनेकौं आयाममध्ये एउटा आयाम मात्र हो। यदि कर्मकै आधारमा लक्ष्मी प्राप्ति हुन्थ्यो भने मजदूरी गर्ने मजदूर सबैभन्दा लक्ष्मीवान् हुनुपर्थ्यो। कर्मका साथसाथै भाग्यले पनि लक्ष्मीको प्राप्तिको अनुसन्धानमा महत्त्वपूर्ण भूमिका खेल्दछ। भाग्यको विपरीतताले कर्मको फललाई क्षीण गरिदिन्छ। जहाँ कर्म धेरै र फल न्यून हुन थाल्छ, त्यहाँ श्रीसूक्तद्वारा लक्ष्मीको उपासना गर्ने क्रम प्रारम्भ हुन्छ। दुर्भाग्यशाली व्यक्तिले पनि यदि श्रीसूक्तद्वारा पारद वा स्फटिकको प्राण-प्रतिष्ठित श्रीयंत्रलाई स्थापित गरी पूर्ण श्रद्धाका साथ पूजन गर्दछ भने दुर्भाग्य विस्तारै विस्तारै सौभाग्यमा परिवर्तित हुन थाल्दछ। दुर्भाग्य र सौभाग्यको दूरी यो श्रीसूक्तको पाठले कम गर्दछ। प्रत्येक लक्ष्मी आराधनापश्चात् श्रीसूक्त पाठ गर्नाले साधनामा हुन गएका अज्ञात कमीहरूलाई पूरा गर्दछ। यस श्रीसूक्तको पाठ स्वच्छ वस्त्र धारण गरेर मात्र गर्नुपर्दछ। पाठ गर्नुभन्दा पहिले श्रीयंत्रमाथि कमल वा गुलाफजस्ता फूल अर्पण गर्नुपर्दछ र आफ्नो अगाडि दीयो बालेर पाठ गर्नुपर्दछ। च्यातिएको वस्त्र लगाई यो पाठ गर्न पूर्णतः वर्जित गरिएको छ।

**ॐ हिरण्यवर्णां हरिणीं सुवर्णरजतस्रजाम्**
**चन्द्रां हिरण्यमयीं लक्ष्मीं जातवेदो म आवह ।**

हे जातवेदरूपी अग्निदेव ! हजूर त भूतकालका सबै वृत्तान्तहरू थाहा पाउनुहुन्छ, हजूरबाट कुनै पनि कुरा लुकेको छैन। हजूर भूतकालका वृत्तान्तहरू सुनाउने हुनुहुन्छ। हजूर स्वर्णसमान पहेँलो वर्णकी तथा केही हरियो वर्ण भएकी र हरिण रूप धारण गरेकी स्वर्ण मिरित रजतको माला धारण गर्ने र चन्द्रमाको जस्तै श्वेत पुष्पमाला धारण गर्ने र चन्द्रमाले जस्तै विश्वलाई, सम्पूर्ण जगत्लाई खुशी बनाउने अथवा अति चञ्चल हिरण्यसमान् रूप भएकी अथवा जसको देह हिरण्यमय नै छ, यस्तो सर्वगुण सम्पन्न श्री अर्थात् लक्ष्मीलाई मेरा निमित्त डाक्नुहोस्।

**तां म आवह जातवेदो लक्ष्मीमनपगामिनीम्**
**यस्यां हिरण्यं विन्देहं गामश्वं पुरुषानहम् ।**

हे जातवेदरूपी अग्निदेव ! हजूर यस संसारभरिनै प्रख्यात भगवान् विष्णुकी पत्नी लक्ष्मीलाई मेरो नजीक बोलाउनुहोस्, जसलाई आह्वान गर्नाले म स्वर्ण गाई, घोडा र पुत्र-पौत्रादि प्राप्त गर्न सकूँ।

**अश्वपूर्वां रथमध्यां हस्तिनाद प्रबोधिनीं**
**श्रियं देवी मुपह्वये श्रीर्मादेवी जुषताम् ।**

जुन देवीको अगाडि घोडा र बीचमा रथ छ अथवा जसका सामु रथमा घोडा जोतिएको छ, यस्तो रथमा बस्नुभएकी, महापुरुषहरूका गौरवले संसारलाई नै हर्षित बनाउनु हुने, प्रफुल्लित बनाउनु हुने, देदीप्यमान र संसारका समस्त व्यक्तिहरूलाई आश्रय दिनुहुने श्रीलाई म मेरासामु बोलाउँदछु। देदीप्यमान सबैलाई आश्रय दिनुहुने ती लक्ष्मीले मेरो घरमा सदा बास गरून्।

**कांसोस्मितां हिरण्यप्राकारामार्द्रां ज्वलन्तीं तृप्तां तर्पयन्तीं**
**पद्मे स्थितां पद्मवर्णां तामिहोपह्वये श्रियम् ।**

जसको रूप, वाणी र मनको विषय नभएका कारण अवर्णनीय छिन् र मन्दमन्द मुस्कानले युक्त हुनुहुन्छ, जसका वरिपरि सुनैसुनले भरिएको छ र दयाले आर्द्र हृदय भएकी अथवा समुन्द्रबाट उत्पन्न भएको कारण आर्द्र शरीर भए पनि देदीप्यमान हुनुहुन्छ, आफू स्वयं पूर्णकाम भएकी हुनाले भक्तहरूका विभिन्न मनोकामनाहरू पूरा गर्नुहुने, कमलको फूलमाथि विराजमान्, कमल ग्रहमा निवास गर्नुहुने, संसार प्रसिद्ध लक्ष्मीलाई म मेरो नजीक बोलाँउदछु।

**चन्द्रांप्रभासां यशसा ज्वलन्तीं श्रियं लोके देवजुष्टामुदाराम्**
**तां पद्मनेमिं शरणमहं प्रपद्येऽलक्ष्मीर्मे नश्वतां त्वां वृणोमि ।**

चन्द्रमाजस्तै प्रकाश दिनुहुने, आफ्नै कान्ति, कीर्तिले देदीप्यमान्, स्वर्गलोकमा इन्द्रादि देवताहरूबाट पूजित, अत्यन्त नै दानशील, कमलको फूलको मध्यमा बस्नुहुने, सबैको रक्षा गर्नुहुने एवं आश्रय दिनुहुने, जगत्विख्यात ती लक्ष्मीलाई प्राप्त गर्दछु ! हे लक्ष्मी ! हजूरको परमकृपाले मेरो दरिद्रता नाश होस् ! अतः म स्वीकार गर्दछु अर्थात् म हजूरको शरणमा पर्दछु।

**आदित्यवर्णे तपसोऽधिजातो वनस्पतिस्तव वृक्षोऽथ बिल्वः**
**तस्य फलानि तपसा नुदन्तु मायान्तरायाश्च बाह्या अलक्ष्मीः ।**

सूर्यको जस्तै कान्ति भएकी, हजूरको तेजोमयी प्रकाशबिना फूलको फल दिनुहुने एउटा विशेष वृक्ष उत्पन्न भएको थियो। त्यसपछि हजूरको हातमा वेलको वृक्ष उत्पन्न भएको थियो। त्यस वृक्षको फलले मेरो वाह्य तथा अभ्यान्तर (मन र संसार) को दरिद्रतालाई नष्ट गरोस्।

**उपैतु मां देवसखः कीर्तिश्च मणिना सह**
**प्रादुर्भूतोऽस्मि राष्ट्रेऽस्मिन् कीर्तिमृद्धिं ददातु मे ।**

हे लक्ष्मी ! देवसुख अर्थात् भगवान् महादेवका मित्र इन्द्र कुवेरादि देवताहरूको अग्नि मलाई प्राप्त होस् अर्थात् म अग्निदेवको उपासना गरूँ र मणिका साथ अर्थात् चिन्तामणिका साथ अथवा कुवेरका मित्र मणिभद्रका साथ अथवा रत्नहरूका साथ, कीर्ति अर्थात् दक्षकन्या कुवेरको कोषशाला अथवा यश मलाई प्राप्त होस्। यसो भन्नुको अर्थ मलाई धन र यश दुवै प्राप्त होस्, म यस संसारमा उत्पन्न भएको छु, यसकारण हे कुवेरदेव ! हजूर मलाई यश र ऐश्वर्य प्रदान गर्नुहोस्।

**क्षुत्पिपासामलां ज्येष्ठामलक्ष्मीं नाशयाम्यहम्**
**अभूतिमसमृद्धिं च सर्वान्निर्णुद मे गृहात् ।**

भोक र तीर्खारूपी मललाई धारण गर्ने र लक्ष्मीकी ठूली दिदी दरिद्रतालाई म नाश गर्दछु अर्थात् टाढा गर्दछु। हे लक्ष्मी ! हजूरले मेरो घरबाट ऐश्वर्यहीनता र धन वृद्धिको प्रतिबन्धक बाधाहरूलाई हटाउनुहोस्।

**गन्धद्वारां दुराधर्षां नित्यं पुष्टां करीषिणीम्**
**ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ।**

सुगन्धित फूलहरू समर्पण गरेर प्राप्त गर्न योग्य, कसैबाट पनि नहोच्चिन योग्य, धनधान्यले सदा परिपूर्ण, गाई, घोडा आदि पशुहरूलाई समृद्धि दिने, समस्त प्राणीहरूको स्वामिनी तथा संसार प्रसिद्ध लक्ष्मीलाई म आफ्नो घरमा सादर निमन्त्रण गर्दछु।

**मनसः काममाकूतिं वाचः सत्यमशीमहि**
**पशूनां रूपमन्नस्य मयि श्रीः श्रयतां यशः।**

हे लक्ष्मी ! हजूरको प्रभावबाट म मानसिक इच्छा र सङ्कल्प, वाणीको सहायता, सत्यता, गाई आदि पशुहरूको अप (अर्थात् दुर्गन्धादि एवं यव ब्रीह्मादि) र अन्य रूपहरू (अर्थात् भक्ष्य, भोज्य, चोष्य लेह्म, चतुर्विध, भोज्य पदार्थ) यी सबै पदार्थहरू प्राप्त गर्न सकूँ। सम्पत्ति र यश मैले पाऊँ अर्थात् म लक्ष्मीवान् र कीर्तिवान् बनूँ।

**कर्दमेन प्रजाभूता मयि संभव कर्दम**
**श्रियं वासय मे कुले मातरं पद्ममालिनीम् ।**

कर्दम नाम गरेका ऋषिबाट लक्ष्मी प्रकृष्ट पुत्रयुक्त हुनुहुन्छ। हे कर्दम ! मेरो घरमा मभित्र राम्ररी वास गर्नुहोस् अर्थात् कर्दम ऋषिको कृपा भएमा लक्ष्मीले मेरो घरमा वास गर्नैपर्छ। हे कर्दम ! मेरो घरमा लक्ष्मीले वास गरून्। मेरो तपाईंप्रति यति मात्र प्रार्थना होइन कि कमलको माला धारण गर्नुहुने, सम्पूर्ण संसारकी माता लक्ष्मी (ख्याति नाम गरेकी कन्याकी पुत्री) लाई मेरो वंशमा निवास गराउनुहोस्।

**आपः स्रजन्तु स्निग्धानि चिक्लीत वस मे गृहे**
**नि च देवी मातरं श्रियं वासय मे कुले ।**

जसरी कर्दम ऋषिका सन्तान ख्यातिले गर्दा लक्ष्मी अवतरित हुनुभयो त्यसैगरी कल्पान्तरमा पनि समुद्र मंथनद्वारा चौध रत्नहरूका साथ लक्ष्मीको पनि अविर्भाव भयो। (यसैकारण भन्न सकिन्छ कि) वरुण देवतालाई स्निग्ध अर्थात् मनोहर पदार्थबाट उत्पन्न गर्नुहोस्। पर्दाथहरूमा लक्ष्मीको आनन्द, कर्दम, चिक्लीत, र श्रुति यी चार पुत्रहरू छन्। यीमध्ये चिक्लीतलाई प्रार्थना गरिन्छ कि हे चिक्लीत नामक लक्ष्मी पुत्र तपाईं मेरो घरमा वास गर्नुहोस्। केवल तपाईं मात्र होइन, दिव्य गुणयुक्त अर्थात् सर्वाश्रयभूता आफ्नी माता लक्ष्मीलाई पनि मेरो घरमा निवास गराउनुहोस्।

**आर्द्रां पुष्करिणीं पुष्टिं पिंगलां पद्ममालिनीम्**
**चन्द्रा हिरण्मयीं लक्ष्मीं जातवेदो मऽआवह ।**

हे अग्निदेव ! हजूर मेरो घरमा सदा दयार्द्रचित्त अथवा समस्त युवकहरू जसको याचना गर्दछन्, दुष्टहरूलाई दण्ड दिने अथवा यष्टिवत् (अवलम्बनीय), सारांशमा जसरी वैशाखीबिना असमर्थ व्यक्ति हिँड्न सक्दैन त्यसैगरी संसारको कुनै पनि काम चल्ने सक्दैन। सुन्दर वर्ण भएकी र स्वर्ण माला लाएकी सूर्यरूपा अर्थात् जसरी सूर्यले प्रकाश र पानीद्वारा संसारको पालनपोषण गर्नुहुन्छ त्यसैगरी लक्ष्मी ज्ञान र धनद्वारा संसारको पालनपोषण गर्नुहुन्छ ! यसैकारण प्रकाशस्वरूपा माता लक्ष्मीलाई बोलाउनुहोस्।

**तां म आवह जातवेदो लक्ष्मीमनप गामिनीम्**
**यस्यां हिरण्यं प्रभूतिं गावो दास्योऽश्वान् विन्देयं पुरुषानहम् ।**

हे अग्निदेव ! हजूरले मेरो घरमा जगत् विख्यात लक्ष्मीलाई, जो मलाई छोडेर अन्यत्र कहीं पनि जानुहुन्न, बोलाउनुहोस्। जुन लक्ष्मीका निमित्त मैले सुन, उत्तम ऐश्वर्य, गाई, दासी, घोडा र पुत्र-पौत्रादिहरू पाऊँ अर्थात् स्थिर लक्ष्मीलाई बोलाउनुहोस्।

**यः शुचिः प्रयतो भूत्वा जुहुयादाज्यमन्वहम्**
**सूक्तं पञ्चदशर्चञ्च श्रीकामः सततं जपेत् ।**

जो व्यक्ति लक्ष्मी प्राप्तिको कामना गर्दछ, उसले पवित्र र सावधान भएर प्रतिदिन आगोमा गाईको घिउको हवन र श्रीसूक्तको पन्द्र श्लोकको नित्य पाठ गरोस्।

# दीपावली :
# आत्म-दीपकको प्रतीक

विजयादशमी लगत्तै आउने महान् चाड तिहार अर्थात् दीपावली हामी नेपालीहरू मात्र होइन विश्वको कुना कुनामा निवास गर्ने सम्पूर्ण हिन्दु धर्मावलम्बीहरूको साथै अन्य देशहरूमा समेत विशेष धार्मिक महत्त्वका साथ यो पर्व मनाएको पाइन्छ। सिंगापुरमा दीपम वल्ली, थाइल्यान्डमा क्रिचंध, मलेसियामा हरि दीपावली, दक्षिण अफ्रिकामा गुजराती रितीले तथा म्यानमारमा हाम्रो जस्तै तरिकाले दीपावली मनाउने प्रचलन छ ।

यसैगरी अष्ट्रेलिया, केन्या, श्रीलङ्का, जापान अमेरिका र इंगल्याण्डमा पनि आफ्नै तरिकाले धूमधामका साथ यो पर्व मनाउनुमा सबैको अर्थ र उद्देश्य लगभग एक नै हुन्छ। लक्ष्मीको पूजा गर्नु तथा घरमा सुख सम्वृद्धिको कामना गर्नु सबैको मान्यता र विश्वास रहेको हुन्छ।

नेपालमा यो पर्व पाँच दिनसम्म मनाइन्छ। यसैले यी पाँच दिनलाई यम पञ्चक पनि भनिन्छ । काग तिहार, कुकुर तिहार, लक्ष्मी पूजा, म्ह पूजा अर्थात् आत्माको निवास स्थान पञ्च तत्त्वले बनेको आफ्नै शरीर एवं किजा पूजा अर्थात् भाइटिका समेत गरेर पाँच दिनसम्म बडो हर्षोल्लासका साथ मनाइने यस पर्वमा नेपालीहरू आ-आफ्नो घर आँगनलाई सफा गरेर सबै ठाउँमा बत्ती बालेर झिलिमिली पार्छन् ।

कात्तिक कृष्ण अमावास्याको घोर कालिमायुक्त रात, जहाँ सम्पूर्ण प्रकृति जगतमा अत्यन्त अन्धकार छाएको हुन्छ भने मानिसहरू आ-आफ्नो घर, आँगन, चोक र सडक, गल्लीहरूमा दीप बालेर सर्वत्र उज्यालो पार्छन्। कात्तिक कृष्ण अमावास्याको एक दिन अघि कात्तिक कृष्ण चतुर्दशीको दिनलाई नरक चतुर्दशी भनिन्छ। अतीतमा एक जना नरकासुर नाम गरेका असुर राजाले सारा सृष्टिमा आफ्नो आधिपत्य जमाई देवताहरूलाई बन्दी बनाएका थिए रे ।

भगवान्ले यही कात्तिक कृष्ण अमावास्याको दिनमा नरकासुरको वध गरी सारा देवताहरूलाई स्वतन्त्र गरी भयमुक्त बनाइदिनु भएकोले यस दिनलाई नरक चतुर्दशी भनिएको मान्यता छ। यसै गरी दैत्यहरूका राजा बलिले पनि सारा भूमण्डललाई नै आफ्नो वशमा पारी धन सम्पत्तिकी अधिष्ठात्री देवी लक्ष्मीसहित सम्पूर्ण देवीदेवताहरूलाई बन्दी बनाई कारागारमा कैद गरी राखेका थिए ।

भगवान्ले बली राजामाथि विजय प्राप्त गरी सम्पूर्ण देवी देवताहरूका साथै श्री लक्ष्मीलाई पनि यही कात्तिक कृष्ण अमावस्याको दिन कारागार मुक्त गरी बलि राजालाई पाताल लोकमा निर्वासित गरिदिनु भएकोले यसैको स्मृतिमा दीपावली मनाउन थालिएको हो भन्ने पौराणिक आख्यान पाइन्छ ।

कार्तिक कृष्ण अमावस्याको रात्रिलाई कालरात्रि पनि भनिन्छ । फाल्गुण कृष्ण अमावस्यालाई परमात्मा शिवको पृथ्वीमा अवतरण भएको दिन शिवरात्रि भनिन्छ अनि आश्विन शुक्ल प्रतिपदादेखि आश्विन शुक्ल नवमीसम्मका नौ दिनलाई नवरात्रि भन्ने गरिन्छ। नवरात्रिमा नवदुर्गा देवीको पूजा गरेर असत्य शत्रु पक्षमाथि विजय प्राप्त गर्न शक्तिको आराधना गर्ने गरिन्छ ।

शिवरात्रिमा परमात्मा शिवको यस धर्तीमा अवतरणको उपलक्ष्यमा रातभर जागरण बसी परमात्मा शिवको आराधना गरिन्छ। अनि कालरात्रि अर्थात् कात्तिक कृष्ण अमावस्याको रात तान्त्रिकहरू तन्त्रोक्त विधिद्वारा आफ्नो मन्त्र सिद्धि प्राप्तिको लागि देवीको आराधना एवं पूजा गर्ने गर्दछन् । उनीहरूको मान्यता छ कि यस रातमा देवीको तन्त्रोक्त विधिद्वारा साधना एवं पूजा गर्नाले मनोवाञ्छित मन्त्र-सिद्धि प्राप्त गर्न सकिन्छ। कालरात्रिमा शक्तिको उपासना गर्नाले धनधान्य एवं सुख सौभाग्य प्राप्त हुन्छ, शत्रुको विनाश हुन्छ भन्ने मान्यता छ ।

दीपावलीको रातलाई महारात्रि पनि भन्ने गरिन्छ । कलियुगको यो अन्तिम खण्ड घोर अज्ञानको समय हो, अन्धकार रात्रि समान। यही बेलामा परमपिता परमात्माले उपदेश गर्नुभएको राजयोगको साधना गर्नाले सम्पूर्ण दैवी गुणहरूरूपी परम सिद्धि प्राप्त भई भावी सत्ययुगमा अखुट धन सम्पत्ति एवं सुख सौभाग्य प्राप्त हुन्छ। जो यस समयमा अल्छी भएर राजयोगको साधनाबाट वञ्चित रहन्छ ऊ सौभाग्य एवं धन सम्पत्तिकी देवी श्रीलक्ष्मीको आशीर्वादबाट पनि वञ्चित नै रहन्छ ।

अत: यदि श्री लक्ष्मीलाई आफ्नो घरमा स्वागत गर्न चाहन्छौं र लक्ष्मी नारायणको राज्यमा प्रवेश चाहन्छौं भने आफ्नो जीवनमा दैवीगुणहरूलाई धारण गर्नु अति आवश्यक छ । तसर्थ यस अज्ञानान्धकारयुक्त कलियुगी कालरात्रिमा परमात्माद्वारा प्रदान राजयोगको साधना गर्नाले एवं सर्वत्र सबैमा ज्ञान ज्योति बालेर ज्ञानको प्रकाश छर्नाले सुख सौभाग्य एवं अतुल सम्पत्ति प्राप्त हुनेछ ।

दीपावली चाड अति नै रमाइलो तथा उज्ज्वल पर्व हो। यस पर्वमा सबैले आ-आफ्ना घर-आँगनलाई सजाएका हुन्छन् । सरसफाईका दृष्टिले बेला बेला सरसफाई गर्न प्रेरणा दिने यस्ता उत्सव हुनु अति नै खुशीको कुरा हो । जसरी बाहिरी अन्धकारले हामीलाई हानी गर्दछ, त्यो भन्दा बढी हानिकारक हुन्छ हामीभित्रको अन्धकार। हामीभित्रका अन्धकार पक्ष भनेका काम, क्रोध, लोभ, मोह, अहङ्कार, शङ्का, भय आदि हुन् ।

जबसम्म हामीभित्र यस्ता अन्धकार पक्ष रहिरहन्छन् तबसम्म साँचो शान्ति पाउन सकिँदैन। साँचो सुख शान्ति प्राप्त गर्नका लागि हामीले यस्ता अन्धकारलाई हटाएर गुणको धारण गर्न सक्नुपर्छ ।

दैवी गुण धारण गर्दा हामीभित्रको कमी-कमजोरी नष्ट हुँदै जान्छ। जब मन निर्विकार बन्दै जान्छ तब भित्री खुसी प्राप्त हुन थाल्दछ । यसरी भित्रैबाट शुद्ध निर्मल बनेपछि हामी बन्धनमुक्त बन्दछौँ अनि मात्र हामी आन्तरिक खुसीको दीपावली मनाउन समर्थ्यवान् बन्न सक्छौँ ।

हाम्रो धार्मिक धरोहरको रूपमा रहेको यस दीपावली पर्वले हामी सबैलाई आफ्नो वातावरण स्वच्छ, सफा र सुमधुर राख्न प्रेरणा र प्रोत्साहन दिन्छ। घरको कुनै कुना पनि फोहर-मैला रह्यो भने स्वच्छताकी देवी लक्ष्मीको आगमन हुँदैन भन्ने विश्वासअनुरूप सबै सर-सफाईमा तल्लीन हुन्छन् । यो हाम्रो प्रयासले घर-घर मात्र होइन बाह्य वातावरण पनि स्वच्छ हुन पुग्छ। भगवान् लाई पनि त्यो स्थान प्रिय हुन्छ जुन स्वच्छ, पवित्र र दिव्य हुन्छ । स्वच्छता लक्ष्मीको पनि मन पर्ने विषय हो ।

जहाँ स्वच्छता हुन्छ त्यहाँ देवीदेवताको वास हुन्छ। देवीलाई प्रसन्न गर्न भए पनि टोल समाजको सरसफाई गर्नु प्रशंसनीय कार्य हो । अस्वच्छताबाट समाजमा जुन प्रतिकूल प्रभाव पर्छ त्यो ज्यादै भयावह हुन्छ । अस्वच्छताकै कारण मलेरिया, हैजाजस्ता महामारी, रोग फैलिन्छन् । घर-समाज स्वच्छ राख्नु साह्रै सराहनीय कार्य हो तर त्यसभन्दा पनि प्रशंसनीय कार्य मानव स्वयंभित्रको स्वच्छता हो ।

लक्ष्मीपूजाको अवसरमा बाह्य रूपमा त सफाई गरिन्छ तर भित्रभित्रै ईर्ष्या, द्वेष, घृणाको जलन छ, पर चिन्तन, पर दर्शन, परमतको आशक्ति छ, विषय विकारको राग छ भने के त्यहाँ लक्ष्मीको आगमन हुन्छ ? कदापि हुँदैन। अत: आन्तरिक स्वच्छता, मनको स्वच्छता र आत्माको स्वच्छता महत्त्वपूर्ण पक्ष हो। बाह्य स्वच्छताको लागि पनि आन्तरिक स्वच्छताको भूमिका बढी प्रभावकारी रहन्छ। दीपावली दुवै स्वच्छताको पर्याय पर्व हो ।

देउसी-भैलो आदिको आफ्नै पहिचान छ । देउसी-भैलोको नाममा समेत विकृति मौलाएको आभास पाइन्छ आजभोलि। जुन पवित्र उद्देश्यले देउसी भैलो खेल्नु पर्नेमा युवा जमात दुर्व्यसनको सिकार भएका घटनाहरू समाजमा घटिरहेका हुन्छन् । संस्कृतिको जगेर्ना गर्नुपर्छ, यो राम्रो पक्ष हो तर आजभोलि देखासिकी घोडबाजी र पैसाका लागि मात्र प्रतिस्पर्धा भएको हो कि ?



अर्कोतिर आफ्नो भाग्यलाई आजमाउन कैयौँ व्यक्तिहरू जुवातास आदि खेल्ने प्रयास गर्छन् । जुवाबाट घरवारको नाश र जीवन वनवासका तीता सत्यहरू नभएका होइनन् अनि सरकारले समेत अवैध मानेर रोक लगाए तापनि मानिसहरू जुवा-तास खेल्ने दुष्प्रयास गर्छन् । प्राय: यस बेला जुवा खेल्न प्रेरित गरिन्छ र यदि खेलेन भने अधम गति प्राप्त हुन्छ भन्ने गरिन्छ ।

यस सन्दर्भमा हेर्दा जुवाको धार्मिक र आध्यात्मिक गहन रहस्य वर्तमान जुवाभन्दा बेग्लै छ । यस रहस्यलाई बुझ्ने हो भने यसमा गहिरो मानव सेवा समाहित छ । हामीसँग भएको तन-मन-धनको केही अंश मानव सेवा, समाज सेवा, ईश्वरीय सेवा अर्थ दाउमा लगाउँछौ जुन कालान्तरमा पुण्य कर्मको रूपमा कैयौँ गुणा बढी भई आफैलाई प्राप्त हुन्छ । यो श्रेष्ठ कर्म हो, प्रारब्ध कर्म हो, सञ्चित कर्म हो ।

लक्ष्मीको पूजा र आव्हान गर्दै गर्दा पनि व्यक्ति, समाज, संसार दिन-प्रतिदिन विपन्न हुँदै छ । समय-प्रति समय आउने प्राकृतिक प्रकोप र आपद्-विपदबाट विकसित राष्ट्रहरू समेत भयभीत र त्रसित छन् । सेकेन्डमा धन-जन समाप्त हुन्छ (कोरोना कहर एक ज्वलन्त उदाहरण) । करोडपति पलभरमा रोडपति बन्छन् । शाश्वत सत्य रूपमा गहिरिएर विचार गर्ने हो भने हामी यही भेटाउँछौ – ती लक्ष्मी जसको हामी आह्वान गर्छौं तिनको बाह्य पूजा-पुकार त गर्छौं तर उहाँमा भएका लक्षण, धारण गरेका ज्ञान, गुण, सीप हामी धारण गर्दैनौं ।

लक्ष्मी सत्यताकी देवी, दिव्यताकी देवी, पवित्रताकी देवी, सतोगुणकी देवी हुन् तर हामीले सतोगुण अपनाएका छैनौं । लक्ष्मी सर्व इन्द्रियकी रानी, वैकुण्ठकी रानी, स्वर्गकी महारानी, र श्री नारायणकी विश्व महारानी हुन् तर हामी आफ्नै इन्द्रियका राजा, रानी बन्न सकेका छैनौं । यस बसुन्धरामा जब अलकापुरी, स्वर्ग पुरी, वैकुण्ठ पुरी हुन्छ तब श्रीलक्ष्मी साकार रूपमा पञ्चतत्त्वको काया धारण गरी आउँछिन् ।

हामीले द्वापर र कलियुगमा गरेको आह्वान त्यहाँ साकार हुन्छ । वैकुण्ठ सामान्य संसार होइन त्यो त धन-दौलत, वस्तु-वैभव, समृद्धि-सम्पन्नता आदि सबैबाट परिपूर्ण, भरिपूर्ण र सम्पूर्ण संसार हो । सर्वगुण सम्पन्न, १६ कला सम्पूर्ण, सम्पूर्ण निर्विकारी,अहिंसा परमोधर्मजस्ता गुण, मूल्य र विशेषताले विभूषित देवलोक हो । जहाँ बाघ र गाई सँगै पानी पिउँछन्, दूध घ्यूको नदी बग्छ (प्रर्याप्त हुन्छ), वसन्त बहार प्रकृति हुन्छ । जहाँ ज्ञान विज्ञानको अद्‌भूत विकास र मिलन हुन्छ, सुख-शान्ति-खुसीका सहनाई बज्छन् ।

यहाँका दु:ख, कष्ट पीडाजस्ता नकारात्मक शब्द, कर्म, संस्कार को नाम निशान नै हुँदैन । स्रष्टाले सिर्जना गरेको अकल्पनीय, अवर्णनीय र अतुलनीय संसार वैकुण्ठ पुरी हो । त्यहाँ कुनै पूजा हुँदैनथ्यो स्वयं पूज्य थिए, त्यहाँ कुनै भक्ति हुँदैनथ्यो स्वयं भगवान्-भगवती (देवी-देवता) थिए, त्यहाँ कुनै कसैको आह्वान हुँदैनथ्यो स्वयं साकारमा थिए । त्यहाँ कतै तीर्थाटन गर्न जानु पर्दैनथ्यो सम्पूर्ण जगत् नै तीर्थस्थल थियो । त्यहाँको गङ्गा-जल गुलाब-जल समान थियो ।

संसार परिवर्तन शील छ । संसारको गति निकै परिवर्तन भएको छ । आज चारैतिर फोहोर-मैला-गन्दगीका नाला देखिन्छन् । बागमती-विष्णुमती प्रदूषित बनेका छन्, प्रदूषणले आकाश छोएको छ, विषय-विकारको ज्वाला दन्किएको छ, अन्याय-अत्याचार-भ्रष्टाचारको बजार गरम छ । दु:ख, पीडा र रोगको स्थिति कहालीलाग्दो छ । यसैले यो रौरव नरक समान बनेको छ । मानवको उत्थान एवं विकासको पराकाष्ठा देवलोक हो भने उसको पतनको अन्त्य कुम्भीपाक नरक हो ।

अब हामी सबैले आफ्नो उठान र समाज उत्थान बारे सोच्नुपर्ने बेला आएको छ । दीपावलीमा स्वच्छता अपनाउनु, दीप-जलाउनु, लक्ष्मीको आह्वान गर्नु राम्रो पक्ष हो तर लक्ष्मीका जस्ता ज्ञान-गुण-शक्ति-लक्षण धारण गरेर उहाँ समान पूज्य र पावन बन्नु सर्वोत्तम लक्ष्य हो । लक्ष्मीपूजा,दीपावलीले हामीलाई यही सन्देश दिन्छ, प्रेरणा दिन्छ । भनिन्छ–परिस्थितिले पुरुषको जन्म दिन्छ जो परिवर्तनको संवाहक बन्दछ । आजको कहालीलाग्दो स्थितिबाट मुक्त गरेर मुक्ति र जीवन मुक्तिको पथ-प्रदर्शकको महत्त्वपूर्ण भूमिका केवल मुक्तेश्वर भगवान् वा सद्‌गुरुले मात्र गर्न सक्नुहुन्छ ।

खुसीको कुरा उहाँको दिव्य अवतरण यही दिव्य कार्यको लागि यस धरामा भएको छ । उहाँ नै देवात्मा, धर्म-आत्मा, महान्-आत्मा, सर्वका सद्‌गति दाता, पारलौकिक पिता हुनुहुन्छ । उहाँको दिव्य सन्देश लिएर निरन्तर उहाँको स्मृति गर्दै रहेमा हाम्रो दूषित मन स्वच्छ हुन्छ, हाम्रो आत्म-दीप प्रज्वलित हुन्छ, तेस्रो नेत्र खुल्छ ।

यसरी सम्पूर्ण आत्म-दीप जागृत हुँदै गए, आसुरी शक्ति माथि दिग्विजय प्राप्त गर्दै गए भने जगतबाट अन्धकार (तमो प्रधानता हट्दै जान्छ र झिलिमिली उज्यालो छाउँदै जान्छ । सबै असत्यबाट सत्यता तिर अग्रसर हुँदै जान्छन् अनि आत्माहरू बिस्तारै मृत्यु लोकबाट अमर लोकतिर स्थानान्तर हुँदै जान्छन् । जहाँ लक्ष्मी-नारायणको अटल, अखण्ड, निर्विघ्न राज्य हुन्छ । उनको राज्यारोहण, राज्याभिषेक बडो आकर्षक, भव्य र सुन्दर हुन्छ ।

त्यस विजय उत्सवमा जुन खुसीयाली, शोभावली, सजावली र दीपावली हुन्छ त्यो कल्पकै सर्वोत्तम हुन्छ । त्यसैको पर्यायको रूपमा आजसम्म हाम्रो परिप्रेक्ष्य र सन्दर्भमा दीपावली प्रस्तुत गरिरहेका छौँ, मनाउँदै छौ । आज हामी सङ्गमको सुन्दर प्रहरमा छौँ । सङ्गममा रहेर हामी एक छुट्टै, अलग्गै, भिन्नै दीपावली मनाउँदै छौँ । हामी पहिले स्वयंको आत्म-दीप बाल्दै छौँ अनि सबै आत्माको । संसारका सबै आत्म-दीप झिल-मिल, झिल-मिल गरी जले भने त्यो घडी कति चमत्कारिक होला ? यस्तो सुन्दर दीपावली मनाऔं ।

उपरोक्त आध्यात्मिक रहस्यहरूलाई बुझेर चाडपर्व मनाउनुमा सार्थकता होला । संस्कृति र परम्पराको नाममा हुने गरेका विकृति र विसङ्गतिलाई समय सापेक्ष सुधार्दै लैजाऔं र राम्रा पक्षलाई जगेर्ना गर्दै समुन्नत समाज निर्माणमा योगदान दिने गरौं । हामीले नगरे कसले गर्ने ? अहिले नगरे कहिले गर्ने ? समयको पुकारलाई सुनौं र त्यही अनुसार रूपान्तरण हुन सिकौं ।

अत: दीपावलीको यस पुनित अवसरमा सबैको आत्म-दीप जागृत होस्,सबै स्वच्छ बनुन्, सबै निरोगी बनुन्, सबै सम्पन्न होउन्, चारैतिर समृद्धि छाओस् । अन्त्यमा,शुभ दीपावली, भाइटिका, छठ पर्व र नेपाल संवत्‌को शुभ-मुहूर्तमा सम्पूर्ण आत्माहरूको उत्तरोत्तर प्रगति, समृद्धि, सुख, शान्ति, सुस्वास्थ्यको मङ्गलमय शुभकामना व्यक्त गर्दछु । ॐ शान्ति ।

# दुर्लभ महालक्ष्मी स्तोत्र

**यो दुर्लभ स्तोत्र परमपिता ब्रह्माले देवराज इन्द्रलाई प्रदान गर्नुभएको थियो। यसै स्तोत्रद्वारा सबै देवगण भगवती महालक्ष्मीको स्तुति गर्दछन्। एउटा पौराणिक प्रसंगअनुसार एक समयमा जब इन्द्रलगायत समस्त देवगण दानवहरूबाट भयभीत भएर त्रिदेवको शरणमा जानुभयो, तब भगवान् श्रीहरि विष्णुले परमपिता ब्रह्माद्वारा बताइएको विधिबाट भगवती महालक्ष्मीको पूजन गर्ने सल्लाह देवताहरूलाई दिनुभयो । देवीभागवतअनुसार जब इन्द्रादि देवताहरूको पूजनबाट प्रसन्न भएर भगवती महालक्ष्मी प्रकट हुनुभयो, तब देवराज इन्द्रसहित समस्त देवगणले ब्रह्माजीको कृपाबाट प्राप्त सम्पूर्ण अभीष्ट प्रदान गर्न सक्षम स्तोत्रराजद्वारा भगवती महालक्ष्मीको स्तुति गर्नुभयो । त्यही दुलर्भ एवं समस्त मनोकामनाहरूलाई पूरा गरिदिने स्तोत्र यहाँ प्रस्तुत गरिएको छ ।**

**नमः कमलवासिन्यै नारायण्यै नमो नमः ।**
**कृष्ण प्रियायै सततं महालक्ष्म्यै नमो नमः ॥**

भगवती कमलवासिनीलाई नमस्कार छ। देवी नारायणीलाई बारम्बार नमस्कार छ । कृष्णप्रिया भगवती महालक्ष्मीलाई निरन्तर नमस्कार छ ।

**पद्म पत्रेक्षणायै च पद्मास्यायै नमो नमः ।**
**पद्मासनायै पद्मिन्यै वैष्णव्यै च नमो नमः ॥**

कमलको पत्रसमान नयन भएकी कमलमुखी भगवती महालक्ष्मीलाई नमस्कार छ । पद्मासना, पद्मिनी एवं वैष्णवी नामबाट शोभित भगवती महालक्ष्मीलाई बारम्बार नमस्कार छ ।

**सर्वसम्पत्स्वरूपिण्यै सर्वाराध्यै नमो नमः ।**
**हरिभक्तिप्रदात्र्यै च हर्षदात्र्यै नमो नम : ॥**

सर्वसम्पत्स्वरूपिणी सर्वाराध्या देवीलाई नमस्कार छ । भगवान् श्रीहरिको भक्ति उत्पन्न गर्न तथा हर्ष प्रदान गर्नमा परम कुशल देवीलाई बार-बार नमस्कार छ ।

**कृष्णवक्षः स्थितायै च कृष्णेशायै नमो नमः ।**
**चन्द्रशोभास्वरूपायै रत्नपद्मे च शोभने ॥**

हे रत्नपद्मे ! हे शोभने ! हजूर भगवान् श्रीकृष्णको वक्षस्थलमा विराजमान भएर कार्य गर्नुहुन्छ । तपाईंको स्वरूप चन्द्रमाको समान सुन्दर छ । यस्ती हजूरलाई म बार-बार प्रणाम गर्दछु ।

**सम्पत्यधिष्ठातृ देव्यै, महादेव्यै नमो नमः ।**
**नमो बुद्धिस्वरूपायै वृद्धिदायै नमो नमः ॥**

सम्पूर्ण सम्पत्तिकी अधिष्ठात्री महादेवीलाई बार-बार नमस्कार छ । बुद्धिस्वरूपा एवं वृद्धिप्रदा भगवतीलाई कोटि-कोटि प्रणाम छ ।

**बैकुण्ठे या महालक्ष्मीर्या लक्ष्मीः क्षीरसागरे ।**
**स्वर्ग लक्ष्मीरिन्द्रगेहे राजलक्ष्मीर्नृपालये ॥**

देवी ! हजूर बैकुण्ठमा महालक्ष्मी, क्षीर समुन्द्रमा लक्ष्मी, राजभवनमा राज्यलक्ष्मी र इन्द्रको स्वर्गमा स्वर्गलक्ष्मी हुनुहुन्छ।

**गृह लक्ष्मीश्च गृहिणां गेहे च गृहदेवता ।**
**सुरभिः सागरे जाता दक्षिणा यज्ञकामिनी ॥**

हे देवी ! हजूर गृहस्थको घरमा गृहलक्ष्मी एवं गृह देवता, सागरमा सुरभि तथा यज्ञमा दक्षिणाको रूपमा विराजमान हुनुहुन्छ ।

**अदिति र्देवमाता त्वं कमला कमलालया ।**
**स्वाहा त्वं च हविर्दाने कव्यदाने स्वधास्मृता ॥**

हजूर नै देवताहरूकी माता अदिति हुनुहुन्छ । हजूरलाई कमला र कमलालया भनेर पनि पुकारिन्छ। हवनको समयमा हव्य प्रदान गर्दा 'स्वाहा' अनि पितृकार्यमा कव्य प्रदान गर्ने समयमा 'स्वधा'को उच्चारण हुन्छ, त्यो हजूरकै नाम हो ।

**त्वं हि विष्णुस्वरूपा च सर्वाधारा वसुन्धरा ।**
**शुद्धसत्वस्वरूपा त्वं नारायणपरायणा ॥**

सबैलाई धारण गर्नुहुने विष्णुमयी पृथ्वी हजूर नै हुनुहुन्छ। भगवान् नारायणको उपासनामा सदा तत्पर रहनुहुने देवी ! हजूरको सत्यमय विग्रह परम शुद्ध छ ।

**क्रोध हिंसावर्जिता च वरदा शारदा शुभा ।**
**परमार्थप्रदा त्वं च हरिदास्यप्रदा परा ॥**

हजूरमा क्रोध र हिंसाको लागि किञ्चित मात्र पनि स्थान छैन। हजूरलाई शारदा, शुभा, परमार्थदा एवं हरिदास्यप्रदा पनि भनिन्छ ।**यया विना जगत्सर्वं भस्मी भूतमसारकम् ।**
**जीवन्मृतं च विश्वं च शश्वत् सर्व यया बिना ॥**



# श्री लक्ष्मी अष्टोत्तर शत नाम स्तोत्र

**माता महालक्ष्मीका १०८ नामहरू यस स्तोत्रमा समावेश गरिएका छन्। त्यसैले पूर्ण भावभक्तिका साथ यस स्तोत्रको पाठ गरिएमा माता महालक्ष्मीलाई प्रसन्न बनाउन सकिन्छ ।**



श्री शिव उवाच-

शतमष्टोत्तरं नाम्ना कमलाया वरानने ।
प्रवक्ष्याम्यति गुह्यं हि न कदापि प्रकाशयेत् ॥
महामाया महालक्ष्मीर्महावाणी महेश्वरी ।
महादेवी महारात्रिर्महिषासुर मर्दिनी ॥
कालरात्रिःकुहूः पूर्णा नन्दाऽऽद्या भद्रिका निशा ।
जया रिक्ता महाशक्तिर्देवराता कृशोदरी ॥
शचीन्द्राणी शक्रनुता शङ्करप्रियवल्लभा ।
महावराहजननी मदनोन्मथिनी मही ॥
वैकुण्ठनाथरमणी विष्णुवक्षः स्थल स्थिता ।
विश्वेश्वरी विश्वमाता वरदाऽभयदा शिवा ॥
शूलिनी चक्रिणी मा च पार्शिनी शङ्खधारिणी ।
गदिनी मुण्डमाला च कमला करुणालया ॥
पद्माक्षधारिणी ह्यम्बा महाविष्णु प्रियंकरी ।
गोलोकनाथ रमणी गोलोकेश्वर पूजिता ॥
गया गंगा च यमुना गोमती गरुडासना ।
गण्डकी सरयूस्तापी रेवा चैत्र पयस्विनी ॥
नर्मदा चैव कावेरी केदार स्थलवासिनी ।
किशोरी केशवनुता महेन्द्रपरि वन्दिता ॥
ब्रह्मादि देव निर्माण कारिणी देव पूजिता ।
कोटि ब्रह्माण्डमध्यस्था कोटि ब्रह्माण्डकारिणी ॥
श्रुतिरूपा श्रुतिकरी श्रुतिस्मृति परायणा ।
इन्दिरा सिन्धुतनया, मातंगी लोक मातृका ॥
त्रिलोक जननी तंत्रा तन्त्र मन्त्र स्वरूपिणी ।
तरुणी च तमोहंत्री मंगला मंगलायना ॥
मधुकैटभ मथिनी शुंभासुर विनाशिनी ।
निशुम्भादिहरा माता हरिशंकर पूजिता ॥
सर्वदेवमयी सर्वा शरणागत पालिनी ।
शरण्या शंभुवनिता सिंधुतीर निवासिनी ॥
गन्धर्वगानरसिका गीता गोविन्द वल्लभा ।
त्रैलोक्य पालिनी तत्त्वरूपा तारुण्य पूरिता ॥
चन्द्रा शशांक भगिनी गीतवाद्यपरायणा ॥
सृष्टिरूपा सृष्टिकरी सृष्टिसंहारकारिणी ।
इति ते कथितं देवि रमानाम शताष्टकम् ॥
त्रिसंध्य प्रयतो भूत्वा पठेदेतत्समाहितः ।
यं यं कामयते कामं तं तं प्राप्नोत्यसंशयम् ॥
इमं स्तवः यः पठतीहं मर्त्यो
वैकुण्ठ पत्न्याः परमादरेण ।
जनाधिपाद्यैः परिवन्दितः स्यात्
प्रयास्यंति श्रीपदमंतकाले ॥



z'esfdgf



**दीपावली-२०८२ को**
**सम्पूर्ण नेपालीहरूमा**
**हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**
**बलमाया त्रिपाठी तथा रामप्रसाद त्रिपाठी**
**सपरिवार**

## धार्मिक विविधतामा

# दीपावलीको वृहत् अर्थ



हिन्दु धर्मावलम्बीको ठूलो पर्वमध्ये एक हो दिवाली/दीपावली। उज्यालोको पर्व हो दीपावली। अन्धकार हटाएर उज्यालो भित्र्याउने पर्व हो दीपावली । औंसीको अँध्यारो रातमा झिलिमिली दियो, बत्ती बालेर दिपावली मनाईन्छ । यो दीपोत्सव हो । 'तमसो मा ज्योतिर्गमय' अर्थात अँध्यारोबाट उज्यालोतर्फको यात्रा हो दीपावली। दीपावलीमा बालिने दीयोलाई स्कन्दपुराणमा सूर्यको एक रूपको रुपमा अर्थ्याइएको छ ।

यो पर्व नेपाल र भारत सहितफिजी, गुयाना, मलेशिया, मौरिसस, स्यानमार, सिंगापुर, श्रीलंका, लगायतका देशमा धुमधामका साथ मनाईन्छ। यो पर्व कति लोकप्रिय छ भने अमेरीकाको न्यूयोर्कमा पनि दीपावलीका दिन बिदा दिने निर्णय भएको छ। न्यूयोर्क सहरले एक कानून नै बनाएर दीपावलीका दिन सहरका सबै विद्यालयमा बिदा दिने निर्णय गरेको छ ।

सुख, समृद्धि र धनकी देवी लक्ष्मीको पूजा गरिने दीपावलीमा घर, मन्दिरका ढोका, झ्यालमा दियो बालेर उज्यालो बनाइन्छ। तर, यस पर्वको केही धार्मिक र ऐतिहासिक कारण पनि छ ।

**माता लक्ष्मी**

विभिन्न धार्मिक ग्रन्थहरूमा दीपावलीको दिन लक्ष्मी माताको जन्म भएको थियो भन्ने पाइन्छ । माता लक्ष्मी धनकी देवी हुन् । हिन्दुधर्म र शास्त्रअनुसार कात्तिक महिनाको औंशीको रातमा समुन्द्र मन्थन गर्दा माता लक्ष्मीको जन्म भएको बताइन्छ । त्यसैले दीपावलीको दिन माता लक्ष्मीको पूजा गरिन्छ ।

भगवान् विष्णुले माता लक्ष्मीलाई बली राजाबाट बचाउनु भएको थियो । वामनको रूपमा भगवान् विष्णुका पाँचौं अवतारले माता लक्ष्मीलाई राजा बलिको गिरफ्तारीबाट बचाएका थिए। त्यसैले यस दिन माता लक्ष्मीको पूजा गरिन्छ।

लक्ष्मी पूजाको दिन बिहानै गाईको पुजा गरिन्छ। गाईलाई लक्ष्मी अथवा आमाको रूप मानिन्छ। कुनै कारणवश जन्म दिने आमाको मृत्यु भएमा, आमाको दूध नआएमा गाईको दूध पिलाएर बालकलाई हुकाइन्छ। त्यसैले गाईलाई माताका रूपमा लिइन्छ। गौ माताको पिसाब, पूजा र चोखो हुनलाई प्रयोग गरिन्छ। गाईको गोबरबाट खेतबारी मलिलो हुन्छ। गोबरको प्रयोग भएको वा लिपेको ठाउँमा किटाणु (रोग) फैलिदैन भन्ने मान्यता रहेको छ । यसैकारण गौ माताको पूजा गरिन्छ । वैदिककालमा गाई सम्पन्नताको प्रतीक थियो। आफू पूजाबाट दीपावलीमा माता लक्ष्मी प्रसन्न हुन्छन् र सुख, शान्ति तथा समृद्धिको आशीर्वाद दिन्छन् । धर्मशास्त्रहरूमा उल्लेख भए अनुसार घरमा दीयो बाल्नाले घर शुभ हुन्छ । घरमा सुख, शान्ति तथा समृद्धिले प्रवेश गर्छ ।

**भगवान रामको आयोध्या आगमन**

मर्यादा पुरुष भगवान श्री राम अयोध्या फर्केको खुसीमा पनि दीपावली मनाइन्छ। भगवान् रामसँगै चौध वर्षे वनवासमा रहेकी माता सीतालाई रावणले हरण गरेर लग्यो । भगवान् रामले ठूलो युद्धमार्फत् रावणलाई हराएर माता सीतालाई बन्धनबाट मुक्त गराए। त्यसपछि भगवान् राम, माता सीता र लक्ष्मणसहित अयोध्या फर्किए ।

माता सीतासहित राम अयोध्या फर्किएपछि आयोध्यावासीले खुसीमा रमाउँदै माता सीता र भगवान् रामको स्वागतमा सम्पूर्ण राज्यभरि दीप बाले । दीपावलीलाई भगवान् रामको जीत, रावणको हार, अर्थात् सत्यको जीत र असत्यको हारका रूपमा पनि मनाइन्छ । भगवान् राम र माता सीता घर फर्केको खुसीको उत्सवका रूपमा पनि दीपावली मनाइन्छ ।

दीपावली दुई शब्द मिलेर बनेको छ- दीप र आवली। दीप भनेको बत्ती हो । जबकि आवली भनेको पंक्तिबद्ध र क्रमबद्ध हो। दीप र आवली शब्द एक आपसमा मिलेर दीपावली बन्छ। तेत्रायुगमा भगवान् श्री राम, लक्ष्मण तथा सीता अयोध्या फर्किदा अयोध्याबासीले भगवान्को आगमनको खुशीमा भगवान् का प्रत्येक पाइलामा पंक्तिवद्ध रूपमा दीयो बालेका थिए। त्यही समयदेखि पंक्तिबद्ध रूपमा दियो बालेर दीपावली मनाउन थालिएको विश्वास छ ।

**नरकासुर वध**

भगवान् श्रीकृष्णले नरकासुरको वध गरेको खुसीमा पनि दीपावली मनाइन्छ । दानवका राजा नरकासुरले तीनै लोक (स्वर्ग, मर्त्य र पाताल) मा आक्रमण गरेर देवीदेवताहरूमाथि अत्याचार गरेका थिए। भगवान् श्रीकृष्णले नरकासुरको वध गरी सोह्र हजार नारीहरूलाई नरकासुरको बन्धनबाट मुक्त गरेका थिए। नरकासुरमाथिको जितको खुसी दुई दिनसम्म मनाइएको थियो जसमा दीपावली मुख्य दिन थियो। दीपावलीको पहिलो दिनलाई नरक चतुर्दशी पनि भनिन्छ र त्यसबेलादेखि आजसम्म चतुर्दशी तिथिलाई नरक चतुर्दशीका रूपमा मनाइन्छ ।

**पाण्डवको घर फिर्ती**

पाण्डवहरू वनबासबाट फर्किएको खुसीमा पनि दीपावली मनाइन्छ। हिन्दु धर्मग्रन्थ महाभारतको कथाअनुसार वनवासपछि कात्तिक अमावस्याका दिन पाण्डव हस्तिनापुर फर्किएका थिए। उनीहरूको आगमनको खुसीमा स्वागत गर्न जनताले राज्यभर दीप प्रज्वलन गरेका थिए। यही सम्झनामा दीपावली मनाइन्छ ।

यस्तै अर्को विश्वासमा दानवहरूको ठूलो मनपरीले देवता तथा मानिसलाई दुःख दिए। देवताहरूले भगवान् लाई आराधना गरेर दानवलाई परास्ता गरे । यसरी देवताहरूको राज्य स्थापना गरेको खुसीमा बलिराजले यो पर्व मनाउन शुरु गराएको भन्ने चलन रहेको छ ।

दीवापली पर्वलाई यमपञ्चक पनि भनिन्छ। हामी नेपालीका लागि यो पर्व बडादशैंपछिको दोस्रो ठूलो पर्व हो। यस पञ्चकका पाँचदिन जसले घर, आँगन, करेसा स्वच्छ र सफा राखेर दीप सजाएर भगवान्को पूजा, आराधना गर्छ उसको घरमा मृत्यु पर्ने छैन भनी धर्मराजले वरदान दिएको थिए भनिन्छ। यसले पनि यमपञ्चक दीपावलीको बढी नै महत्त्व देखिन्छ। यमपञ्चकभरि नै तास, पिङ्ग, कौडा खेलेर रमाइलो पनि गरिन्छ ।

## रामगोपाल दाइप्रति श्रद्धाञ्जलि

बेला छँदै सद्गुरुको परौं शरण
पत्तै नपाई कति बेला हुन्छ मरण
घमण्ड र अभिमान नलिऊ मनमा
बाँकी जीवन बिताऔं अब प्रभु सेवामा
कर्कलाको पात जस्तो हाम्रो जीन्दगानी
मरे पछि सबै जना हुन्छौं खरानी
जीवन छउञ्जेल सबैसँग मिठो बोली बोलौं
एक आपसमा मिलीजुली मनको बह खोलौं
आश्रमको दह्रो पिलर गयो आज ढली ।
आत्मा उठी सिद्धाश्रममा भावपूर्ण श्रद्धाञ्जलि ।

**–मधु कुमारी रायमाझी**


**हार्दिक शुभकामना**



**वि.सं. २०८२ दीपावलीको पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि तथा सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**डा. दिपेन्द्रप्रसाद यादव** (श्री प्रभुप्रसाद यादवका छोरा)
कलैया-१८, मोतीसार, बारा, नेपाल

## गोरक्ष निखिल वाणी तपाईं हाम्रै पत्रिका हो यसलाई फलाऔं फुलाऔं

नेपालकै पहिलो आध्यात्मिक शक्ति अनुसन्धानमूलक मासिक पत्रिका **गोरक्ष निखिल वाणी**का प्रिय पाठकहरूलाई सहजताका साथ पत्रिका वितरण गर्न तपाईंहरूकै घरदैलोमा पत्रिका पुऱ्याउने प्रयास भइरहेको सहर्ष जानकारी गराउँदै पाठक महानुभावहरूलाई पत्रिका प्राप्त भइरहेको छैन अथवा ढिलो प्राप्त भइरहेको छ भने सम्पर्क राख्नुहुन हार्दिक अनुरोध गर्दछौं । साथै पत्रिकासम्बन्धी अन्य समस्याहरू पनि यहाँ अवगत गराउन हुन अनुरोध गर्दछौं ।

आफ्नो क्षेत्र वा बसोबास गर्ने ठाउँका पाठकहरू कहाँ गएर पत्रिका वितरण गर्न इच्छुक साधक साधिकाहरुले पनि नाम टिपाउन सक्नुहुन्छ । पत्रिकाको लागि कम्प्युटर टाइप, डिजाइन गर्न चाहने साधकसाधिका वा गुरु सेवकसेविकाहरुले पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

पत्रिका सदस्यताको म्याद समाप्त हुने सम्पूर्ण सदस्यहरूले समयमा नै नवीकरण गराउनु भई पत्रिका प्रकाशनका लागि सहजीकरण भूमिका निर्वाह गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं । काठमाडौं बाहिरका सदस्यहरूले पत्रिका सदस्य शुल्क रु. ४००।- र कुरियर शुल्क बापतको रकम सिद्धाश्रम शक्ति केन्द्रको नाममा निम्नलिखित बैंक खातामा जम्मा गर्न सक्नुहुनेछ । सम्पर्क कार्यालय रहेका जिल्लाहरूको हकमा भने नवीकरणका लागि नजिकको सम्पर्क कार्यालयमा नै सम्पर्क राख्नुहुन अनुरोध छ ।

जय गुरुदेव !

**सिद्धाश्रम शक्ति केन्द्र,**
**ग्लोबल आई.एम.ई. बैंक, धापासी, काठमाडौं**
**खाता नं. ०८०१०१००००००८१**

**सिद्धाश्रम शक्ति केन्द्र,**
**कृषि विकास बैंक, रत्नपार्क शाखा कार्यालय**
**खाता नं. ०२०९५००१६०३९७०१२**

## भावपूर्ण श्रद्धाञ्जलि



जन्म:
२००२ भाद्र १५

**(स्व. रमा दवाडी)**

देहावसान:
२०८२ आश्विन ७

**सिद्धाश्रम शक्ति केन्द्र नेपाललाई शुभचिन्तक तथा सप्रेम सहयोग गरिरहनु हुने सोनी दवाडी, मोनी दवाडीकी ममतामयी आमा रमा दवाडीको असामयिक निधनमा हार्दिक समवेदना व्यक्त गर्दै शोकसन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्तिको प्राप्ति र आत्माको चिरशान्तिका लागि परमपूज्य सद्‌गुरुदेवहरुसँग हार्दिक प्रार्थना गर्दछौं ।**

**सिद्धाश्रम शक्ति केन्द्र**
केन्द्रीय कार्यालय बसुन्धरा

## भावपूर्ण श्रद्धाञ्जलि



जन्म:
२००९ भाद्र ८

**(स्व. तुल्सी माया महर्जन)**

देहावसान:
२०८२ आश्विन ४


**सिद्धाश्रम शक्ति केन्द्र आरती संचालन केन्द्र सानो भऱ्याङका सक्रिय गुरुसेविका तुल्सी माया महर्जनको असामयिक निधनमा हार्दिक समवेदना व्यक्त गर्दै शोकसन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्तिको प्राप्ति र आत्माको चिरशान्तिका लागि परमपूज्य सद्‌गुरुदेवहरुसँग हार्दिक प्रार्थना गर्दछौं ।**

**सिद्धाश्रम शक्ति केन्द्र**
केन्द्रीय कार्यालय बसुन्धरा

**कण कणमा गोरख जगाऔं**
**रोट महोत्सव सफल पारौं ।**



# हार्दिक समवेदना !



परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराज





श्री श्री महायोगी गुरु गोरखनाथ

**(स्व. राम गोपाल फैजु)**

यस आश्रमका गुरुसेवा दलका सक्रिय साधक **राम गोपाल फैजु**को मिति २०८२ आश्विन २७ गते असामयिक निधनले उहाँको परिवार, यस आश्रममा अपूरणीय क्षति पुगेको छ ।

दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै शोकको यस घडीमा उहाँको दिव्य लोक प्राप्तिका लागि परमपूज्य सद्‌गुरुदेव **श्री श्री महायोगी गुरु गोरखनाथ** एवं **परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराज**को श्रीचरणकमलमा सभक्ति प्रार्थना गर्दै शोकसन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति मिलोस् भनी सद्‌गुरुदेवहरूको श्रीचरणकमलमा प्रार्थना गर्दछौं ।

**सिद्धाश्रम शक्ति केन्द्र**

## सिद्धाश्रम शक्ति केन्द्रका सम्पर्क कार्यालयहरू

- **गोरखा**, सौरपानी–३ पोखरी,
  फोन: ९७४६०१७९७८, ९७४११२७७४५
- **कास्की**, पो.उ.म.न.पा.-१०, रामघाट,
  फोन: ०६१-५३०७८६
- **सर्लाही**, बरहथवा-७, एस्माली टोल,
  फोन: ०४६-५४००११, ९८५४०३६५७९
- **पाल्पा**, तानसेन, मो: ९८४७०२८१८८
- **ललितपुर**, लगनखेल, मो.नं.९८४९१३७५१७,
- **गोरखा**, बसपार्क, फोन: ०६४-४२०३४८
- **तनहुँ**, दमौली, व्यास गुफा,
  फोन: ०६५-५६१६६२
- **लमजुङ**, बेँसीशहर, भीमसेनटोल, ९८४६१९२१३९
- **भक्तपुर**, सूर्यविनायक न.पा. वडा नं ५
  पाञ्चायन मन्दिरसँगै, कटुन्जे, भक्तपुर
  फोन: ०१-६६१९३६०
- **कास्की**, लेखनाथ चोक,
  फोन: ०६१-२२९२००
- **सिन्धुली**, पानी ट्यांकी
  फोन: ९८४४००९३९२ .
- **चितवन**, गौरीगञ्ज ९८४५०८६६५१,
  पुल्चोक ९८५५०५२१०४, ९८५५०६१६२४
- **काठमाडौँ**, पुरानो बानेश्वर, रत्नराज्य मा.वि. स्कुलसँगै
  फो. ०१-४४६४५४६
- **काठमाडौँ**, सिमलटार, मो. ९८५११३६६२५
- **काठमाडौँ**, वासुकि मार्ग, तीनकुने
  मो: ९८४१३४४७१४
- **गोदावरी**, ललितपुर, मो. ९८४१४९१२७३

### संस्थाको मिशन

- **गोरक्ष निखिल ज्योति दिव्य विद्याश्रम**
  बसुन्धरा, काठमाडौँ,
  फोन नं. ०१-५९०३८९१

## आरती संचालन केन्द्रहरू


- **सानोभऱ्याङ**,स्वयम्भू,काठमाडौँ,
  मो.९८०८२४६४६७
- **गोंगबुँ**,बानियाँटार,काठमाडौँ, मो:
  ९८४१०७८६१९
- **नरदेवी**, काठमाडौँ, मो. ९८०३५६३४२९
- **बबरमहल**, काठमाडौँ मो. ९८६०७०१९५२
- **धापाखेल**, मो. ९८४१३३६४६१
- **ठिमी**, मो. ९८४१६२००६२
- **बोडे**, मो. ९८४१४६४५७०
- **मच्छेगाउँ**, सत्यनारायण मन्दिरसँगै
  मो.९८४३०३३०७२, ९८६११३५१३५,
  ९८४१८५९८३४
- **तीनथाना**, मो. ९८४१५८१४७५,
  ९८५१००४८१६
- **कीर्तिपुर**, मो. ०१-४३३५७४८,
  ९८६०४४२९८४, ९८४१२१०३८३
- **गोरखा दरबार**, गोरखा, मो.
  ९८४९७०४९७५
- **सुकुटे**, सिन्धुपाल्चोक, मो. ९८६६०४९४८३
- **कास्की**, लामाचौर, ९८४६०३८५४४
- **कास्की**, घार्मी
- **कास्की**, भगवतीटार
- **कास्की**, मालेपाटन मो. : ९८५६०३१७३४
- **कास्की**, खुदी, मो. : ९८४६०२८८४७
- **सुर्खेत**, मो:९८४४८६०१३२,,
  ९८४८१२०१९१
- **स्याङ्जा**,पुतलीबजार
- **सिनामंगल**, काठमाडौँ, मो. ९८४१२४४०६२
- **झापा**, सुरुंगा
- **झापा**, तोपगाछी, मो नं. ९८४९०५३९०७
- **पर्सा**, मधुवन, सथवल, मो. ९८०४२२६८४७
- **थली**, **काठमाडौँ**, मो: ९८४९२७१८१०
- **सुन्दरीजल**, **काठमाडौँ**, मो. ९८४१२००१२८,
  ९८४३७७३६७९
- **शंखु इटे**, धुलीखेल (१२, मो. ९८४३४०८३३२
- **बाह्रबिसे**,मो. ९८४१९०२६१२, ९८४३१८६२९०
- **चैनपुर**, संखुवासभा मो. : ९८५१०१०१४७

<u>अन्य सम्पर्क केन्द्रहरू</u>

- **हेटौडा**, मो. ९८४५४००३२७
- **महेन्द्रनगर** मो. ९८५८७७०९६०
- **सिमरा**, मो. ९८६३६५७८२९
- **लोकन्थली**, मो. ९८४९२१४४०४
- **कैलाली** मो. ९८६८५२८७८४



# सिद्धाश्रम शक्ति केन्द्र गोरक्ष निखिल गुरुधाम, कागेश्वरी मनहरा न.पा. ४ कोलमतेश्वर प्रांगण बागमती किनार



परमपूज्य सद्‌गुरुदेव श्री श्री महायोगी गुरु गोरखनाथ एवं परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराजको परम कृपा, आशीर्वादस्वरूप सि.श.के गुरुधाममा निर्माणाधीन बाह्र ज्योतिर्लिंगसहित वृहत् शिवलिंग ध्यान योग हल ५०X४०X४० को गोलाकारमा निर्माण हलको जगदेखि पिलरसम्म प्रदेश सरकारको बजेटबाट बनिसकेकोले यसै हलको ढलानको बाँकी कार्यको लागि आदरणीय दाताहरूबाट रकम संकलन गरी ढलान गर्नुपर्ने भएकोले सम्पूर्ण साधकसाधिका, भक्तजनहरूलाई गुरुसेवा गर्ने अवसर प्राप्त भएको हुँदा यस्तो दिव्य कार्यमा सम्पूर्ण एकजुट भई सम्पन्न गरौं । यस

**निम्न कुरामा दान सहयोग गर्न सक्नु हुनेछ :**

१. फलामको रड
२. बालुवा
३. गिट्टी
४. ज्याला
५. सिमेन्ट

जय गुरुदेव !

सिद्धाश्रम शक्ति केन्द्र
**गोरक्ष निखिल गुरुधाम**
**सम्पर्क नं. ९८४१**

# सुत्ने बिछ्यौनाको उचित व्यवस्थाले स्वास्थ्य, सुन्दर स्वप्न दिन्छ

निन्द्रा हाम्रो जीवनको अनिवार्य आवश्यकता हो । दैनिक जीवनको तनाव, मानसिक थकान र शारीरिक थकान कम गर्न गुणस्तरीय निद्रा अत्यन्त जरुरी हुन्छ । तर धेरैजसो मानिसहरूले आफ्नो सुत्ने बिछ्यौनाको दिशालाई सामान्य कुरा ठान्छन्, जबकि यसले स्वास्थ्य, स्वप्न र मानसिक शान्तिमा गहिरो प्रभाव पार्दछ ।

सुत्ने दिशा केवल परम्परा वा विश्वास मात्र होइन । वास्तुशास्त्र, आयुर्वेद र आधुनिक अनुसन्धानले पनि देखाएको छ कि बिछ्यौनाको दिशा सही भएमा शरीरको ऊर्जा प्रवाह (प्राण वा चक्र), रक्त सञ्चार, निद्राको गुणस्तर र मानसिक स्थिरतामा सकारात्मक असर पर्छ ।

**स्वास्थ्यमा सुत्ने दिशाको प्रभाव**

बिछ्यौनाको दिशा स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित छ । मानवशरीरमा ऊर्जा प्रवाह, रक्तसञ्चार र मस्तिष्कको क्रियाशीलता निद्राको समयमा सक्रिय रहन्छ ।

**पूर्वतिर टाउको राखेर सुत्ने**

पूर्व दिशा सकारात्मक ऊर्जा, मानसिक शान्ति र उत्साह बढाउने मानिन्छ । यस दिशामा सुत्दा मस्तिष्कले राम्रोसँग आराम पाउँछ र शरीरको चक्र सन्तुलित रहन्छ ।

**दक्षिणतिर टाउको राखेर सुत्ने**

दक्षिण दिशा शारीरिक स्वास्थ्य र रक्त सञ्चार सुधार्न उपयुक्त मानिन्छ । विशेष गरी हृदयसम्बन्धी समस्यामा लाभदायक छ यसरी सुत्दा । यो दिशाले शरीरलाई गहिरो विश्राम दिन्छ ।

**उत्तरतिर टाउको राखेर सुत्ने**

उत्तर दिशा निद्रामा अवरोध ल्याउने र शरीरमा नकारात्मक ऊर्जा बढाउने जोखिम हुन्छ । अत्यधिक तनाव, थकान र स्वास्थ्य समस्याहरू बढ्न सक्छन् ।

**पश्चिमतिर टाउको राखेर सुत्ने**

पश्चिम दिशा मध्यम स्तरको आराम दिन्छ । मानसिक शान्ति केही हदसम्म बढाउन सक्छ तर धेरै सुत्दा शरीरमा सुस्ती र आलस्य महसुस हुन सक्छ ।

धेरै आयुर्वेदिक चिकित्सकहरूले दक्षिण वा पूर्व दिशा सुत्ने सल्लाह दिन्छन्, किनकि यसले निद्राको गुणस्तर सुधाने र शरीरको ऊर्जा सन्तुलन कायम राख्ने विश्वास गरिएको छ ।

**स्वप्न र मानसिक क्रियाशीलतामा प्रभाव**

स्वप्न हाम्रो मानसिक स्वास्थ्य र भावनात्मक स्थिति सम्बन्धित हुन्छ । बिछ्यौनाको दिशा सही भएमा सपना सुखद, सकारात्मक र सिर्जनात्मक हुन्छ ।

पूर्वतिर टाउको राख्दा सकारात्मक सपना आउने सम्भावना बढी हुन्छ । यसले मस्तिष्कलाई उत्साहित राख्छ, समस्या समाधान गर्ने क्षमता बढाउँछ र नयाँ विचारहरूको सृजना गर्न मद्दत गर्छ ।

दक्षिणतिर टाउको राख्दा सपना कम याद आउने तर मस्तिष्कले गहिरो विश्राम पाउने हुन्छ । मानसिक थकान कम हुन्छ ।

उत्तरतिर टाउको राख्दा डर वा तनावपूर्ण सपना आउने सम्भावना बढी हुन्छ । यसले निद्रामा बाधा पुर्‍याउन सक्छ ।

पश्चिमतिर टाउको राख्दा सपना मध्यम स्तरमा आउने, तर निद्रा स्थिरता अलिकति कमजोर हुने हुन्छ ।

स्वप्न केवल मनोरञ्जन मात्र होइन, यो मस्तिष्कको भावनात्मक प्रक्रिया, स्मरण शक्ति र मानसिक स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित छ ।

**मानसिक शान्तिमा प्रभाव**

आजको व्यस्त जीवनशैलीमा मानसिक शान्ति कम हुनु सामान्य कुरा हो । गलत दिशामा सुत्दा तनाव, बेचैनी, र अनावश्यक चिन्ता बढ्न सक्छ ।

पूर्व दिशा: मानसिक शान्ति, ध्यान, र सकारात्मक ऊर्जा बढाउँछ । योग, ध्यान वा प्राणायामको अभ्यासका लागि पनि यो दिशा उपयुक्त मानिन्छ ।

दक्षिण दिशा: शरीरलाई पूर्ण विश्राम दिन्छ । मानसिक सक्रियता कम भए पनि शरीर र मस्तिष्कलाई ऊर्जा पुन: प्राप्त गर्न मद्दत गर्छ ।

उत्तर दिशा: मानसिक अशान्ति र बेचैनी बढाउन सक्छ । लामो समय उत्तरतिर सुत्दा मानसिक तनाव स्थायी रूप लिन सक्छ ।

पश्चिम दिशा: सन्तुलित निद्रा प्रदान गर्छ । मानसिक शान्ति मध्यम स्तरमा रहन्छ ।

मानसिक शान्ति केवल निद्रामा मात्र नभई, दैनिक निर्णय, भावनात्मक प्रतिक्रिया र सामाजिक सम्बन्धमा पनि महत्त्वपूर्ण भूमिका खेल्छ ।

**विज्ञान र अनुभवको दृष्टिकोण**

धेरै अनुसन्धानले देखाएको छ कि निद्राको गुणस्तर, हृदय गति, रक्तचाप र मानसिक स्वास्थ्य बिछ्यौनाको स्थिति र दिशाअनुसार फरक पर्न सक्छ ।

सुत्ने दिशाले मस्तिष्कमा न्युरोट्रान्समीटरको गतिविधि प्रभावित गर्न सक्छ ।

ऊर्जाको प्रवाह र पृथ्वीको चुम्बकीय क्षेत्रसँग तालमेलले शरीरमा आराम वा तनावको अनुभव गराउँछ ।

मानसिक शान्ति र सकारात्मक स्वप्न सुत्ने दिशासँग प्रत्यक्ष सम्बन्धित हुन्छ ।

परम्परागत ज्ञान र आधुनिक विज्ञान दुवैले दक्षिण वा पूर्व दिशामा सुत्न सुझाव दिन्छन् ।

**व्यावहारिक सुझाव**

१. सुत्ने कोठा सफा र हल्का प्रकाशयुक्त राख्नुहोस् ।

२. बिछ्यौनाको दिशा पूर्व वा दक्षिणतिर राख्नुहोस् ।

३. टाउको नजिक भारी धातु, मोबाइल वा इलेक्ट्रोनिक उपकरण नहोस् ।

४. नियमित निद्रा समय पालना गर्नुहोस् ।

५. योग, ध्यान वा प्राणायामको अभ्यासले मानसिक शान्ति बढाउँछ ।

६. सुत्ने कोठामा सकारात्मक ऊर्जा बढाउन हरियो र हल्का रङ प्रयोग गर्नुहोस् ।

सुत्ने बिछ्यौनाको दिशा केवल परम्परा मात्र होइन, यसले शारीरिक स्वास्थ्य, स्वप्नको गुणस्तर, र मानसिक शान्तिमा गहिरो प्रभाव पार्दछ । सही दिशा छनोट गर्दा निद्रा गुणस्तरीय, ऊर्जा स्तर उच्च र मानसिक शान्ति स्थिर रहन्छ ।

यदि तपाईं स्वस्थ, सकारात्मक र मानसिक रूपले सन्तुलित जीवन चाहनुहुन्छ भने आफ्नो सुत्ने बिछ्यौनाको दिशामा ध्यान दिनुहोस् । सुत्ने समय र दिशासँगै, जीवनमा शान्ति र ऊर्जा स्वत: वृद्धि हुनेछ ।

**लक्ष्मी साधना गर्नेहरूका लागि खुसीको कुरा**

**तिहारमा महालक्ष्मी माताको साधना गर्न इच्छुकहरूले बसुन्धरा आश्रममा साधना सामग्रीका लागि सम्पर्क राख्न सक्नुहुन्छ ।**

**सम्पर्क : बसुन्धरा**

**फोन : ०१-४९८९१५४**

**गुरुकार्य नै हो सम्पूर्ण शास्त्रको सार ।**
**गुरुकार्यले नै गर्छ आत्म परिष्कार ।**




**मेष (चू, चे, चो, ला, ली, लु, ले, लो, अ):** समय परिस्थितिले तपाईंलाई राम्रा राम्रा अवसरहरू लिएर आएको देखिन्छ । त्यसैले सही सदुपयोग गर्दै अगाडि बढ्नुहोला । आफ्ना वाणीमा ख्याल पुऱ्याउनुहोला । साथीभाइहरूको सहयोगलाई कदर गर्ने गर्दै अगाडि बढ्नुहोला । घर-परिवारबाट पनि तपाईंलाई मध्यमखालको सहयोग प्राप्त हुनेछ । व्यापार व्यवसायमा राम्रै हुने देखिन्छ । रोजगारीतर्फ पनि राम्रा अवसरहरू प्राप्त हुनेछन् । स्वास्थ्यमा विशेष ध्यान पुऱ्याउनुहोला । खानपानमा होश पुऱ्याउनुहोला । यात्रामा सतर्कता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि माता महालक्ष्मीको पूजा, आराधना र साधना गर्नुहोला ।

**वृष (ई, उ, ए, ओ, वा, वी, वु, वे, ज्ञो):** समय परिस्थिति तपाईंको अनुकूल हुँदै आइरहेको देखिन्छ । त्यसैले अवसरको सदुपयोग गरेर मात्र अगाडि बढ्नुहोला । घर-परिवार, साथीभाइको सहयोगलाई सदुपयोग गर्दै अगाडि बढ्नुहोला । व्यापार व्यवसायमा पनि उन्नति प्रगति हुने देखिएको छ । नोकरीमा पनि राम्रो अवसर प्राप्त हुनेछ । खानपान स्वास्थ्यमा ध्यान दिनुहोला । यात्रामा होश पुऱ्याउनुहोला । सम्पूर्ण अनुकूलताको लागि भगवान् कुवेरको पूजा, आराधना र साधना गर्नुहोला ।

**मिथुन (क, की, कु, ध, ङ, छ, के, को, ह):** आफ्ना वाणीहरूलाई संयमित राख्दै सजगता अपनाउनुहोला । जे कुराको पनि निर्णय लिंदा सोच विचार गरेर मात्रै लिने बानीको विकास गर्नुहोला । घर-परिवारप्रतिको आफ्नो कर्तव्य पालन गर्नुहोला । व्यापार व्यवसायमा राम्रा अवसरहरू प्राप्त हुने देखिन्छन् । खानपान, स्वास्थ्यमा विशेष ध्यान दिनुहोला । शैक्षिक क्षेत्रमा पनि उन्नति प्रगति हुने देखिएका छन् । यात्रामा सतर्कता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि माता विन्ध्यवासिनीको पूजा, आराधाना र साधना गर्नुहोला ।

**कर्कट (ही, हु, हे, हो, डा, डी, डु, डे, डो):** समयले तपाईंको लागि राम्रा राम्रा अवसरहरू लिएर आएको देखिन्छ । त्यसैले होशियारीपूर्वक अगाडि बढ्नुहोला । दैवी कृपा, आशीर्वादले तपाईंको जीवनमा ठूलो उन्नति प्रगति हुने भएकोले आफ्नो भक्तिभाव साधनालाई विशेष जोड दिनुहोला । व्यापार व्यवसायलाई पनि राम्रोसँग अगाडि बढाउने कोशिस गर्नुहोला । घर-परिवार साथीभाइबाट पनि सहयोग प्राप्त हुने देखिन्छ । यात्रामा सतर्कता अपनाउनुहोला । खानपान, स्वास्थ्यमा ध्यान दिनुहोला । सम्पूर्ण अनुकूलताको लागि माता महाशक्ति मनकामनाको पूजा, आराधना र साधना गर्नुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे):** तपाईंलाई राम्रा राम्रा अवसरहरू प्राप्त हुने देखिन्छन् । त्यसको सही सदुपयोग गर्ने कोशिस गर्नुहोला । प्रत्येक कार्य गर्दा खेरि विचार पुऱ्याएर मात्र गर्ने कोशिस गर्नुहोला । घर-परिवार, साथीभाइबाट पनि राम्रै सहयोग प्राप्त हुने देखिन्छ । व्यापार व्यवसायमा पनि राम्रा राम्रा अवसरहरू प्राप्त हुनेछन् । रोजगारीमा पनि राम्रा अवसरहरू प्राप्त हुने देखिन्छ । खानपान, स्वास्थ्यमा ध्यान दिनुहोला । यात्रामा ख्याल पुऱ्याउनुहोला । सम्पूर्ण अनुकूलताको लागि महाशक्ति गोरखकाली माताको पूजा, आराधना र साधना गर्नुहोला ।

**कन्या (टो, पा, पी, पू, ष, ण, ठ, पे, पो):** समयले राम्रा अवसरहरू लिएर आए पनि केही प्रतिकूलता आउन सक्दछन्, अलि ख्याल गरेर अगाडि बढ्नुहोला । व्यापार व्यवसायमा राम्रा राम्रा अवसरहरू प्राप्त हुनेछन् । घर परिवार साथीभाइबाट पनि मध्यम खालको सहयोग प्राप्त हुनेछ । रोजगारीको क्षत्रमा पनि राम्रा अवसर प्राप्त हुनेछन् । शिक्षामा विशेष ध्यान दिनुहोला । खानपान, स्वास्थ्यमा होश पुऱ्याउनुहोला । यात्रामा पनि ख्याल राख्नुहोला । सम्पूर्ण अनुकूलताको लागि माता विन्ध्यवासिनीको पूजा, आराधना र साधना गर्नुहोला ।



*तान्त्रिकताको आधारमा तयार पारिएको राशिफल भएकोले यसलाई त्यही अनुरूप ग्रहण गरिदिनुहोला । तपाईंको सम्पूर्ण भाग्य सही र सत्य गुरुले किटान गरिदिनु भएको हुन्छ । तान्त्रिक योगबलले हुने नराम्रो घटनालाई न्यूनतामा र न्यून घटनालाई टारिदिने गर्दछ । अस्तु ।*

**तुला** (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) : समय आफ्ना विचार भावनाहरूलाई विराटतातर्फ लैजाँदै कर्मक्षेत्रमा लाग्ने कोशिस गर्नुहोला । सोच-विचारहरूलाई नयाँ ढंगबाट आफूलाई परिष्कृत गर्ने कोशिस गर्नुहोला । व्यापार व्यवसायमा राम्रा अवसरहरू आउने देखिन्छन् तर होश पुऱ्याएर मात्र अगाडि बढ्नुहोला । घर-परिवार, साथीभाइको सहयोगलाई पनि कदर गर्दै अगाडि बढ्नुहोला । नोकरीतर्फ अलि होश पुऱ्याउनुहोला । स्वास्थ्यमा, खानपानमा विशेष सतर्कता अपनाउनुहोला । यात्रामा सतर्कता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि माता अन्नपूर्णको पूजा, आराधना र साधना गर्नुहोला ।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु):** तपाईंलाई केही राम्रा अवसरहरूले जोश जाँगर भर्ने देखिन्छन् । कुनै पनि निर्णय लिंदा विचार गरेर मात्रै लिनुहोला । घर-परिवारप्रतिको आफ्नो जिम्मेवारी पूरा गर्दै अगाडि बढ्नुहोला । साथीभाइको पनि मिश्रित सहयोग प्राप्त हुनेछ । व्यापार व्यवसायमा अलि होश पुऱ्याउनुहोला । नोकरीतर्फ केही राम्रा अवसरहरू आउने देखिन्छन् । शिक्षा क्षेत्रमा विशेष महत्त्व दिनुहोला । स्वास्थ्यमा, खानपानमा होश पुऱ्याउनुहोला । सम्पूर्ण अनुकूलताको लागि माता महालक्ष्मीको पूजा, आराधना र साधना गर्नुहोला ।

**धनु (ये, यो, भा, भी, भु, ध, फ, ढा, भे):** आफ्ना विचार भावनाहरूलाई संयमित राख्ने कोशिस गर्नुहोला । जे चिजको पनि निर्णय लिंदा केही समय राखेर मात्रै निर्णय लिने बानीको विकास गर्नुहोला । दैवी कृपाले नै तपाईंको जीवनमा धेरै राम्रो उपलब्धि हुने भएकोले भगवान् भक्ति, साधनाहरूलाई विशेष जोड दिनुहोला । व्यापार व्यवसायमा पनि अलि समय दिएर, सोच विचार गरेर मात्रै अगाडि बढ्नुहोला । घर परिवारप्रतिको आफ्नो जिम्मेवारी पूरा गर्दै अगाडि बढ्नुहोला । रोजगारीमा राम्रा अवसरहरू प्राप्त हुनेछन् । खानपान, स्वास्थ्यमा विशेष सतर्कता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि माता महालक्ष्मीको पूजा, आराधना र साधना गर्नुहोला ।

**मकर (भो, जा, जी, जु, जे, जो, ख, खि, खु, खे, गा, गि):** आफूलाई प्राप्त अवसरहरूको सही सदुयोग गर्दै अगाडि बढ्ने कोशिस गर्नुहोला । आफूलाई कहिल्यै पनि कमजोर नठानीकन आफ्नो कर्मक्षेत्रमा लाग्दा नै तपाईंले ठूला ठूला उपब्धिहरू हासिल गर्न सक्नुहुनेछ । घर-परिवारबाट ठीकै खालको सहयोग प्राप्त हुनेछ । व्यापार व्यवसायमा केही राम्रा अवसरहरू प्राप्त हुने देखिन्छन् । खानपान, स्वास्थ्यमा विशेष ध्यान दिनुहोला । शिक्षामा विशेष जोड दिनुहोला । यात्रामा ख्याल पुऱ्याउनुहोला । सम्पूर्ण अनुकूलताको लागि माता महाशक्ति मनकामनाको पूजा, आराधना र साधना गर्नुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, दा):**

समयले राम्रा अवसरहरू तपाईंका लागि लिएर आएको देखिन्छ, सही सदुपयोग गर्दै अगाडि बढ्नुहोला । घर-परिवार, साथीभाइबाट पनि राम्रै सहयोगहरू प्राप्त हुने देखिन्छन् । तर आफ्ना वाणीलाई ख्याल पुऱ्याउनुहोला । व्यवसायमा पनि राम्रा अवसरहरू प्राप्त हुनेछन् । शिक्षा क्षेत्रमा विशेष जोड दिनुहोला । रोजगारीतर्फ पनि राम्रा राम्रा अवसरहरू प्राप्त हुनेछन् । खानपान, स्वास्थ्यमा ध्यान दिनुहोला । यात्रामा सतर्कता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि भगवान् गणपतिको पूजा, आराधना र साधना गर्नुहोला ।

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची):** हतारमा कुनै पनि निर्णयहरू नलिनुहोला । वाणीलाई संयम राख्नुहोला । राम्रा राम्रा अवसरहरूले तपाईंमा खुसी, आनन्दहरू छाउनेछन् । घर-परिवार, साथीभाइबाट पनि मिश्रित सहयोग प्राप्त हुनेछन् । व्यापार व्यवसायमा पनि राम्रा अवसरहरू प्राप्त हुनेछन् । स्वास्थ्यमा विशेष ध्यान दिनुहोला । शिक्षामा मिहिनेत बढाउनुहोला । यात्रामा होश पुऱ्याउनुहोला । सम्पूर्ण अनुकूलताको लागि महाशक्ति बगलामुखी माताको पूजा, आराधाना र साधना गर्नुहोला । अस्तु । शुभम् ।


खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी

नेपाल आयल निगम लि. को

अति आवश्यक जानकारी


एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :

१. सिलिण्डर ल्याउँदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुलोको नब बन्द गरौं ।
२. झ्याल ढोका खुल्ला राखौं र झिल्का निस्कने वस्तुहरू जस्तै ग्याँस चुल्हो, सलाई, लाइटर, धुप आदि नबालौं । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्याँस बिक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौं ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१



# गोरखवाणी

***परब्रह्म, परमात्मा, अलखनिरंजन महायोगी शिव गोरक्षका दिव्य वाणीभित्र समाहित गूढतम् रहस्यहरू, आध्यात्मिक उन्नति, प्रगतिका नवीनतम् मार्गहरू, साधनात्मक उच्चताका दिव्यतम् विधिहरू सम्पूर्ण स्तरका व्यक्तिहरूका लागि उत्तिकै आवश्यक छन्, उत्तिकै आदरणीय छन् । महायोगीका दिव्यतम् वाणीहरू गोरखवाणीका रूपमा विश्वविख्यात् छन् । परमतत्त्व परमात्माको वर्णन एवं व्यक्तिमा अन्तर्निहित शक्तिहरूको माध्यमबाट साक्षात्कार, आत्मसाक्षात्कार कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा उत्पन्न गहिराइ छुने, जीवनका वास्तविक मर्महरू झल्काउने यी दिव्य वाणीहरू सबैका लागि अनुकरणीय एवं मार्गनिर्देशक हुनेछन् भन्ने आशाका साथ प्रकाशन गर्दै आइरहेका छौं ।***

**कहणि सुहेली रहणि दुहेली ।**
**बिन षायां गुड मीठा ॥**
**खाई हींग कपूर बषांणै ।**
**गोरष कहै सब झूठा ॥**

गुरु गोरखनाथ आदेश दिँदै भन्नुहुन्छ– कोरा उपदेश दिन, केवल गफ लगाउन सजिलो छ तर जीवनमा उतारेर अरूका लागि पनि उदाहरण बन्न कठिन छ । यदि कुनै व्यक्तिले गुड नखाई गुडको गुलियो स्वादको बखान गर्दछ, गुणगान गाउँछ भने त्यो केवल अरूलाई धोखा दिनु हो । यो कुरा त हिंग खाएर कपूरको स्वादको बखान गर्नु जस्तो भयो । यस्तैगरी जो व्यक्ति ब्रह्मज्ञानको कुरा गर्दछ, प्रवचन गर्दछ, अरूलाई उपदेश दिन्छ र संसारीक बन्धनको आसक्तिमा, विषय-भोगमा लिप्त हुन्छ भने उसको उपदेश सामान्य मानिसको लागि केवल धोका हो, केवल प्रपञ्च मात्र हो ।

**मूरिष सभान बैसिबा अबधू ।**
**पंडित सौं न करिबा बादं ॥**
**राजा संग्रामे झूझ न करबा ।**
**हेलै न षोइबा नादं ॥**

हे योगी, मूर्खहरूको सभामा कहिल्यै नबस्नू । जो व्यक्ति स्वयं नै आफूलाई पण्डित, गुरु भन्छ, शास्त्र पढेको भरमा ज्ञानको उपदेश दिन्छ, आफ्नो जीवनमा कहिल्यै अनुभूति गरेको हुँदैन यस्ताहरूसँग वाद-प्रतिवाद गर्नु हुँदैन । हे योगी, राजाको साथ युद्ध वा विरोधमा लाग्नु हुदैन । कहिल्यै पनि अनाहत नाद-श्रवणबाट प्राप्त चित्तको ब्रह्मरन्ध्रमा लयावस्थाको अवहेलना गर्नु हुदैन । परमशिवको चिन्तनमा सदा लागि रहनुपर्दछ ।

**चालत चंदवा षिसि-षिसि पडै ।**
**बैठा ब्रह्म अगनि परजलै ॥**
**आडै आसणि गोटिका वंध ।**
**जावत प्रथिमी तावत कंध ॥**

साधनामा अघि बढ्ने योगीहरू कुण्डलिनी जागरण गरी षट्चक्र भेदन गरी सहस्रदल सहस्रारमा स्थित चन्द्रमाबाट झरिरहेको अमृतलाई सेवन गरी यस शरीरको प्रलयपछि पनि अमर हुन्छन् । चंचलताबाट चन्द्रद्रव, प्राणामृत खस्किँदै खिस्स-खिस्स झर्दै जान्छ । स्थिरताबाट ब्रह्माग्नि प्रज्वलित हुन्छ, ज्ञानदिप्ति स्थिर रहन्छ । तेस्रो अवस्थामा, चल र अचलको मध्यको अवस्थामा, अभ्यासले गोटिकाबन्ध-सिद्धिको प्राप्ति हुन्छ, जसबाट योगी इच्छानुसार सूक्ष्म शरीर धारण गरी अदृश्य हुन सक्दछन् । हुन त विभिन्न व्यक्तिहरू एवं ग्रन्थहरूमा सिद्धयोगी अभिमन्त्रित गुटिका, गोलीलाई मुखमा राखी अदृश्य हुन्छन् भन्ने भनाइ छ । यसरी नै योगीहरू अमरत्व प्राप्त गर्दछन्, अमृत पदमा स्थिर हुन्छन् र जबसम्म पृथ्वी स्थिर रहन्छ, तबसम्म उनीहरूको शरीर बनिरहन्छ ।

**यहु मन सकती यहु मन सीव ।**
**यहु मन पांच तत्त का जीव ॥**
**यहु मन ले जै उनमन रहै ।**
**तो तीनी लोक की बातां कहै ॥**

मानव मनलाई पूर्णरूपले वशमा राख्न सक्नु नै योग साधनाको प्रमुख लक्ष्य हो । योग साधनाको प्रमुख सिद्धि नै मनको सिद्धिको चरम फल हो । मन नै परम शक्ति हो, मन नै जागृत कुण्डलिनी महामाया हो र यही मन नै परम शिव हो । यही मन पञ्च भौतिक शरीरमा निवास गर्ने जीवात्मा हो । मनले योग क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । यही मनलाई योगीले उन्मन राखी परमात्माको चिन्तनप्रति अभिमुख गराउँदछन् र उनीहरू आकाश, पाताल र मृत्युलोक गरी तीनै लोकको रहस्य बुझ्दछन् ।

# श्री सावर संरचना शक्ति केन्द्रबाट प्राप्त दिव्य साधनात्मक सूत्रहरू

**रङ शक्ति :**

साधनामा अगाडि बढ्ने प्रत्येक व्यक्तिलाई रङ शक्तिको गूढ रहस्यबारे थाहा हुनु जरुरी छ। रङ शक्तिभित्र लुकेको वास्तविक साधनाको सफलताको बारेमा धेरैलाई थाहा हुँदैन । रङ शक्तिलाई बुझेर त्यहीअनुरूप आफूलाई ख्याल राख्न सक्यौं भने मन्त्र साधनामा सफलता हासिल गर्न सकिन्छ । रङ भन्ने बित्तिकै हामी बाहिरी चीजहरूको देखिने रङलाई देख्दछौं । सृष्टिमा थुप्रै वस्तुहरू, चीजहरूले आ-आफ्नै स्वभाव एवं प्रकृतिअनुसारका रङ ग्रहण गरी आफ्नो रङ तपाईं हामीसमक्ष पठाइरहेका हुन्छन् । कुनै पनि वस्तुले सूर्यको किरणमा समाहित सात रङ आफूले लिई कुनै रङलाई प्रवाहित गर्दछ र फलस्वरूप हामीले विभिन्न रङका पदार्थहरू, वस्तुहरू देख्दछौं । कोही रातो, कोही पहेँलो, हरियो, निलो, सेतो, कालो, सुन्तला, बैजनी, खैरो, आदि रङहरू र यिनीहरूको मिश्रणले बन्ने अरू धेरैखालका रङहरू हामीले देख्न सक्छौं। प्रत्येक रङको आफ्नै महत्त्व हुने गर्दछ, आफ्नै प्रभाव हुने गर्दछ ।

वैज्ञानिकहरूले पनि रङको बारेमा धेरै खोज अनुसन्धान गरेका छन् जुन कुरा हाम्रा पूर्वज ऋषिमुनिहरूले शताब्दीऔं अगाडि खोज गरी पत्ता लगाएका थिए । मनुष्यको शरीरमा विभिन्न रङहरू हुने गर्दछन्। यी रङहरू थपघट हुँदा व्यक्तिमा विभिन्न रोगहरू देखा पर्दछन् भन्ने कुरा स्वास्थ्य विज्ञानले पनि प्रमाणित गरिसकेको छ। त्यस्तै मानव शरीरभित्र निहित विभिन्न चक्रहरूका पनि आ-आफ्नै रङहरू हुन्छन् । यी रङहरूलाई बुझ्न सके चक्रहरू जाग्ने कुरा पनि अध्यात्म शक्तिहरूले प्रमाणित गरिसकेका छन् । मानव शरीरमा हुने रङको प्रभावले मनुष्यको समग्र जीवनलाई नै प्रभाव पारिरहेको हुन्छ जुन कुराको हामीलाई पत्तो नै हुँदैन । हुन त सृष्टिदेखि नै प्रकृतिमा राम्रा रङ र नराम्रा रङहरूको प्रभाव रहँदै आएको देखिन्छ । मनुष्यले आफ्नो शरीरमा व्याप्त रङअनुसार नै प्रकृतिको रङ तानिरहेको हुन्छ । यदि शरीरमा राम्रो रङको बोलवाला छ भने प्रकृतिबाट पनि त्यस्तै रङ प्राप्त गर्दछ । यदि शरीरमा नराम्रो शक्तिको प्रभाव बढी छ भने प्रकृतिबाट पनि नराम्रै शक्ति ग्रहण गर्दछ । रङअनुसारको प्रकृति मनुष्यमा देखा पर्न थाल्दछ । राम्रा रङको प्रभाव पर्नेहरू खुशी, शान्त, सौम्य, आनन्दित, धैर्यवान्, संयमी, आदि हुन्छन् भने नराम्रा रङको प्रभाव पर्नेहरूमा रिसाइरहने, चिडचिडे स्वभावका, असन्तोषी, चिन्ताग्रस्त, भयग्रस्त, सधैं आत्तिरहने, आदि इत्यादि लक्षणहरू देखा पर्न थाल्दछ । यसरी व्यक्तिमा हुने रङले साधनाको सफलतामा ठूलो भूमिका खेलेको हुन्छ ।

जो व्यक्ति पूर्ण श्रद्धा, भक्ति, विश्वासका साथ धैर्यवान् भएर अगाडि बढ्दछ, उसमा राम्रा रङहरू व्याप्त हुन थाल्दछन्। जसको शरीरमा राम्रा रङहरू हुन्छन्, भगवान्ले पनि उनीहरूलाई नै साथ दिन्छन्। कारण मनुष्यको विभिन्न रङ भएजस्तै देवीदेवता, भगवान्हरूको पनि विभिन्न रङ हुने गर्दछ। यही रङको आधारमा दैवी शक्तिबाट हामीले रङकै रूपमा आशीर्वादहरू प्राप्त गर्दछौं । हामीले टेलिभिजनका धार्मिक शृङ्खलाहरूमा पनि देख्छौं कि भगवान्ले आशीर्वाद दिँदा हातबाट विभिन्न रङ निस्केको हुन्छ । आशीर्वाद रङको रूपमा नै प्राप्त हुन्छ भन्ने सांकेतिकरूपमा देखाउने गरिन्छ। यसरी नै साधनामा अगाडि बढ्ने प्रत्येक व्यक्तिले पनि सम्बन्धित देवीदेवताको रङसँग आफ्नो रङशक्ति मिलाउन सकेमा साधना सहजै सिद्ध हुन्छ ।

पहेँलो रङलाई आध्यात्मिक रङ मानिन्छ । यसलाई पूर्णताको प्रतीक पनि मानिन्छ । मनुष्यले भित्रैदेखि आफ्नो चालचलन, स्वभाव, सम्पूर्णमा परिवर्तन ल्याएर पहेँलो रङमा रूपान्तरण हुने चेष्टा गर्नुपर्दछ । साधनामा अगाडि

(बाँकी पृष्ठ ४४ मा हेर्नुहोला)



# छठ पूजा : आस्थाको सूर्य आराधना

नेपालको तराई क्षेत्रमा सर्वाधिक प्रचलित पावन पर्व हो छठ पर्व अर्थात् सूर्य षष्ठी । यस पर्वमा मुख्यरूपमा भगवान् सूर्यको व्रत तथा पूजन गरिन्छ । पुराण तथा धर्मशास्त्रहरूमा विभिन्न रूपबाट ईश्वरको उपासनाको लागि पृथक पृथक दिन एवं तिथिहरू निर्धारण गरिएका छन् जसमध्ये कार्तिक शुक्ल षष्ठी तिथि भगवान् सूर्यको पूजा, उपासनाको लागि महत्त्वपूर्ण दिन मानिन्छ ।

हाम्रो समाजमा रहेका जति पनि परम्पराहरू छन्, सबैको मूल स्रोत कहीं न कहीं पौराणिक कथामा उल्लेख गरिएका छन्। श्वेताश्वेतरोपनिषद्मा परमात्माको मायालाई 'प्रकृति' र मायाको स्वामीलाई 'मायी' भनिएको छ। यो प्रकृति ब्रह्मस्वरूप मायामयी र सनातनी छ । त्यस्तै ब्रह्मवैवर्तपुराण प्रकृति खण्डअनुसार परमात्माले सृष्टिका लागि योगको सहायताबाट आफूलाई दुई भागमा विभक्त गर्नुभयो । दायाँभागबाट पुरुष र बायाँभागबाट प्रकृतिको उत्पत्ति भयो । यहाँ 'प्रकृति' शब्दलाई धेरै प्रकारबाट व्याख्या गरिएको छ । प्रकृतिको 'प्र' को अर्थ हुन्छ प्रकृष्ट र 'कृति'को अर्थ सृष्टि अर्थात् प्रकृष्ट सृष्टि । दोस्रो कथनअनुसार ' प्र'को अर्थ सत्वगुण, 'कृ'को अर्थ रजोगुण र 'ति'को अर्थ तमोगुण हुन्छ, यही तीन गुणको समष्टिरूप नै प्रकृति हो ।

उपर्युक्त पुराणअनुसार सृष्टिकी अधिष्ठात्री, प्रकृतिदेवी स्वयंलाई पाँच भागमा विभक्त गर्नुहुन्छ– दुर्गा, राधा, लक्ष्मी, सरस्वती र सावित्री । यी पाँच देवीहरूलाई नै प्रकृति भनिन्छ । यही प्रकृतिदेवीको अंश, कला, कलांश, कलांशांश भेद गरी अनेक रूप छन् जुन विश्वका समस्त स्त्रीहरूमा देख्न सकिन्छ ।

मार्कण्डेयपुराणको पनि यही उद्घोष छ कि 'स्त्रियः समस्ताः सकला जगत्सु ।' प्रकृतिदेवीको एक प्रधान अंशलाई 'देवसेना' भनिन्छ जो सबैभन्दा श्रेष्ठ मातृका मानिनु हुन्छ । उहाँले नै सम्पूर्ण लोकका बालकहरूको रक्षा गर्नुहुन्छ । प्रकृतिको छैटौं अंश हुनुभएकोले उहाँको नाम 'षष्ठी' पनि हो ।

**षष्ठांशा प्रकृतेर्या च सा च षष्ठी प्रकीर्तिता ।**<br>
**बालकाधिष्ठातृदेवी विष्णुमाया च बालदा ॥**<br>
**आयु:प्रदा च बालानां धात्री रक्षणकारिणी ।**<br>
**सततं शिशुपार्श्वस्था योगेन सिद्धियोगिनी ॥**

(ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड ४३।४,६)

ब्रह्मवैवर्तपुराणका यी श्लोकबाट स्पष्ट हुन्छ कि विष्णुमाया षष्ठीदेवी बालकहरूको रक्षिका एवं आयुदाता हुनुहुन्छ । षष्ठीदेवीको पूजनको थालनी पृथ्वीमा कहिलेबाट भयो भन्ने सन्दर्भमा एउटा कथा यसप्रकार छ–

'प्रथम मनु' स्वयम्भुको पुत्र प्रियव्रतको कुनै पनि सन्तान थिएनन् । एकपटक महाराजले महर्षि कश्यपसँग आफ्नो दुःख प्रकट गर्दै पुत्र प्राप्तिको उपाय सोधे तब महर्षिले पुत्रेष्ठि यज्ञ गर्ने सल्लाह दिनुभयो । यज्ञको समाप्तिपछि महारानी मालिनीले एक पुत्रलाई जन्म दिइन् तर उक्त शिशु मरेको थियो । महारानीलाई मृत-प्रसव भयो । यसले गर्दा सम्पूर्ण नगरमा शोक छायो । महाराज प्रियव्रतलाई त ठूलो वज्रपात भयो । उनी मृत शिशुलाई आफ्नो छातीमा टाँसेर पागल झैं विलाप गर्न लागे । कसैले पनि उक्त बालकलाई राजाबाट छुटाउन सकेनन् । त्यहीबेला एउटा आश्चर्यजनक घटना घट्यो । सबैले देखे कि आकाशबाट एक ज्योतिर्मय विमान पृथ्वीतर्फ आइरहेको थियो। विमान नजिकै आएपछि सबैले देखे कि त्यस विमानमा एक दिव्याकृति नारी बसेकी थिइन् । राजाको यथोचित प्रार्थना गरेपछि देवीले भन्नुभयो कि 'म ब्रह्माकी मानसपुत्री षष्ठीदेवी हुँ । म सम्पूर्ण लोकका बालकहरूको रक्षिका हुँ साथै अपुत्रहरूलाई पुत्र प्रदान गर्दछु ।' यति भनेपछि देवीले शिशुको मृत शरीरलाई स्पर्श गर्नासाथ शिशु जीवित भयो । महाराजको खुशीले सीमा नाघ्यो । अनेक तरहले उनी षष्ठी देवीको स्तुति गर्न थाले । देवीले खुशी हुँदै महाराजलाई भन्नुभयो 'तिमी यस्तो व्यवस्था गर ताकि सम्पूर्ण पृथ्वीबासीले मेरो पूजा गरुन्। यसपश्चात् देवी अन्तर्धान हुनुभयो । राजाले देवीको यो आज्ञा शिरोधार्य गरी आफ्नो राज्यमा प्रत्येक महिना शुक्लपक्षको 'षष्ठी' तिथिलाई षष्ठी

महोत्सवको रूपमा मनाउन राजाज्ञा प्रसारित गरे। त्यसै समयदेखि लोकमा बालकको जन्म, नामाकरण, अन्नप्राशन आदि सबै शुभकार्यहरूमा षष्ठी पूजन प्रचलित भयो । यस पूजनमा चामलको नैवेद्य हुनु पनि अनिवार्य छ ।

आज पनि शिशुको जन्म भएको छैटौँ दिन षष्ठी-पूजन धूमधामका साथ गरिन्छ भने प्रसूतालाई पहिलो दिन स्नान पनि यसै दिन गराइन्छ । यस पौराणिक कथनबाट यो स्पष्ट हुन्छ कि षष्ठीदेवी शिशुहरूको संरक्षण एवं संवर्धनकी देवी हुनुहुन्छ र उहाँको पूजन षष्ठी तिथिमा नै गरिन्छ । पुराणमा यी देवीको एक नाम 'कात्यायनी' पनि भनेर उल्लेख गरिएको पाइन्छ । जसको पूजन नवरात्रिमा षष्ठी तिथिका दिन हुन्छ 'षष्ठं कात्यायनीति च ।'

ब्रह्मवैवर्तपुराणमा वर्णित यस आख्यानबाट षष्ठीदेवीको महिमा, पूजन विधि एवं पृथ्वीमा उहाँको पूजनको थालनी आदि विषयको बारेमा सम्पूर्ण ज्ञान हुन्छ तर यहाँ अर्को प्रश्न उठ्छ कि सूर्यको साथ षष्ठीदेवीको पूजन अर्थात 'सूर्यषष्ठी' पर्वको शुभारम्भ कहिलेबाट भयो ?

भविष्यपुराणअनुसार प्रत्येक महिनामा गरिने तिथि व्रतका साथ षष्ठी व्रतको पनि उल्लेख पाइन्छ। जसमा कार्तिक शुक्लपक्षको षष्ठी व्रतको उल्लेख स्कन्ध षष्ठीको नामबाट गरिएको छ तर यस व्रतको विधान भने यहाँ उल्लेख गरे अनुसार र लोकमा प्रचलित सूर्यषष्ठी व्रतको तरिका भने धेरै फरक छ ।

मैथिल 'वर्षकृत्यविधि'मा 'प्रतिहार-षष्ठी'को नामले प्रसिद्ध सूर्य षष्ठी व्रतको उल्लेख गरिएको छ । यस ग्रन्थमा व्रत, पूजन विधि, कथा तथा फलश्रुतीका साथै तिथिहरूको विषयमा पनि चर्चा गरिएको छ । कथाको अन्त्यमा 'इति श्री स्कन्धपुराणोक्तप्रतिहारषष्ठीव्रतकथा समाप्ता' भनेर लेखिएको हुनाले स्कन्धपुराणमा कुनै संस्करणमा यो व्रतको पनि चर्चा रहेको हुनसक्छ त्यसैले यस व्रतको प्राचीनता एवं प्रामाणिकता पनि प्रमाणित हुन्छ । प्रतिहारको अर्थ जादु वा चमत्कार हुन्छ तसर्थ चमत्कारिकरूपबाट इच्छाहरू पूर्ण हुने व्रत भनेर यसलाई प्रतिहार षष्ठी व्रत भनिन्छ ।

यस ग्रन्थमा षष्ठी व्रतको कथा अन्य पौराणिक कथाहरू जस्तै वर्णन गरिएको छ । यसमा पनि नैमिषारण्यमा शौनकादि मुनिहरूले सोधेपछि श्रीसुतजीले लोककल्याणको लागि सूर्यषष्ठी व्रतको कथा एवं महिमा बताउनुहुन्छ । उक्त कथाअनुसार एक राजा जो कुष्ठ रोगी र राज्यविहीन थिए, उनले कोही विद्वान् ब्राह्मणको सल्लाहअनुसार यो व्रत गर्दछन् जसबाट उनी रोग मुक्त भई राज्य प्राप्त गर्न सफल हुन्छन् । तर पञ्चमीयुक्त षष्ठीको यहाँ सर्वथा निषेध गरिएको छ ।

यस व्रतको विधिमा भनिएको छ कि कार्तिक महिनाको शुक्लपक्षमा सात्विकरूपमा रहनुपर्दछ । पञ्चमीमा एकपटक भोजन गर्नु, वाणीमा पवित्रता राख्नुपर्दछ र षष्ठीको दिनमा निराहार बसी फल, पुष्प, घ्यूमा पकाएका परिकारहरू, धूप, दीप आदि सामग्रीहरू लिएर नदी किनारमा गएर बाजा, गानासहित हर्षोल्लासपूर्वक सूर्यको पूजन गरी सूर्यलाई रातो चन्दन र रातो फूल, अक्षतासहितको अर्घ्य चढाउनु पर्छ ।

सूर्यषष्ठी व्रतको प्रसादमा ऋतुअनुसारका फलफूललगायत गहुँको पीठो र सक्खर मिलाएर घ्यूमा पकाएको 'ठेकुवा' अनिवार्य हुन्छ। यसमा सूर्यको रथको चित्र पनि बनाउन आवश्यक हुन्छ। षष्ठीका दिन नजिकैको नदीमा गएर सूर्य भगवान् र षष्ठी देवीको पूजा गरेर भव्यरूपमा मनाइन्छ। सबै व्रतालु महिलाहरू नयाँ-नयाँ लुगा तथा आभूषणहरूले सुसज्जित भएर फल, मिष्ठान्न र पकवानले भरिएको नयाँ बाँसबाट बनेको नाङ्लो र डालो लिएर षष्ठी माता र सूर्य भगवान्को लोकगीत गाउँदै आ-आफ्नो घरबाट निस्कने चलन छ। बेलुकी अस्ताउन लागेको सूर्यलाई अर्घ्य दिएपछि फेरि भोलिपल्ट बिहान ब्रह्ममुहूर्तमा नै नयाँ अर्घ्य सामग्रीका साथ सबै व्रतालुहरू पोखरीमा उभिएर हात जोड्दै भगवान् सूर्य उदय हुने प्रतीक्षामा रहन्छन् । जुन बेला सूर्य क्षितिजमा उदाउँछन्, तब मन्त्रका साथ भगवान् सूर्यलाई अर्घ्य चढाउँछन् । ब्राह्मण दक्षिणा एवं प्रार्थनापश्चात् व्रत पूर्ण गरिन्छ ।

सूर्यषष्ठी व्रतको बेला माटोको प्रतिमा बनाएर साँझको प्रथम अर्घ्यबाट षष्ठी देवीको आह्वान एवं पूजन गरिन्छ । फेरि बिहानको अर्घ्य दिनुपूर्व षष्ठी देवीको पूजन गरी विसर्जन गरिन्छ । भनिन्छ, पञ्चमीको साँझदेखि नै घरमा भगवती षष्ठीको आगमन हुन्छ ।

यसप्रकार भगवान् सूर्यको यस पावन व्रतमा शक्ति र ब्रह्म दुवैको उपासनाको फल एकैपटक प्राप्त हुन्छ। यसकारण लोकमा यो पर्व 'सूर्यषष्ठी'को नामबाट प्रख्यात् छ ।

सिद्धाश्रम शक्ति केन्द्र सम्पर्क कार्यालय ल.पु. मा सम्पन्न ध्यान कार्यक्रम, केन्द्रद्वारा सम्पन्न मासिक हवनलगायत












# सिद्धाश्रम शक्ति केन्द्रका गतिविधिहरू

## विशेष हवन कार्यक्रम सम्पन्न

सिद्धाश्रम शक्ति केन्द्रले महाअष्टमीको पावन अवसरमा विशेष हवन कार्यक्रम सम्पन्न गर्‍यो ।

गत आश्विन १४ गते महाअष्टमीका दिन बेलुकी ५:३० बजे सम्पन्न उक्त हवनमा नवार्ण मन्त्र जप गर्नेहरू सहभागी हुनुहुन्थ्यो ।

उक्त हवन संस्थाका अन्य सम्पर्क कार्यालयहरूमा पनि सम्पन्न भएको थियो ।

संस्थाले प्रत्येक वर्ष नवरात्रिको महाअष्टमीका दिन उक्त कार्यक्रम सम्पन्न गर्दै आइरहेको छ ।

## पूजनीय गुरुमाताको महाप्रयाण दिवसमा भजनकीर्तन



पूजनीय गुरुमाता भगवती देवी श्रीमालीज्यूको आठौं महाप्रयाण दिवस भजनकीर्तनका साथ मनाइयो ।

दिउँसो ३:३० देखि भजनकीर्तन कार्यक्रमका साथ शुरु भएको उक्त कार्यक्रमा माताजीलाई मन पर्ने खिर प्रसाद उहाँको चरणमा अर्पण गरिएको थियो ।

पूजनीय गुरुमाता भगवती देवी श्रीमाली परमपूज्य गुरुदेव डा. नारायण दत्त श्रीमालीज्यूका अर्धाङ्गिनी भएर गुरुदेवको कार्यमा दत्तचित्त भएर लाग्नु भएको थियो र सद्गुरुदेवले जुन कार्य सम्पन्न गर्नुभयो, त्यसमा माताजीको ठूलो भूमिका रहेको थियो ।

(पृष्ठ ४० को बाँकी अंक)

बढ्ने प्रत्येक व्यक्तिले रङ मिलाउनलाई कोशिस गर्नुपर्दछ । हुन त यही रङको गूढ रहस्यलाई बुझेर होला प्राय:जसो अध्यात्ममा लाग्ने साधु, सन्त, योगी, आदिहरूले पहेँलो वस्त्र लगाउने गरेको । कसैले आत्माको रङ भनेर सेतो रंगको कपडा लगाउँछन्, कसैले संसारदेखि वैराग्य आओस् भनेर पनि यस्ता रङहरू प्रयोगमा ल्याएको पाइन्छ ।

शरीरमा व्याप्त रंगले व्यक्तिको समग्र विचार भावना, सोचाइ, चिन्तन, कार्य गर्ने शैलीदेखि लिएर हेर्ने दृष्टिकोणमा समेत प्रत्यक्ष प्रभाव पारेको हुन्छ । त्यसैले जहिले पनि पहेँलो रङको निर्माणमा लाग्नुपर्ने हुन्छ । पहेँलो रङ शरीरमा जति व्याप्त गराउन सक्छौँ, त्यति नै छिटो साधनामा सफलता प्राप्त गर्न सक्दछौँ । राम्रा रङहरूको निर्माणले ध्यान एकाग्र गर्न, एकचित्त भएर साधनामा भित्रभित्रै डुब्न, आदिजस्ता विभिन्न कुरामा मद्दत पुर्‍याउँदछ । शरीरमा खैरो रङको मात्रा बढ्यो भने हामीमा बेचैनी, छटपटी, घमण्ड, अहंकार, रिस, राग, द्वेष, ईर्ष्या, आदि जन्मिन थाल्दछन् । हामीले एकाग्र, एकचित्त गर्न सक्दैनौं, साधना गर्ने मानसिकता नै हुँदैन, गुरु एवं दैवी शक्तिप्रतिको भक्तिभाव नै घट्न थाल्दछ र साधनात्मकरूपमा अगाडि बढ्न अत्यन्त दुष्कर हुन्छ ।

त्यसैले रङ शक्तिको महिमालाई बुझौं, पहेँलो रङ शरीरमा व्याप्त गराऔं, साधनामा सफलता प्राप्त गरौं ।

**गुरुकार्य नै हो सम्पूर्ण शास्त्रको सार ।**
**गुरुकार्यले नै गर्छ आत्म परिष्कार ।**



# शुभकार्यको शुभारम्भ शुभमुहूर्तमा



वराहमिहिरले शताब्दियौँपूर्व कालगणना गरेर यो सिद्ध गरेका थिए कि प्रत्येक दिन मानिसको शुभ र अशुभ दुवै प्रकारका समय आउँछन् र कालज्ञानअनुसार शुभ समयमा कार्य गरेमा निश्चय नै कार्यमा सफलता प्राप्त हुन्छ । यद्यपि ज्योतिषमा दिशासूल, योगिनी, चन्द्रमा आदिको उल्लेख छ र यो पनि बताइएको छ कि यी सबैलाई ध्यानमा राखेर नै शुभकार्य प्रारम्भ गर्नु पर्दछ । महिराचार्यका अनुसार यदि हामीलाई कालज्ञान छ भने यी कुराहरूलाई ध्यानमा राख्नु आवश्यक छैन किनकि कालज्ञान आफैमा अत्यन्त महत्त्वपूर्ण छ । यसैले यसमा व्यतिपात, दिशासूल आदिको अशुभ प्रभाव पर्दैन । यात्रा, विवाह, भेटघाटलगायतका कुनै पनि शुभकार्य प्रारम्भ गर्दा कालज्ञानअनुसार गरिएमा ती कार्यहरू सफल हुन्छन् भनेर मिहिराचार्य भन्दछन् ।

प्रस्तुत शुभ समयहरू (सर्वश्रेष्ठ तथा श्रेष्ठ) परमपूज्य सद्गुरुदेव डा. नारायण दत्त श्रीमालीज्यूद्वारा रचित हिन्दी ग्रन्थ 'ज्योतिष और काल निर्णय'मा आधारित रहेर तयार पारिएको हो ।

**२०८२ कात्तिक २, ९, १६, २३ र ३० गते आइतबार**

**सर्वश्रेष्ठ–** दिन ६:००–६:४८, रात्रि ६:४८–७:३६, ३:३६–४:२४

**श्रेष्ठ–**दिन ६:४८–१०:००, रात्रि ८:२४–१०:००, ४:२४–६:००

**२०८२ कात्तिक ३, १०, १७ र २४ गते सोमबार**

**सर्वश्रेष्ठ–** रात्रि ७:३६–९:१२

**श्रेष्ठ–** दिन ६:००–७:२४, १०:४८–१:१२, ३:३६–५:१२
रात्रि ९:१२–१०:००, १:१२–२:४८

**२०८२ कात्तिक ४, ११, १८ र २५ गते मंगलबार**

**सर्वश्रेष्ठ–** रात्रि ७:३६–९:१२, ३:३६–४:२४

**श्रेष्ठ–** दिन ६:००–८:२४, १०:००–१२:२४, ४:३६–५:१२
रात्रि ९:१२–१०:००, १२:२४–२:००, ४:२४–६:००

**२०८२ कात्तिक ५, १२, १९ र २६ गते बुधबार**

**सर्वश्रेष्ठ–** दिन ३:३६–४:२४, रात्रि ९:१२–१०:४८

**श्रेष्ठ–** दिन ७:३६–९:१२, ११:३६–११:५४, ४:२४–६:००
रात्रि ६:४८–९:१२, २:००–६:००

**२०८२ कात्तिक ६, १३, २० र २७ गते बिहीबार**

**सर्वश्रेष्ठ–** रात्रि ७:३६–९:१२

**श्रेष्ठ–** दिन ६:००–८:२४, १०:४८–१:१२, ४:२४–६:००
रात्रि ९:१२–१०:००, १:१२–२:४८, ४:२४–६:००

**२०८२ कात्तिक ७, १४, २१ र २८ गते शुक्रबार**

**सर्वश्रेष्ठ–** रात्रि १:१२–३:३६

**श्रेष्ठ–** दिन ६:४८–१०:२४, ४:२४–५:१२
रात्रि ८:२४–१०:४८, ४:२४–६:००

**२०८२ कात्तिक १, ८, १५, २२ र २९ गते शनिबार**


**श्रेष्ठ–** दिन १०:३६–१२:२४, ३:३६–५:१२
रात्रि ८:२४–१०:४८, २:००–३:३६, ४:२४–६:००

नोटः- दिन भन्नाले बिहान ६:00 देखि साँझ ६:00 सम्म रात्रि भन्नाले साँझ ६:00 देखि अर्को बिहान ६:00 सम्म







संस्थाबाट सम्पन्न हवन कार्यक्रमलगायतका तस्बिरहरू








# सिद्धाश्रम शक्ति केन्द्रका गतिविधिहरू

## दिव्य गुरू महोत्सव

परमपूज्य सद्गुरुदेव डा. नारायण दत्त श्रीमालीज्यू (परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराज) अवतरित हुनुभएको अङ्ग्रेजी महिनाको २१ तारिखलाई दिव्य गुरु महोत्सवको रूपमा मनाउने क्रममा सिद्धाश्रम शक्ति केन्द्रले गत भाद्र ५ गते तनुसार Oct. 21 तारिखका दिन कार्यक्रमलाई हर्षोल्लासपूर्वक मनायो। केन्द्रीय आश्रम भवन बसुन्धरामा सम्पन्न कार्यक्रममा निखिल स्तवन, गोरक्ष स्तवनको सस्वर पाठ, गुरु पादुका पूजन, मन्त्रजप, हवन, गुरु आरतीलगायत भजनकीर्तन कार्यक्रमहरू सम्पन्न भएका थिए। कार्यक्रम बिहान १०:१५ देखि शुरु भएको थियो। पूजन कार्यक्रममा केन्द्रीय संयोजकद्वय तथा सावरपन्थी, सावरमातृकाज्यू र सारदा पुडासैनीले पूजन गर्ने सौभाग्य पाउनु भएको थियो।

संस्थाका अन्य स्थानमा रहेका सम्पर्क कार्यालय र मिसन गोरक्ष निखिल ज्योति दिव्य विद्याश्रममा प्रत्येक अंग्रेजी महिनाको २१ तारिख दिव्य गुरु महोत्सव मनाइएको थियो।

## गोरक्ष प्रकट तिथि

परमपूज्य सद्गुरुदेवहरूको कृपा, आशीर्वादस्वरूप सिद्धाश्रम शक्ति केन्द्रले प्रत्येक महिनाको पूर्णिमामा गोरक्ष प्रकट तिथि कार्यक्रम मनाउँदै आइरहेको छ। गत आश्विन २० गते एक भव्य कार्यक्रमका बीच गोरक्ष प्रकट तिथि कार्यक्रम मनाइएको थियो।

परमपूज्य सद्गुरुदेव श्री श्री महायोगी गुरु गोरखनाथ वैशाखी पूर्णिमाका दिन प्रकट हुनुभएको सम्झनामा गोरक्ष प्रकट प्रत्येक महिना पूर्णिमाका दिन यस कार्यक्रमलाई मनाउने गरिन्छ।

कार्यक्रममा पूजन, नवनाथ स्तोत्रको पाठ, हवन, मन्त्रजप, भजनकीर्तन आदि सम्पन्न भएका थिए। कार्यक्रम बिहान १० बजेबाट शुरु भएको थियो।

गोरक्ष प्रकट तिथिलाई सिद्धाश्रम शक्ति केन्द्रका विभिन्न जिल्लामा रहेका आश्रमहरूमा पनि हर्षोल्लासपूर्वक मनाइएको थियो।

## मासिक हवनहरू

सिद्धाश्रम शक्ति केन्द्रले प्रत्येक महिना मासिक हवन कार्यक्रमहरू सम्पन्न गर्दै आइरहेको छ। आश्विन महिनामा निम्न हवन कार्यक्रमहरू निम्न समय, स्थानमा निम्नानुसार सम्पन्न भए– आश्विन ६ गते सोमबार– श्री शिव गोरक्ष हवन गोरखनाथ मन्दिर, पशुपति, मृगस्थली, बिहान ८-९ बजे। आश्विन ७ गते मंगलबार– तां. वटुक भैरव हवन, वटुक भैरव मन्दिर, लगनखेल, बिहान ७-८ बजे। आश्विन १ गते बुधबार– तां. महालक्ष्मी हवन, महालक्ष्मी मन्दिर, लगनखेल, बिहान ८-९ बजे। आश्विन २ गते विहीबार– तां. बगलामुखी हवन, बगलामुखी मन्दिर, पाटन, बिहान ८-९ बजे।

त्यस्तै, मासिक हवनकै दिव्य क्रममा निम्न हवनहरू निम्न समय, स्थान र मितिमा सम्पन्न भएका थिए- आश्विन ६ गते सोमबार– श्री शिव गोरक्ष हवन, चितवन तथा कास्की, बिहान ८-९ बजे। आश्विन ७ गते मंगलबार– तां. गणपति हवन, सूर्यविनायक, भक्तपुर, बिहान ७-८ बजे। आश्विन १ गते बुधबार– तां. विन्ध्यवासिनी हवन, विन्ध्यवासिनी मन्दिर, पोखरा, कास्की, बिहान ८-९ बजे। आश्विन २ गते विहीबार– तां. वेदव्यास हवन, वेदव्यास गुफा, तनहूँ, बिहान ८-९ बजे। आश्विन ७४गते शनिबार– तां. बाघ भैरव हवन, बाघ भैरव मन्दिर, कीर्तिपुर, समय बिहान ८-९ बजे। आश्विन २७ गते सोमबार– तां. भगवान् शिव हवन, गोरक्ष निखिल गुरुधाम, कोलमतेश्वर मन्दिर, बिहान ८-९ बजे। आश्विन २५ गते शनिबार– तां. विष्णुदेवी हवन, विष्णुदेवी मन्दिर, तीनथाना, बिहान ७:३०-९ बजे। आश्विन ११ गते शनिबार– तां. सिद्धिकाली हवन, सिद्धिकाली मन्दिर, टिमी, बिहान ८-९ बजे।

# दीपावली सतर्कतापूर्वक मनाऔं ।

**दीपालीको समयमा:**

- मैनबत्ती, दीयो तथा विद्युतीय बत्ती प्रयोग गर्दा आगजनी हुन सक्छ,

**त्यसबाट बच्न:**

- दीयो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- बालबालिकाले भेट्ने गरी दीयो, मैनबत्तीलगायतका प्रज्वलनशील पदार्थ नराखौं,
- पर्दा वा झ्याल ढोकाको नजिकै तथा काठका फर्निचरमाथि दीयो तथा मैनबत्ती नराखौं,
- मैनबत्ती, दीयो, बालिसकेपछि ननिभेसम्म निगरानी गरौं,
- धेरै विद्युतीय उपकरण प्रयोगका कारण विद्युत सट भई आगो लाग्न सक्ने हुँदा कम प्रयोग गरौं,
- एक्सटेन्सन प्लगको क्षमताअनुसार मात्र बत्तीको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं ।

**आगजनीबाट बचौं र बचाऔं ।**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

म.क्षे.हु.नि.द.नं. ०२/०८१/८२ का.जि.प्र.का.द.नं. ७०/०५६



सिद्धाश्रम शक्ति केन्द्रका विभिन्न आश्रमहरुबाट महाअष्टमी हवन हुँदै गर्दाको दृश्यहरू